सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ फागुन २०७९, शुक्रबार (3 March 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३१३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

राष्ट्रपति भण्डारी र उपराष्ट्रपति पुनलाई पनि अवकाशपछि कानुन नबनाईकनै सेवा-सुविधा दिने तयारी

कानुन बनाएर मात्रै पूर्वविशिष्टहरूलाई सुविधा दिन ११ वर्षअघि नै सर्वोच्चको आदेश, तर अहिलेसम्म मन्त्रिपरिषद्को निर्णयबाटै सुविधा दिइँदै







गृहको मापदण्डअनुसार नै सुविधा हुन्छ

नारायणप्रसाद भट्ट, सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पूर्वविशिष्ट पदाधिकारीलाई दिने सुविधाबारे गृह मन्त्रालयको मापदण्ड नै छ। त्यही मापदण्डअनुसार सेवा-सुविधा हुन्छ। आवश्यक व्यवस्थापन गरिदिन भनेर हामीले गृह मन्त्रालयलाई पत्राचार गरेका छौं। यस सम्बन्धमा सहजीकरण मात्र गरेका हौं।

> राजनीतिक नेतृत्वले मात्र होइन, पूर्वप्रधानन्यायाधीशहरूले समेत सर्वोच्चकै आदेशविपरीत सुविधा लिँदै

नवराज मैनाली/नयाँ पत्रिका

राष्ट्रपति विद्यादेवी भण्डारी र उपराष्ट्रपति नन्दबहादुर पुनको पदावधि सकिनै लाग्दा सरकारले अवकाशपछि उनीहरूलाई सेवा-सुविधा दिने तयारी थालेको छ। सर्वोच्च अदालतको आदेशविपरीत कानुन नबनाईकनै मन्त्रिपरिषद्बाटै निर्णय गरेर उनीहरूलाई भत्ता, आवास मर्मत खर्च, सहयोगी, गाडी र इन्धनलगायतका सुविधा दिन लागिएको हो।

गृह मन्त्रालयले चाँडै यससम्बन्धी प्रस्ताव

» पृष्ठ ११ मा क्रमशः

■ आफ्नै घरमा सर्दै राष्ट्रपति र उपराष्ट्रपति, सरकारले मासिक मर्मत खर्च दिने




बुढानीलकण्ठ नगरपालिकाको भंगालमा राष्ट्रपति विद्यादेवी भण्डारीको निजी निवास पुनर्निर्माण हुँदै छ। उनले आफ्नै खर्चमा घर मर्मत गरिरहेको सचिवालयले जनाएको छ। अहिले इन्टेरियर र एक्स्टेरियरको काम धमाघम चलिरहेको छ। राष्ट्रपति भण्डारीलाई अवकाशपछि सरकारले घर मर्मतका लागि एक लाख, भत्ता ५० हजार र इन्धन २०७ लिटर मासिक रूपमा उपलब्ध गराउनेछ। त्यस्तै, गाडी, स्वकीय सचिव, सहयोगी र चालक पनि उपलब्ध गराउनेछ। घरको बिजुली, पानी, पत्रपत्रिका, इन्टरनेट, टेलिफोनको खर्च सरकारले व्यहोर्नेछ। यसबाहेक २१ सुरक्षाकर्मी खटाइनेछन्। तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका



उपराष्ट्रपति नन्दबहादुर पुनले चन्द्रागिरि नगरपालिका दहचोकमा निजी निवास निर्माण गरिसकेका छन्। 'फिनिसिङ'को केही काम मात्र बाँकी छ। कार्यकाल सकिएपछि उनले पनि निजी निवासमै सर्ने तयारी गरेका छन्। सरकारले उनलाई अवकाशपछि घर मर्मतका लागि ८० हजार, भत्ता ४० हजार र इन्धन २०७ लिटर मासिक रूपमा उपलब्ध गराउनेछ। पूर्वउपराष्ट्रपतिका हैसियतमा पुनले गाडी, चालक, एक सहयोगी, एक पिएसओ पनि सुविधा पाउनेछन्। तत्काल नयाँ गाडी खरिद गर्न समय नभएकाले राष्ट्रपति-उपराष्ट्रपति दुवैलाई अवकाशपछि पुरानै गाडी उपलब्ध गराउने सरकारको तयारी छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ पूर्वराष्ट्रपति यादवलाई वार्षिक ५० लाखको सेवा-सुविधा



पूर्वराष्ट्रपति डा. रामवरण यादव बसेको घरको मासिक भाडा एक लाख ९२ हजार छ। घरभाडासहित बिजुली, पानी, पत्रपत्रिका, इन्टरनेट, टेलिफोनको खर्च सरकारले उपलब्ध गराउँदै आएको छ। त्यस्तै, मासिक ५० हजार भत्ता, इन्धन २०७ लिटर तथा गाडी, उपसचिवस्तरको एक स्वकीय सचिव, कार्यालय सहयोगी, एक सवारीचालक र २१ सुरक्षाकर्मी पनि दिइएको छ। उनको सेवा-सुविधामा वार्षिक करिब ५० लाख खर्च हुँदै आएको गृहको तथ्यांक छ। काठमाडौंमै घर भए पनि साँघुरो भएको भन्दै डा. यादव ललितपुरमा भाडाको घरमा बस्छन्। यसबाहेक उनले अहिलेसम्म राज्यबाट एक करोडभन्दा धेरै उपचार खर्च लिइसकेका छन्।

■ पूर्वउपराष्ट्रपति झाले मागे सात वर्षको सेवा-सुविधा, त्यो पनि पूर्वराष्ट्रपतिबराबर



गणतन्त्र स्थापनापछिका पहिलो उपराष्ट्रपति परमानन्द झाले पूर्वन्यायाधीशको हैसियतमा पेन्सन लिइरहेकाले सरकारले उनलाई गाडी र पिएसओबाहेकका सुविधा उपलब्ध गराएको छैन। सरकारले दिएको सेवा-सुविधा कम भएको भन्दै उनले दुई महिनाअघि थप सुविधाका लागि गृह मन्त्रालयमा निवेदन दिएका छन्। कार्यकाल सकिएपछि ०७३ सालदेखिका आफ्ना स्वकीय सचिव र चालकलाई राज्यले तलब दिनुपर्ने उनको माग छ। साथै आफूले पूर्वराष्ट्रपतिबराबरकै सुविधा पाउनुपर्ने जिकिर निवेदनमा गरिएको छ। झाको निवेदनउपर कुनै निर्णय भने भइसकेको छैन। अवकाशपछि उनी गौरीघाटस्थित आफ्नै घरमा बस्दै आएका छन्।

आठ वर्षपछि नेपाल यू-१९ क्रिकेट विश्वकपमा



यू-१९ विश्वकपमा नेपाल 'जायन्ट किलर'

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली यू-१९ क्रिकेट टोली सन् २०२४ मा श्रीलंकामा हुने आइसिसी विश्वकप क्रिकेट प्रतियोगिताका लागि छनोट भएको छ। सन् २०१६ को यू-१९ विश्वकपमा बंगलादेशसँग क्वार्टरफाइनल खेलेको नेपाल त्यसयता सात वर्षसम्म छनोट हुन सकेको थिएन।

बिहीबार राउन्ड रोबिन लिगको अन्तिम तथा निर्णायक खेलमा आयोजक युएईलाई सात रनले हराउँदै सर्वाधिक १० अंकसहित नेपालले समूह विजेता बनेर विश्वकपमा स्थान पक्का गरेको हो। युएईको अजमानमा टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ४८.५ ओभरमा सबै विकेट गुमाई एक सय ९१ रनको मध्यम योगफल खडा गरेको थियो। प्रत्युत्तरमा युएई ४८ ओभरमा एक सय ८४ रनमै समेटियो। राउन्ड रोबिन लिगमा अपराजित रहँदै विश्वकपमा स्थान पक्का गर्दा नेपालका दीपेश कँडेलले युएईविरुद्ध ह्याट्रिक गरे। सन् २०१८ को छनोट खेलको अन्तिम खेलमा नेपाल अफगानिस्तानसँग पराजित भएको थियो। त्यसपछिका संस्करणमा युएई नेपालमाथि हाबी हुँदै आएको थियो।

सन् २०२० मा दक्षिण अफ्रिकामा भएको विश्वकपका लागि निर्णायक छनोट खेलमा नेपाल युएईसँग डकवर्थ लेविस नियममा एक रनले स्तब्ध भएको थियो। सन् २०२२ मा

» पृष्ठ ११ मा क्रमशः

४७औं ओभरमा दीपेश कँडेलको ह्याट्रिक



दीपेश कँडेलले आफ्नो अन्तिम स्पेल बलिङ गरेका थिए। उनले सुरुका तीन बलमा तीन रन मात्र खर्चिए। नेपाल हारनजिक पुगिसकेको थियो। युएईलाई १५ बलमा आठ रन मात्र आवश्यक थियो। त्यसपछि कँडेलले सनसनीपूर्ण बलिङ मात्र गरेनन्, नेपाललाई विश्वकपमा समेत पुऱ्याए। इनिङ्सको ४७.४ ओभरमा उनले हर्सिद सेथलाई बोल्ड गरे। ४७.५ ओभरमा उनैले हरित सेट्टीलाई कप्तान देव खनालबाट क्याच आउट गराए। ४७.६ ओभरमा मनिस गजेसलाई बोल्ड गरी नेपाललाई ऐतिहासिक जित दिलाए। ह्याट्रिक गरेका कँडेलले १० ओभरमा ३१ रन खर्चेर पाँच विकेट लिए।

देव खनालले बनाए अर्धशतक



नेपालको धर्मराएको ब्याटिङ इनिङ्सलाई कप्तान देव खनाल र उत्तम थापमगरले उकासेका थिए। दुवैले चौथो विकेटका लागि ८४ रनको साझेदारी गर्दै नेपाललाई १०३-४ को स्थितिमा राखे। उत्तमले ४८ बलमा तीन चौका र एक छक्का प्रहार गरी ३६ रनको योगदान दिए। देवले पनि आफ्नो विकेट २७.५ ओभरमा गुमाए। उनले ८४ बलमा तीन चौका र एक छक्काको सहयोगमा महत्त्वपूर्ण ५१ रनको योगदान दिए।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

उपरथी शाहीलाई सेवाबाट बर्खास्त गर्ने सैनिक अदालतको फैसला

महासेनानी शाह र प्रमुख सेनानी तिमल्सिनाको एक अवधि बढुवा रोक्का

नयाँ पत्रिका

सैनिक अदालतले हिरासतमा राखिएका सेनाका उपरथी प्रेम शाहीलाई सेवाबाट बर्खास्त गर्ने फैसला गरेको छ। त्यस्तै, महासेनानी महेन्द्रजंग शाह र प्रमुख सेनानी कुलदीप तिमल्सिनाको एक अवधि बढुवा रोक्का गरिने भएको छ।

सैनिक मुख्यालय भद्रकालीस्थित अदालतमा बिहीबार भएको फैसलासँगै उपरथी शाही, महासेनानी शाह र प्रमुख सेनानी तिमल्सिना हिरासतमुक्त भएका छन्। उनीहरूलाई सेनाले परिवारको सदस्यलाई जिम्मा लगाएर घर पठाएको छ। सैनिक प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले उपरथी शाहीलाई सेवाबाट अवकाश गर्ने तथा शाह र तिमल्सिनालाई सैनिक ऐनअनुसार कारबाही गर्ने फैसला भएको बताए।

'आर्थिक अनियमितता कसुर टुंगो लगाउन सैनिक अदालत गठन भएको थियो। अदालतले बिहीबार नै प्रेम शाहीलाई सेवाबाट हटाउने फैसला गरेको छ। उहाँको कसुर पुष्टि भएको छ। त्यस्तै, शाह र तिमल्सिनालाई सैनिक ऐनअनुसार कारबाही गर्ने भनिएको छ। तर, उहाँहरूलाई सेवाबाट बर्खास्त गर्ने भनिएको छैन। कारबाही सामान्य प्रकृतिकै भएको बुझेको छु,' प्रवक्ता भण्डारीले भने।

शाही गत २० पुसदेखि सैनिक हिरासतमा थिए। उनलाई सघाएको भन्दै १४ फागुनमा शाह र तिमल्सिनालाई पनि हिरासतमा लिइएको थियो। सेनाले उपरथी शाहीलाई आर्थिक हिनामिना गरेको अभियोग लगाएको थियो। अदालतले शाहीमाथिको अभियोग पुष्टि भएपछि सेवाबाट बर्खास्त गरिएको सेनाले जनाएको छ। शाहीलाई सहयोग गरेको भन्दै सैनिक विद्रोह (मटिनी)को अभियोग लगाइएका महासेनानी शाह र प्रमुख सेनानी तिमल्सिनालाई भने अदालतले सैनिक ऐनअन्तर्गतको सामान्य कसुर लगाउँदै बढुवा रोक्का गर्ने फैसला भएको छ।



सेनाका उपरथी प्रेम शाही

उनीहरूविरुद्ध अब फैसला गरिनुपर्ने कुनै कसुर नभएको हुँदा कानुनअनुसार परिवारको जिम्मा लगाएर घर पठाइएको सैनिक प्रवक्ता सहायक रथी भण्डारीले बताए। उनले भने, 'उहाँहरूविरुद्ध अनुसन्धान गर्नुपर्ने र फैसला हुनुपर्ने कुनै कसुर छैन। अदालतले सबै विषय टुंगो लगाएको छ। त्यसो हुँदा उहाँहरूलाई कानुनअनुसार परिवारको जिम्मा लगाउने काम भएको छ।'

सेनाले मुद्दा फैसलाका निम्ति उपरथी ताराध्वज पाण्डेको नेतृत्वमा सैनिक अदालत गठन गरेको थियो। यसअघि अभियोगका सम्बन्धमा अनुसन्धान गर्न सेनाले कोर्ट अफ इन्क्वाइरी गठन गरेको थियो।

» पृष्ठ ११ मा क्रमशः

रिक्त स्थानमा उपनिर्वाचन एकैसाथ

काठमाडौं/ राष्ट्रपति निर्वाचनसँगै प्रतिनिधिसभा सदस्यतर्फ रिक्त हुने क्षेत्रको उपनिर्वाचन पनि चितवन २ सँगै एकसाथ गरिने भएको छ। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाका अनुसार चितवन २ का साथै अब रिक्त हुन सक्ने क्षेत्रको उपनिर्वाचन एकसाथै हुनेछ।

चितवन २ मा १० वैशाखमा उपनिर्वाचन हुनेछ। त्यसबाहेक २५ फागुनमा तय भएको राष्ट्रपति निर्वाचनमा उम्मेदवार रहेकामध्ये निर्वाचित हुनेको क्षेत्रमा उपनिर्वाचन हुनेछ। राष्ट्रपति निर्वाचनमा तनहुँ १ बाट रामचन्द्र पौडेल र इलाम २ बाट सुवासचन्द्र नेम्वाङ उम्मेदवार छन्। यी दुईमध्ये निर्वाचित हुनेबाट एक पद रिक्त हुनेछ। त्यस क्षेत्रमा संसदीय उपनिर्वाचन हुनेछ।



यसैगरी, ३ चैतमा तय भएको उपराष्ट्रपति निर्वाचनमा सांसद उम्मेदवार भएर रिक्त रहेमा उक्त निर्वाचन क्षेत्रमा पनि उपनिर्वाचन हुने थपलियाले बताए। 'रिक्त रहेका क्षेत्रमा एकसाथ उपनिर्वाचन हुनेछ, यसले खर्च पनि घटाउँछ,' थपलियाले भने, 'रिक्त भएको चितवन २ र रिक्त भएमा अरू क्षेत्रमा पनि १० वैशाखमा उपनिर्वाचन सक्ने गरी काम हुनेछ।'

वेश्यावृत्तिमा लगाउन युगान्डादेखि काठमाडौं ल्याइन्छन् युवती

प्रतिमहिना पाँच सय डलर कमाइ हुने प्रलोभनमा युवती ल्याउने इम्माकुलेट नाम्बसेम्बा पक्राउ

टेकराज थामी/नयाँ पत्रिका

काठमाडौंका होटेलमा वेश्यावृत्तिमा संलग्न युगान्डाका ६ युवती फेला परेका छन्। अफ्रिकी मुलुक युगान्डादेखि युवती ल्याउने २५ वर्षीया नतासा भनिने इम्माकुलेट नाम्बसेम्बा पक्राउ परेपछि उनले युगान्डाका युवती काठमाडौंसम्म ल्याएर वेश्यावृत्तिमा लगाउने गरेको खुलेको हो।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले काठमाडौंका होटेलमा वेश्यावृत्तिमा युगान्डाका ६ जना युवती संलग्न भएको भेटिएको जनाएको छ। जबर्जस्ती वेश्यावृत्तिमा लगाइएकी युगान्डाकै एक युवतीले जाहेरी दिएपछि प्रहरीले नतासालाई पक्राउ गरेको हो। अन्यले भने प्रहरीमा जाहेरी दिएका छैनन्। ब्युरो प्रमुख एसएसपी जीवन श्रेष्ठले काठमाडौंमा वेश्यावृत्तिमा लगाउन युगान्डादेखि युवती ल्याउने गरिएको भेटिएको बताए। 'काठमाडौंका होटेलमा युगान्डादेखि युवती ल्याउने गरिएको भेटिएको छ। सो कार्यमा संलग्न एकजना पक्राउ परेका छन्। उनीविरुद्ध एक पीडितले जाहेरी दिएकी छिन्। सम्पर्कमा रहेका अन्यले भने जाहेरी दिएका छैनन्। अनुसन्धान हुँदै छ,' उनले भने।

प्रहरीका अनुसार पक्राउ परेकी नतासाले प्रतिमहिना पाँच सय

» पृष्ठ ११ मा क्रमशः

■ यसरी बाहिरियो यौनधन्दाको रहस्य



इम्माकुलेट नाम्बसेम्बा

नतासाले गत १४ माघमा युगान्डाकी एक युवतीलाई दिदीमार्फत फकाएर काठमाडौं ल्याइन्। होटेल र हवाई खर्च आफैंले व्यहोरिन्। त्यसवेला उनलाई होटेलमा वेट्रेसको काम भनिएको थियो। प्रतिमहिना पाँच सय अमेरिकी डलर कमाइ हुने प्रलोभन दिइएको थियो। पर्यटन भिसामा युवती नेपाल आइन्। नतासाले उनलाई ठमेलस्थित होटेल जर्नी होममा लगेर राखिन्। केही दिन काम दिइनन्। युवतीले कामबारे सोध्न थालिन्। त्यसपछि नतासाले उनलाई यौनधन्दाबारे बताइन्। युवतीले धन्दा गर्न अस्वीकार गरिन्। स्वदेश फर्कन जहाजको टिकट पनि काटिन्। तर, नतासाले उनलाई विभिन्न प्रलोभन देखाइन्। युवती धन्दा गर्न राजी भइन्। उनले दैनिक सातजनासम्म ग्राहकलाई सेवा दिनुपर्थ्यो। यही क्रममा युवती बिरामी परिन्। धन्दा गर्न नसक्ने जानकारी नतासालाई दिइन्। तर, नतासाले उनलाई जबर्जस्ती धन्दामा लगाइरहिन्।

पीडा बढ्दै गएपछि युवतीले स्वदेश फर्कन पुनः जहाजको टिकट काटिन्। गत १४ फागुनमा स्वदेश फर्कन उनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगिन्। टिकट लिन काउन्टर गाइन्। तर, टिकट यसअघि नै नतासाले रद्द गराएको जानकारी पाइन्। उनी रन्थनिइन्। सहयोग माग्न हारगुहार गर्न थालिन्। यही क्रममा उनी विमानस्थलस्थित प्रहरीको सम्पर्कमा पुगिन्। सोधपुछका क्रममा उनले घटनाको बेलीविस्तार लगाइन्। विमानस्थल प्रहरीले थप अनुसन्धानका लागि उनलाई मानव बेचबिखन अनुसन्धान ब्युरो पठायो। उनले ब्युरोमा जाहेरी दिइन्। प्रहरीले अनुसन्धान सुरु गऱ्यो। लगत्तै प्रहरीले नतासालाई पक्राउ गरेको थियो।

तार व्यवस्थित गर्दै ललितपुर महानगरपालिका

नयाँ पत्रिका
काठमाडौं, १८ फागुन

ललितपुर महानगरपालिकाले नगर क्षेत्रका अव्यवस्थित तार व्यवस्थित गर्न अभियान चलाएको छ। यस्ता तारका कारण सहर कुरूप देखिनुका साथै दुर्घटनासमेत हुन थालेपछि महानगरपालिकाले बिहीबारदेखि अभियान सुरु गरेको हो।

महानगरपालिकाका सूचना अधिकारी देवप्रसाद गुरागाईंका अनुसार बिहीबार अशोक स्तूपा क्षेत्रका पोल र घरका भित्तामा गुजुल्टिएका तार हटाइएको छ। 'आज सम्पदा क्षेत्रमा छरिएका, गुजुल्टिएका तार व्यवस्थित बनाउन सुरु गर्‍यौं,' सूचना अधिकारी गुरागाईंले भने, 'अव्यवस्थित तारका कारण आगलागीको जोखिम बढ्नुका साथै सहर नै कुरूप देखियो।' तार व्यवस्थापनका लागि यसअघि सार्वजनिक सूचनासमेत जारी भएको थियो भने बुधबार इन्टरनेट सेवाप्रदायक कम्पनी, नेपाल टेलिकम, विद्युत् प्राधिकरणलगायतलाई बोलाएर तार व्यवस्थापन गर्न बुधबार छलफल गरेको थियो।

छलफलमा महानगरका मेयर चिरिबाबु महर्जनले १० दिनभित्र सम्पदा क्षेत्रका तार व्यवस्थित गर्न निर्देशन दिएका थिए। १० दिनभित्र तार व्यवस्थित नभएर महानगरले काटिदिने बताए। महानगरले सबैभन्दा पहिला अशोक स्तूपा क्षेत्रवरपर टाँगिएका तार, कुम्भेश्वर मन्दिरपरिसर, पाटन दरबार क्षेत्र र रातो मच्छिन्द्रनाथको रथ निर्माण गरिने ठाउँ पुल्चोकस्थित रथखेलमा टाँगिएका तार व्यवस्थित गर्ने भएको छ।

ती क्षेत्रका तार व्यवस्थित भएपछि महानगरका अन्य क्षेत्रका तार व्यवस्थित गर्न लाग्नेछ। सूचना अधिकारी गुरागाईंका अनुसार सम्पदा क्षेत्रका तार व्यवस्थापनपछि महानगरभित्रका अन्य स्थानका तार व्यवस्थापन गरिनेछ। 'त्यसपछि अन्य ठाउँका तार क्रमशः व्यवस्थापन गर्छौं। सम्बन्धित निकायले पनि यस कार्यमा पूर्ण सहयोग गर्ने बताएका छन्,' उनले भने।

सिसडोलमा 'पोस्ट क्लोजिङ' कहिले ?

जनप्रतिनिधि भन्छन्- महानगरसँगका अधिकांश सम्झौता कार्यान्वयन भएनन्

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं उपत्यकाका १७ स्थानीय तहले नुवाकोटको बन्चरेडाँडामा फोहोर फाल्न थालेको करिब नौ महिना भयो। तर, यसअघि उपत्यकाको फोहोर व्यवस्थापन गरिने ठाउँ सिसडोलमा अझै 'पोस्ट क्लोजिङ' थालिएकै छैन। काठमाडौं महानगरले २६ जेठमा जनप्रतिनिधिसँग मध्यरातमा गरेको सम्झौताअनुसार सिसडोल 'पोस्ट क्लोजिङ' (पुर्ने)को वैज्ञानिक अध्ययन गराई प्रतिवेदनका आधारमा ६ महिनाभित्र कार्यान्वयन गर्ने उल्लेख रहेको छ। तर, हालसम्म पोस्ट क्लोजिङको अध्ययन अगाडि बढेको छैन। तीन वर्षका लागि भनेर १८ वर्ष फोहोर जम्मा गरिएको सिसडोल ल्यान्डफिल साइट 'पोस्ट क्लोजिङ' नहुँदा स्थानीय जनप्रतिनिधिले असन्तुष्टि जनाउन थालेका छन्।

■ 'पोस्ट क्लोजिङ' अर्को वर्ष सुरु हुने

सिसडोलवासीले असन्तुष्टि व्यक्त गर्न थाले पनि महानगरले भने 'पोस्ट क्लोजिङ'स्वरूप पुरानो फोहोर व्यवस्थापन सुरु गरेको र सम्झौताअनुसारको काम भइरहेको जनाइएको छ। महानगरका वातावरण विभाग प्रमुख रविनमान श्रेष्ठका अनुसार गत सातादेखि पुरानो फोहोर व्यवस्थापन सुरु भएको छ। 'पुरानो फोहोर व्यवस्थापन थालेका छौं। त्यो पनि 'पोस्ट क्लोजिङ'कै चरण हो,' वातावरण विभाग प्रमुख श्रेष्ठले भने, 'त्यहाँ रमणीय ठाउँ बनाउने कि, पार्कका रूपमा विस्तार गर्ने कि वा कम्पोस्टिङ गर्नेबारे छलफल भइरहेको छ। त्यसको निर्क्योल हुनेबित्तिकै टेन्डर आह्वान गर्छौं। त्यसपछि काम सुरु गर्दा नयाँ आर्थिक वर्ष लाग्छ।' महानगरले सिसडोललाई पहिलेकै स्वरूपमा ल्याउन बजेटको समस्या नभएको उनले बताए। त्यहाँ कुनै वेला फोहोर फालिन्थ्यो भन्ने खालको अवस्थासमेत नरहने गरी काम गर्ने उनको भनाइ छ।

गत सातादेखि सिसडोलको पुरानो फोहोर व्यवस्थापन सुरु भएको छ। त्यहाँ रमणीय ठाउँ बनाउने कि, पार्कका रूपमा विस्तार गर्ने वा कम्पोस्टिङ गर्नेबारे छलफल भइरहेको छ। त्यसको निर्क्योल हुनेबित्तिकै टेन्डर आह्वान गर्छौं।

श्रेष्ठका अनुसार महानगरले दैनिक रूपमा दुर्गन्ध नआउने अतिरिक्त पाँच गाडी औषधि छर्ने, ट्रकले खसालेको फोहोर टिप्नेलगायत काम गरिरहेको छ। बेलुका मात्र फोहोर लैजाने सम्झौता भने पूर्वाधार निर्माणको काम धेरै गर्न बाँकी भएकाले समय लाग्ने बताए।

महानगरले आर्थिक वर्ष ०७९/८० को बजेटमा सिसडोल ल्यान्डफिल साइट 'पोस्ट क्लोजर' तथा 'लिच्चड ट्रिटमेन्ट प्लान्ट' तथा पार्क निर्माणका लागि चार करोड रुपैयाँ विनियोजन गरेको थियो। महानगरवासीलाई फोहोर वर्गीकरणका लागि तीन प्रकारका 'वेस्टबिन' सहुलियतमा वितरण गर्न तीन करोड विनियोजन भएको थियो। गत जेठमा स्थानीयले फोहोर रोकेपछि महानगरले स्थानीय जनप्रतिनिधिको टोलीसँग १८ बुँदे सम्झौता गरेको थियो। सम्झौतापछि फोहोर व्यवस्थापन गर्ने भनेर पनि बजेट व्यवस्था गरेको थियो। तर, फोहोरमैला व्यवस्थापनमा महानगरले प्राथमिकताका साथ काम नगरेको सरोकारवालाको आरोप छ।

■ फोहोर वर्गीकरण कागजमा सीमित

काठमाडौं महानगरले गत वैशाखमा जारी गरेको सूचनामा १ साउनदेखि महानगरवासीले स्रोतमै फोहोर पृथकीकरण (वर्गीकरण) गर्नुपर्ने उल्लेख थियो। तर, उक्त कार्य अझै पनि सुरु हुन सकेको छैन। फोहोर छुट्याएर राख्ने ठाउँ अभाव भएको भन्दै महानगरले उक्त कार्य अगाडि बढाउन नसकेको जनाएको छ।

महानगरले १ साउनदेखि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, ०७७ र फोहोरमैला व्यवस्थापन ऐन, ०६८ को हबाला दिँदै महानगरवासीलाई स्रोतमै फोहोरको पृथकीकरण गर्न आग्रह गरेको थियो। घर वा कार्यालयमै फोहोर नछुट्याए महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, ०७७ र फोहोरमैला व्यवस्थापन ऐन, ०६८ अनुसार कसुर मानी प्रत्येकपटक पाँच सय रुपैयाँ जरिवाना गर्ने जनाएको थियो। कारबाही नै गर्ने चेतावनी दिए पनि उक्त कार्यको सुरुवात गर्न महानगरले नै सकेन।

फोहोरमैला व्यवस्थापन संघ नेपालका महासचिव मित्र घिमिरेका अनुसार महानगरका ४, ७ र १५ नम्बर वडामा फोहोर छुट्याएर संकलन भइरहेको छ। संघले २२ नम्बर वडामा पनि केही समयपछि फोहोर छुट्याउने तयारी गरिरहेको छ। संघका अनुसार १, २, ३, ५, ६, ८, ९, १०, ११, १३, १४, १६, १७, २६, २८, २९, ३० ३१ र ३२ वडामा पनि तयारी भइरहेको छ।

ककनी गाउँपालिका अध्यक्ष भन्छन्- पर्ख र हेरको अवस्थामा छौं



सिसडोल ल्यान्डफिल साइट रहेको ककनी गाउँपालिका अध्यक्ष सुमन तामाङका अनुसार 'पोस्ट क्लोजिङ' मात्र होइन, अन्य सम्झौतासमेत पालना भएका छैनन्। 'फोनमार्फत सम्झौता कार्यान्वयन गर्न कैयौंपटक भनिसक्यौं। 'पोस्ट क्लोजिङ' कहिले गर्ने वा कहिले सुरु हुनेबारे छलफल नै भएको छैन,' अध्यक्ष तामाङले भने, 'स्थानीयले सोधेका सोध्ये छन्। खबरदारी गरिरहेका छन्। हामी पर्ख र हेरको अवस्थामा छौं।' अध्यक्ष तामाङका अनुसार 'पोस्ट क्लोजिङ' मात्र होइन, महानगरसँग भएका अन्य कैयौं सम्झौता अलपत्र छन्। 'फोहोर चौबिसै घन्टा लैजान्छन्। लिच्चड नभ्कार्ने, फोहोर स्रोतमै वर्गीकरण गर्ने भनेको पनि हुन सकेको छैन,' उनले भने, 'सबै कामका लागि उहाँहरूले बेवास्ता गरिरहनुभएको छ। अब पनि त्यही कार्यले निरन्तरता पाए कार्यपालिका बैठकबाटै निर्णय गरेर फोहोर रोक्न बाध्य हुनेछौं। यस्तो हेपाहा प्रवृत्तिको परिणाम उहाँहरूले नै भोग्नुपर्नेछ।' काठमाडौं महानगरले भने 'पोस्ट क्लोजिङ'अन्तर्गत सो क्षेत्रलाई पार्किङ एरियामा रूपान्तरण गर्ने, हरियाली (ग्रिनरी) क्षेत्र बनाउने वा कम्पोस्टिङ गर्ने ठाउँका रूपमा विस्तार गर्ने भनेर निर्णय गर्न नसकेको उनले बताए।

हकदावीको सूचना

कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ८ (साविक पोखरा उ.म.न.पा. वडा नं. ८) मा बस्ने श्री सन्त बहादुर नेपालीको नाती, श्री चन्द्र बहादुर नेपाली को छोरा श्री होम बहादुर नेपालीको मिति २०७८/०९/२८ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं. ०४२०५०५०२५४६२५ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजकी श्रीमति ईश्वरी नेपालीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी वमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय
लेकसाईड, पोखरा
फोन नं:- ०६१- ४६६८७२
४६६८७४
फ्याक्स :- ०६१- ४६६८७५

सूचना

यस पियोर इनिर्जी लि.को बाँके जिल्लाको खजुरा गाउँपालिका वडा नं. ०८ स्थित ग्रिडमा आवद्ध सौर्य विद्युत आयोजना (१० मे.वा. ब्लक नं.२) नेपाल विद्युत प्राधिकरण सँग सम्पन्न विद्युत खरिद विक्रि सम्झौता बमोजिम गुणस्तर तथा उत्पादन परिक्षणको लागि स्वतन्त्र इन्जिनियरको आवश्यकता भएकोले इच्छुक व्यक्तिले यो कम्पनीको ठेगानामा सम्पर्क गर्नका लागि अनुरोध छ ।

शर्तहरू

१. सम्बन्धित कार्यमा दक्ष भएको हुनुपर्ने ।
२. पारिश्रमिक आपसी सहमतिवाट ।

श्री पियोर इनर्जी लिमिटेड
का.म.पा.- १३, रेडक्रस मार्ग, सोल्टीमोड, काठमाण्डौं नेपाल
फोन नं.: ०१-४६७१२००,
इमेल : info.hydro@golyangroup.com

K.I Singh Rural Municipality
Office of the Executive
Wayal, Doti
Sudurpashim Province, Nepal

Invitation for Bids for procurement of Fabricated Steel Parts for Short Span Trail Bridges(SSTB)

Date of first Publication: 2079/11/19(03 March 2023)

Notice No: 06/2079-080
Contract Identification No: K.I. Singh Rural Municipality/Doti/TB-SWAp/FP/06/2079-080
National Daily :

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to K I Singh Rural Municipalityfor **Trail Bridge Program** and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The KI singhRural Municipalityinvites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of K.I.Singh Rural Municipality .
5. Bidding documents may be purchased from the office of K.I Singh Rural Municipality, Doti Nepalby eligible Bidders, on submission of awritten application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table and bid document fee should be deposited in

   A/C No : 1060064068600016
   Bank : NMB BANK NEPAL
   Branch : Wayal, Doti

   until the (last date of purchase of bidding document) **(2079/12/03*)*** from the first date of publicationof this notice.
6. Bids must be submitted to the office of K.I.Singh Rural Municipality, Wayal Nepal before **12:00 noon** on**17,,,March,2023**. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 on ***(17,March,2023)***at the office of K.I.Singh Rural Municipality, wayal , Nepal. **Bids must be valid for a period of 90 daysafter bid opening and must be accompanied by bid security, amounting to a minimum of 2.5 % of the quoted Bid amount (inclusive of VAT), which shall be valid for 30 daysbeyond the bid validity period.**
8. If bidder wishes to submit the **Bid Securityin the form of cash**, bidder has to **deposit cash in** NMB BANK NEPAL **BranchAccount No**1060064068600016**K.I.Singh Rural Municipality, Wayal ,Doti ,** and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. **Pre-Bid Meeting shall be held at the office of K.I.SinghRural Municipality, Wayal,Dotion 16, March, 2023.**
11. The name and identification of the contract are as follows:
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Description of Work (Fabrication Package)	Estimated Amount, NRs (including VAT)	Bid Security Amount (Rs.)	Bid Document Fee (Rs.)
Fabrication of steel parts and transportation Karkisera SSTB span 118.00m up to Road head K.I Singh RMP ChaudGaun , Doti	**1871432.39**	**47000**	**3000**

Chief Administrative Officer

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा

प्राविधिक प्रस्ताव स्वीकृति तथा आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना

यस कार्यालयको निम्न ठेक्काहरूको सम्बन्धमा अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही बोलपत्र देहायबमोजिम भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ संशोधनसहितको नियम ३१ ङ को उपनियम ५ बमोजिम निम्नबमोजिमको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरी प्राविधिक प्रस्ताव स्वीकृतिका लागि छनौट भएको सूचना सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ।

Contract Number	Description of works	Name and Address of successful bidders	Opening date, time and venue
KLGD/W/NCB/ PIP/06/079/080	Piugha Lift. Irrigation Project	D.S. Nirman Sewa/ N and A construction JV	२०७९/११/२६ गते १२:०० बजे, कालिगण्डकी गाउँकार्यपालिकाको कार्यालय, स्याङ्जा
KLGD/W/NCB/ TIP/07/079/080	Tanglewa Lift. Irrigation Project	D.S. Nirman Sewa/ N and A construction JV	

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Plant Quarantine and Pesticide Management Center
Hariharbhawan, Lalitpur

LETTER OF INTENT TO AWARD THE CONTRACT

Date of Publication: 3rd March, 2023(2079/11/19)

This is to notify to all the bidders that, it is our intention to award the contract for execution of the **Construction of SPS laboratory cum office building, Contract Identification Number: SRCTIP/PCO/PQPMC/W/RFB-1** (Date of first notice: December 14,2022) to following substantially responsive lowest evaluated bidder. Corresponding lowest evaluated substantially responsive bid is selected in accordance with ITB 39.1 of the bidding document and this notice is published as per PPA 2063 clause 27.2 & 27.3.

S.N.	Name of contract	Contract Identification No.	Name & Address of Successful Bidder	Bid Amount (Without VAT &PS)
1	Construction of SPS laboratory cum office building	SRCTIP/PCO/PQPMC /W/RFB-1	Jana Adarhsa Nirman Sewa Pokharichaur, Kavre	NRs. 1,87,55,576.60

त्रिवेणी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तोली बाजुरा
सुदुरपश्चिम प्रदेश

प्राविधि प्रस्तावको मुल्यांकन तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि पुनः सूचना

प्रकाशित मिति : २०७९/११/१५

मिति २०७९ माघ ८ गते नयाँ पत्रकिमा प्रकाशित ठेक्का नं. TM/NCB/WORKS/1S2E/01/2079। 80 विद्युतिय बोलपत्र आव्हान गरिएकोमा यो सूचना म्याद भित्र पेश हुन आएका ३ वटा बोलपत्रको प्राविधिक प्रस्ताव सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ६० बमोजिम पुनः मुल्यांकन गर्दा देहाय बमोजिमका बोलपत्रहरुको प्राविधिक प्रस्ताव स्विकृतिका लागि सिफारीस भैई आएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५४ (क) परियोजनार्थ को सूचना प्रकाशित गरिएको छ। साथै उल्लेखित बोलपत्रहरुको आर्थिक प्रस्ताव मिति २०७९/११/२६ गते दिउँसो १:०० बजे नगरपालिकाको कार्यालयमा खोलिने व्यहोरा समेत जानकारी गरिन्छ।

सि.न.	प्राविधिक मुलयांकनमा छनौट भएका बोलपत्र दाताहरको नाम	कैफियत
१.	RARA TENJEIN/DHOOM JV	
२	IS-POWERUP JV	

राष्ट्रपति निर्वाचन

गठबन्धनलाई 'क्रस भोटिङ'को डर, 'क्रस भोट'मा एमालेको जोड

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

सम्भावित 'क्रस भोटिङ'लाई मध्यनजर गर्दै राष्ट्रपति निर्वाचनमा बनेको आठदलीय गठबन्धनले प्रदेशदेखि संघीय सांसदसम्म निगरानी बढाएको छ। आर्थिक वा अन्य प्रलोभनमा एमालेले 'क्रस भोटिङ' गराउन सक्ने जोखिम देखिएको भन्दै आठ दलका शीर्ष नेताले राष्ट्रपति निर्वाचनमा मतदाता रहेका दुवै तहका सांसदमाथि पार्टी संयन्त्रबाटै निगरानी थालेका हुन्।

गठबन्धनले एमाले उम्मेदवारका पक्षमा मत जान नदिन प्रदेशदेखि केन्द्रसम्मका सांसदलाई अभिमुखीकरण कार्यक्रमसँगै निगरानी बढाएको हो। गठबन्धनले संघीय सांसदलाई राजधानीमा केन्द्रित गराएको छ। त्यस्तै, प्रदेश सांसदहरूलाई प्रदेश मुकाममा केन्द्रित गरेको छ।

बिहीबार गठबन्धनका शीर्ष नेताले राष्ट्रिय सभा र प्रतिनिधिसभाका सांसदलाई तीन घन्टा प्रशिक्षण दिएका छन्। शुक्रबार सातै प्रदेश मुकाममा सांसदलाई अभिमुखीकरण गरिँदै छ। २४ फागुनमा संयुक्त रूपमा केन्द्रमा अभिमुखीकरण कार्यक्रम राखिएको छ।

बिहीबारको अभिमुखीकरणमा सम्बोधन गरेका शीर्ष नेताले गठबन्धनका उम्मेदवार कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेललाई विजयी गराउन आवश्यक रहेको बताए। राष्ट्रपति निर्वाचनमा गोप्य मतदान हुने भएकाले आफ्नो भोट एमालेले प्रभावित बनाउन सक्ने गठबन्धनलाई डर छ।

'एक भोट पनि तलमाथि नहोस् भन्नेमा हामी सचेत छौं। यसका लागि आ-आफ्नो पार्टी संयन्त्रले संघीय र प्रदेश सांसदका गतिविधिमाथि नजर राखेका छौं,' कांग्रेसका एक पदाधिकारीले भने, 'हामी भोट बढाउन खोजेका छौं। त्यहीअनुसार निर्णय नलिएका पार्टीसँग पनि संवाद बढाएका छौं।'

अभिमुखीकरणमा प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पुरानो गठबन्धन ब्युँताएसँगै मुलुक 'सही ट्र्याक'मा आएको दाबी गरे। संविधान र लोकतन्त्रको रक्षाका लागि गठबन्धन ब्युँताइएकाले यसलाई सुदृढ बनाएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याएका थिए। प्रचण्डले विश्वासको मत लिने दिन एमाले अध्यक्ष ओलीले संसद् विघटन सही भएको बताएकाले नयाँ गठबन्धनबारे सोच्न बाध्य भएको बताए।

'संविधानविपरीत संसद् विघटन भएपछि हामी सबै संविधान र लोकतन्त्रको पक्षमा उभियौं। संसद् पुनर्स्थापना गर्न सडकसम्म गयौं। हाम्रो गठबन्धन लोकतन्त्र र संविधानको रक्षाका निम्ति थियो, विकास र समृद्धिको जनचाहना सम्बोधन गर्न थियो। तर, बीचमा हामी अलिकति अलमलियौं, अब ठीक ठाउँमा आएका छौं। गठबन्धन सुदृढ बनाएर अघि बढ्छौं,' प्रचण्डले भने, 'रामचन्द्रजीलाई आठ दलको मात्र होइन १० दलको समर्थन छ। गठबन्धनमा रहेका दलका साथै आम आदमी र नेपाल समाजवादी पार्टीको पनि समर्थन छ। स्वतन्त्र सांसदहरूको पनि समर्थन छ। उहाँले निर्वाचन जितिसक्नुभएको छ। यो लोकतन्त्र र संविधानको हितमा छ।'



सत्तागठबन्धनमा रहेका आठ दलका शीर्ष नेता बिहीबार आयोजित अभिमुखीकरण कार्यक्रममा। तस्बिर : नयाँ पत्रिका

कांग्रेस सभापति शेरबहादुर देउवाले वर्तमान राष्ट्रपतिबाट कानुनको पालना नहुँदा वितृष्णाको अवस्था रहेको बताए। संविधान रक्षा गर्न र प्रजातन्त्रको सवालमा पौडेल राष्ट्रपतिको उपयुक्त उम्मेदवार रहेको जिकिर गरेका थिए। 'रामचन्द्रजीको प्रजातन्त्र प्राप्तिका लागि ठूलो योगदान छ, यसका लागि धेरै दुःख गर्नुभएको छ। अहिलेको राष्ट्रपतिबाट कानुनको पालना नहुँदा वितृष्णाको अवस्था छ। रामचन्द्रजीले संविधान रक्षा गर्न र प्रजातन्त्रको सवालमा राष्ट्रपतिको पदको गरिमा कायम हुने गरी काम गर्नुहुनेछ भन्ने विश्वास छ,' देउवाले भने, 'निर्वाचनका क्रममा प्रचण्डजीले उहाँलाई प्रधानमन्त्री बनाउँछु भन्नुभएको थियो। त्योभन्दा माथिल्लो पदमा नै उहाँले ल्याउनुभएको छ। माधवजी पनि यसमा सहमत हुनुभयो, अरू दल पनि जोडिनुभएको छ।'

एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले राष्ट्रका सामु अनेकन चुनौती रहेकाले संविधानको रक्षालाई केन्द्रबिन्दुमा राखेर अघि बढ्नुपर्ने बताए। 'राष्ट्रपतिका कर्तव्य र जिम्मेवारीबारे प्रस्टताको आवश्यकता छ। राष्ट्रिय हितको प्रवर्द्धन, देशभक्तिको रक्षा, राष्ट्रिय स्वाभिमानको रक्षा, राष्ट्रिय हितको प्रवर्द्धनलाई केन्द्रबिन्दुमा राख्नुपर्छ,' उनले भने, 'म आफैं उहाँको प्रस्तावक भएकाले उहाँको विजयको शुभकामना दिन चाहन्छु। अहिलेसम्म प्राप्त अनुभवलाई ध्यानमा राखेर निर्वाचित हुने राष्ट्रपतिले गम्भीर भएर आफ्ना काम गर्नेमा विश्वास छ।'

शीर्ष नेताको भनाइमा सहमति जनाउँदै अन्य पाँच दलका नेताले सम्बोधन गरेका थिए। कार्यक्रममा महन्थ ठाकुर, अशोककुमार राई र राजेन्द्र श्रेष्ठ, एकीकृत समाजवादीका नेता बेदुराम भुसाल, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ, जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेल, जनमत पार्टीका नेता अब्दुल खानलगायत सहभागी थिए।

■ प्रतिस्पर्धी नेम्वाङसहित सबै मतदातालाई पौडेलको पत्र

राष्ट्रपतिका उम्मेदवार रामचन्द्र पौडेलले प्रतिस्पर्धी सुवास नेम्वाङसहित मतदान गर्ने सबै सांसदलाई मत मागेका छन्। सचिवालयका अनुसार पौडेलले संघ र प्रदेशका सबै सांसदलाई पत्र पठाएर मतदानका लागि आग्रह गरेका हुन्। पत्रमा पौडेलले आफूले मुलुकको राजनीतिक परिवर्तनका लागि भूमिका खेलेको तथा लोकतान्त्रिक गणतन्त्र र समावेशी लोकतन्त्र संस्थागत गर्ने लक्ष्यमा सदैव अडिग रहेको उल्लेख गरेका छन्।



उनले सबैलाई समेटेर अघि बढ्ने र स्थायित्व र सुशासनका लागि भूमिका खेल्ने प्रतिबद्धतापत्रमा उल्लेख गरेका छन्। 'सबै धर्म, संस्कृति, जात, वर्ग, लिंग र समुदायको अधिकारको प्रत्याभूति रहेको वर्तमान संविधानको अक्षर र मर्मको परिपालना गर्दै परिवर्तनको जर्गेना गर्ने अठोटका साथ नेपाल राष्ट्रको राष्ट्रपतिको गरिमामय पदका लागि उम्मेदवारका रूपमा उपस्थित छु। नेपाली जनताका प्रिय प्रतिनिधि तपाईंको अमूल्य मतको अपेक्षा गरेको छु,' पत्रमा भनिएको छ।

नेम्वाङको घरदैलो

काठमाडौं/ आसन्न राष्ट्रपति निर्वाचनमा एमालेबाट उम्मेदवार बनेका सुवास नेम्वाङले विभिन्न दलको कार्यालयमै पुगेर मत मागेका छन्। एमाले अध्यक्ष केपी ओलीले संस्थागत रूपमै पत्राचार गरेका दलका नेतालाई भेटेर नेम्वाङले मत मागेका छन्। २५ फागुनमा हुने निर्वाचनमा आठदलीय गठबन्धनबाट 'क्रस भोटिङ' गराउने एमालेको रणनीति छ।



नेम्वाङले बिहीबार एकीकृत समाजवादी, रास्वपा र राप्रपाको कार्यालयमा पुगेर भोट मागेका हुन्। राजनीतिक दलका नेताहरूसँगको छलफल सकारात्मक रहेको उनले बताए। 'दलका नेता र माननीय सांसदहरूलाई भेटेरै सहयोग मागेको छु। उहाँहरूले सकारात्मक जवाफ दिनुभएको छ। मैले संविधान निर्माणमा खेलेको भूमिका र अनुभवले पनि मेरो उम्मेदवारीलाई पुष्टि गर्छ भन्ने उहाँहरूको तर्क छ। छलफलबाट उत्साहित छु,' नेम्वाङले भने।

एकीकृत समाजवादीको कार्यालयमा पुगेर नेम्वाङले अध्यक्ष माधव नेपालसहितका नेतासँग सहयोग गर्न आग्रह गरेका थिए। नेम्वाङले नेपालकै कारण पुनर्स्थापित संसद्को सभामुख र संविधानसभाको अध्यक्ष भएको स्मरण गर्दै राष्ट्रपतिमा सहयोग गर्न आग्रह गरेको एकीकृत समाजवादीका एक नेताले बताए।

नेम्वाङसहित एमाले उपाध्यक्ष विष्णु पौडेल, उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, रघुवीर महासेठ र विमला राई पौड्याल एकीकृत समाजवादीको कार्यालय मीनभवन पुगेका थिए। अध्यक्ष ओली भने गएनन्।

पौडेलले विगतमा नेपालकै नेतृत्वमा आफूहरूको राजनीति अगाडि बढेको र भविष्यमा एउटै पार्टी बन्नेतर्फ समेत सोच्न ढिला गर्न नहुने बताएका थिए। एमाले उपमहासचिव गुरुङले आफूहरूले नेम्वाङलाई मतदान गर्न आग्रह गरेको र छलफल सकारात्मक भएको बताए। 'हामीले हाम्रो उम्मेदवारलाई मतदान गर्न आग्रह गर्‍यौं, कुराकानी सकारात्मक भयो,' उनले भने, 'यसलाई एकता अभियान शुभारम्भका रूपमा पनि बुझ्न सक्नुहुन्छ।

भेटमा एकीकृत समाजवादीबाट अध्यक्ष नेपालसहित उपाध्यक्ष प्रमेश हमाल, महासचिव डा. बेदुराम भुसाल, उपमहासचिव प्रकाश ज्वाला, जगन्नाथ खतिवडा र सचिवालय सदस्य रामचन्द्र झा सहभागी थिए। खतिवडाले मत माग्न आएकोमा धन्यवाद दिएर बिदा गरेको बताए।

छलफलमा नेपालले छलफलको वातावरण बनेको र फेरि पनि छलफल हुन सक्ने बताएका थिए। नेपालको भनाइ उद्धृत गर्दै खतिवडाले भने, 'सौहार्दपूर्ण वातावरणमा कुराकानी गर्ने आधार तयार गर्नुभएकोमा धन्यवाद छ। फेरि पनि छलफल हुन सक्छ।' नेपालले आफू आठदलीय गठबन्धनका साझा उम्मेदवार रामचन्द्र पौडेलको प्रस्तावक रहेको र पार्टीले पौडेलको पक्षमा निर्णय गरेको भन्दै सहयोग गर्ने परिस्थिति नरहेको बताएका थिए।

■ रास्वपा सकारात्मक, राप्रपाले सघाउने विश्वास

नेम्वाङले रास्वपासँग पनि मत मागेका छन्। रास्वपाले आन्तरिक छलफलपछि निर्णय लिने जवाफ दिएको छ। भेटमा सहभागी एमाले सचिव योगेश भट्टराईले रास्वपा नेम्वाङप्रति सकारात्मक रहेको बताए। 'रास्वपाको भनाइबाट हामीलाई समर्थन गर्ने बुझ्न सकिन्छ। मुलुकले खोजिरहेको पात्र नेम्वाङ नै हुनुहुन्छ। उहाँले राष्ट्रिय सहमति कायम गर्न सक्नुहुन्छ। सबैलाई मिलाएर लान सक्ने क्षमता उहाँसँग छ। हामी आन्तरिक छलफलबाट निर्णय लिन्छौं भन्नुभएको छ,' भट्टराईले भने।

नेम्वाङले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई पार्टी कार्यालय धुम्बाराही पुगेर राष्ट्रपति निर्वाचनमा सघाउन आग्रह गरेका छन्। भेटमा सहभागी एमाले नेतृ विद्या भट्टराईले नेम्वाङप्रति राप्रपा सकारात्मक रहेको बताइन्। एमालेसँग राप्रपाले विगतदेखि नै सहकार्य गर्दै आएको र राष्ट्रपति निर्वाचनमा पनि सहकार्य हुने उनको विश्वास छ। 'हाम्रो उम्मेदवारप्रति उहाँहरू सकारात्मक हुनुहुन्छ। हिजोदेखि हामीले सहकार्य गरेका हौं। हामी सहकार्यको पक्षमा छौं। सहकार्यलाई निरन्तरता दिने पक्षमा रहेको बताउनुभएको छ,' भट्टराईले भनिन्।

राष्ट्रपतिको भूमिकाप्रति अर्यालको गुनासो

काठमाडौं/ राष्ट्रिय सभा उपाध्यक्ष उर्मिला अर्यालले राष्ट्रपति पार्टीको तहभन्दा माथि उठ्नुपर्ने बताएकी छिन्। वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी दलविशेषको इसारामा चल्दा राष्ट्रपति संस्था र आन्दोलनबाट प्राप्त उपलब्धिमाथि नै प्रश्न उठिरहेको भन्दै उनले पदको गरिमा जोगाउनु अपरिहार्य भएको बताइन्।

संसदीय मामिला हेर्ने सञ्चारकर्मीसँग बिहीबार आफ्नै कार्यकक्षमा भेटघाट गर्दै अर्यालले भनिन्, 'राष्ट्रपति कसैको इसारामा चल्ने होइन। पार्टीको तहभन्दा माथि उठ्नुपर्छ। राष्ट्रको अभिभावकको अनुभूति गराउन सक्नुपर्छ। प्रधानमन्त्री एउटा पार्टीको हुन्छ। राष्ट्रपति भइसकेपछि सबैको हुन्छ। तर, भण्डारीले कार्यकारी अधिकारै प्रयोग गर्ने अभ्यास विभिन्न घटनाक्रमले देखायो।'



राष्ट्रपति कसैको इसारामा चल्ने होइन। पार्टीको तहभन्दा माथि उठ्नुपर्छ। राष्ट्रको अभिभावकको अनुभूति गराउन सक्नुपर्छ। प्रधानमन्त्री एउटा पार्टीको हुन्छ। राष्ट्रपति भइसकेपछि सबैको हुन्छ। तर, भण्डारीले कार्यकारी अधिकारै प्रयोग गर्ने अभ्यास विभिन्न घटनाक्रमले देखायो।

● **उर्मिला अर्याल**, उपाध्यक्ष, राष्ट्रिय सभा

अभिभावकको अनुभूति गराउन सक्नुपर्छ।' राष्ट्रपति सम्मानित र अभिभावकीय पद भएकाले सबै पार्टीलाई अभिभावकत्वका हिसाबले हेर्नुपर्ने उनको भनाइ छ। 'प्रधानमन्त्री एउटा पार्टीको हुन्छ। राष्ट्रपति भइसकेपछि सबैको हुन्छ,' उनले भनिन्, 'तर, भण्डारीले कार्यकारी अधिकारै प्रयोग गर्ने अभ्यास विभिन्न घटनाक्रमले देखायो।'

उपाध्यक्ष अर्यालले नागरिकता विधेयकमा राष्ट्रपति भण्डारीले एमालेको सल्लाहमा गलत नजिर कायम गरेको जिकिर गरिन्।

राष्ट्रिय सभा अध्यक्षलाई लैनचौर सार्ने तयारी

काठमाडौं/ सरकारले सभामुखको निवासबाट राष्ट्रिय सभा अध्यक्षलाई अन्यत्र सार्ने तयारी गरेको छ। सोमबारको मन्त्रिपरिषद् बैठकले सभामुख देवराज घिमिरेको निवास व्यवस्थापनका लागि बालुवाटारस्थित सभामुखको सरकारी निवास खाली गराउने निर्णय गरेको छ।

हाल सभामुखको निवासमा राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिना बसिरहेका छन्। तत्कालीन सभामुख कृष्णबहादुर महराले राजीनामा दिएपछि खाली भएको निवासमा हतारहतारमा तिमिल्सिना सरेका थिए। तिमिल्सिना बसेको (मुख्यसचिव) निवास तत्कालीन प्रधानमन्त्री केपी ओलीले प्रयोग गरेका थिए।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बालुवाटारस्थित सरकारी निवास सभामुख घिमिरेलाई उपलब्ध गराउने छलफल मन्त्रिपरिषद्मा भएको बताइन्। 'सभामुखको जुन निवास हो, त्यहाँ अध्यक्ष बसिराख्नुभएको छ। त्यो सभामुखकै निवास हुने र अध्यक्षलाई पहिले बसेकै ठाउँमा मिलाउने भन्ने भएको छ,' उनले भनिन्, 'बालुवाटारको निवास उपलब्ध गराउने जानकारी सभामुखलाई दिइएको छ।' सभामुख निवासमा राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिना सरेपछि महरापछि सभामुख भएका अग्नि सापकोटालाई लैनचौरस्थित एक सरकारी निवासमा सारिएको थियो। नवनिर्वाचित सभामुख घिमिरेले सुविधासम्पन्न भवन नरहेको भन्दै लैनचौर जान मानेका छैनन्। राष्ट्रिय सभा अध्यक्षलाई लैनचौर निवासमै पठाउने सरकारको योजना छ। उनले बालुवाटारभित्रैको आफ्नो निवास उपलब्ध गराउन सरकारलाई ताकेता गरेका छन्।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग
वनस्पति अनुसन्धान केन्द्र, कैलाली

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति : २०७९/११/१५

यस केन्द्रको मिति २०७९/९/२९ मा आव्व्वान गरिएको बोलपत्र PRC/KAILALI/NCB/WORK/2079/80-1(Construction of Compound Fencing Work of Dewahariya Botanical Garden Dewahariya, Kailali) (E-Bid) अनुसार रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुमध्ये श्री विश्वेश्वर निर्माण सेवा प्रा.लि. शिखर-४, डोटीको मु.अ.कर सहित रू. ४२,९५,३२०।३५ (अक्षरेपी रु.बयालीस लाख पन्चानब्बे हजार तीन सय बीस पैसा पैतीस मात्र)को बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

केन्द्र प्रमुख

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालवस्तुको विवरण	आकार/प्रकार	ब्रान्ड	मोडल	क्षमता	उत्पतिको मूलक/राष्ट्र	इकाई	प्रति एकाई मूल्य	अधिकतम खुद्रा मूल्य (MRP)	कैफियत
१	Range Hood	इलेक्टिकल	Monlight	M200	१८० वाट	चीन	पिस	१०५००	१०५००	
२	Range Hood	इलेक्टिकल	Monlight	M201	१८० वाट	चीन	पिस	११५००	११५००	
३	Range Hood	इलेक्टिकल	Monlight	M202	१८० वाट	चीन	पिस	१२५००	१२५००	
४	Range Hood	इलेक्टिकल	Monlight	M203	१८० वाट	चीन	पिस	१६५००	१६५००	
५	Range Hood	इलेक्टिकल	Monlight	M204	१८० वाट	चीन	पिस	११५००	११५००	

इन्द्रेणी इनर्जी प्रा.लि.
कोटेश्वर, काठमाडौं, फोन : ०१-५१४७१५५, एक्जिम कोड : ६०४२९३५६५०१४८NP

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना
घोराही, दाङ

ठेक्का किन नतोड्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०७९/११/१९

यस आयोजना (साविक शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, रोल्पा) सँग तपसिल बमोजिम खरिद सम्झौता गरेकोमा निर्माण व्यवसायीले तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गर्ने प्रयास नगरेको र यस आयोजनाबाट पटक पटक पत्राचार, मिटिङ माइन्युट, मौखिक निर्देशन तथा राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी ताकेता गर्दा समेत निर्माण कार्य सम्पन्न गर्न कुनै चासो नदेखाएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता बमोजिम ठेक्का किन नतोड्ने ? ठेक्का नतोड्नुपर्ने कुनै मनासिव कारण भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निर्माण व्यवसायीको आधिकारिक प्रतिनिधि स्वयं यस आयोजना कार्यालयमा कार्यालय समयभित्र उपस्थित भई सन्तोषजनक लिखित स्पष्टीकरण पेश गर्नहुन जानकारी गराइन्छ। अन्यथा यसै सूचनालाई अन्तिम मानि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र ठेक्का सम्झौताका शर्त बमोजिम ठेक्का सम्झौता रद्द गर्न कानूनी कारवाहीको प्रकृया अगाडि बढाइने जानकारी गराइन्छ।

क्र.सं.	ठेक्का नं.	निर्माण कार्यको विवरण	निर्माण व्यवसायीको नाम	ठेक्का सम्झौता मिति
१	DUDBC/Rolpa/ Works/ NCB/ 25-073-74	Construction of Guest House Building Rukumkot, Rukum (East)	गाल्वा/द क्याराभान जे.भी., काठमाडौं	२०७४/०३/२०

आयोजना प्रमुख

लुम्बिनि प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
लुम्बिनी प्रादेशिक अस्पताल
बुटवल, रुपन्देही

०७१-५४०२००
०७१-५४०२०१
०७१-५४२२४८
०७१-५४१२००

निम्न उल्लेखित निर्माण कार्यको ठेक्का सम्झौता तोडी कालो सुचिमा राख्ने सम्बन्धमा निर्माण व्यवसायी श्री भुमि दृष्टि बिल्डर्स एन्ड सप्लायर्स काठमाडौंलाई स्पष्टीकरण पेश गर्ने सम्बन्धि १५ दिने सूचना

(प्रकाशित मितिः २०७९/११/१५ गते)

तपाई श्री भुमि दृष्टि बिल्डर्स एन्ड सप्लायर्स काठमाडौंले यस कार्यालयको ठे.नं. LPH-56-NCB–2077-078 Supply, Delivery, Installation & Comissioning of Power station goods र ठे.नं. LPH-57-NCB-2077-078 Construction of Power station Civil work कार्यको लागि म्याद मिति २०७८ साल फागुन मसान्त सम्म (म्याद थप समेत) सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८/३/१० र २०७८/०३/११ गते लुम्बिनी प्रादेशिक अस्पताल रुपन्देही सँग सम्झौता गर्नु भएकोमा तपाईले सम्झौताको अवधिमा कार्यलयले पटक पटक पत्रचार गर्दा समेत निर्माण कार्य सन्तोष जनक रुपमा अगाडी नबढाएको कारणबाट सम्झौताको अवधि भित्र निर्माण कार्य सम्पन्न नगरेको हुदा स्वास्थ्य जस्तो संविधानको मौलिक हकको विषयमा सर्वसाधरण जनता उपचारबाट वञ्चित हुन परेको छ। अत तपाईलाई सार्वजनिक खरिद ऐनको दफा ५९ को उपदफा (२) र (७) एंव संम्झौताको GCC CLAUSE ५७.२ बमोजिम ठेक्का तोडी कालो सुचिमा किन नराख्ने ? यदि ठेक्का तोड्न नहुने र कालो सुचिमा राख्न नहुने कुनै स्पष्ट कारण, प्रमाण र आधार भएमा लिखित रुपमा सोको यथोचित पुष्ट्याई/स्पष्ट प्रमाण/आधारहरु सहित यो सूचना प्रकाशित भएको १५ दिन भित्रै कार्यालयमा सम्पर्क गर्नुहुन सुचित गर्दे उक्त प्रमाण/आधारहरु मनासिव नभएको अवस्थामा तथा सूचनामा उल्लेख भएको म्याद पश्चात सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार स्वतः ठेक्का तोडी कालो सुचिमा राख्ने तथा बैक्ल्पिक उपायबाट निर्माण कार्य सम्पन्न गराउन साथै उक्त निर्माण कार्यको बाँकी निर्माण कार्य सम्पन्न गर्न लाग्ने खर्च लगायतको रकम प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपरको कार्वाही अघि बढाइने व्यहोरा जानकारी गराइन्छ।

निमित्त मे.सु

Phaktanglung Rural Municipality
Office of the Rural Municipal Executive
Tapethok,Taplejung

Invitation for Online Bids

Invitation for Bids No: FRM/W/NCB/TOLYR/079/080/05

Date of publication: 2079/11/19(3rd march 2023)

1. Phaktanglung Rural Municipality has allocated funds towards the cost of construction of the works mentioned below and intends to apply part of the funds to cover eligible payments under the contracts as described in table below. Bidding is open to all eligible bidders.

SN	contract identification no	Description of work	bidding procedure	key Qualifications (without vat)		major work	bid security amount	bid document price
				specific nature of similar work experience(at least one contract)	Annual average Turnover			
1	FRM/W/NCB/TOL YR/ 079/080/05	track opening of lapsetar yasang road	two envelope	73,82,107	1,84,55,270	excavation work in all types of soil: 73598 cum,in hard rock:2275cum, Gabion wall: 331cum	5,20,000	5000

2. ***Phaktanglung Rural Municipality*** invites electronic bids from eligible bidders for the construction of ***Track Opening of Lapsetar Yasang Road*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***[Phaktanglung Rural Municipality, Tapethok,Taplejung, Phaktanglungmun@gmail.com, 9861091670,9852660491]*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp. 5. Bidder submitting their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Rs. 5000 in the Project's Rajaswa (revenue) account as specified below
6. **Name of the Bank** : Global IME bank
7. **Name of Office** : Phaktanglung Rural Municipality,Tapethok,Taplejung
   Office Account no. : Ga.1.1 Aantarik Rajaswo Khata Phaktanglung S504010000011
8. Pre-bid meeting shall be held at ***Office of Phaktanglung Rural Municipality,Tapethok,Taplejung*** at ***09/12/2079***
9. Electronic bids must be submitted to the office ***of Phaktanglung Rural Municipality*** through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before ***12:00*** on ***19/12/2079*** . Bids received after this deadline will be rejected.
10. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00*** on ***19/12/2079*** at the ***office of Phaktanglung Rural Municipality.***Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **5,20,000** which shall be valid for 30 days beyond the validity period of the bid
11. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Cheif Administrative Officer

पूर्वराजा ज्ञानेन्द्र भारतमा

निकटस्थहरूलाई समेत छैन भ्रमणको जानकारी

पर्शुराम काफ्ले/नयाँ पत्रिका



पूर्वराजा ज्ञानेन्द्र शाह सोमबार भारत भ्रमणमा निस्किएका छन् । तर, उनी किन भारत गएका हुन् भन्नेबारे निकटस्थहरूलाई समेत जानकारी छैन ।

७ फागुनमा जारी सन्देशमा राजा र दलहरू मिल्नुपर्ने उल्लेख गरेका उनी झापाबाटै सिलिगुडी हुँदै नयाँ दिल्ली पुगेको निकटस्थ स्रोतहरूले जानकारी दिएका छन् । पूर्वराजा शाह भारत भ्रमणका लागि निस्केको उनका संवादसचिव डा. फणिराज पाठकले पुष्टि गरे । 'उहाँ केही दिनका लागि दक्षिणको भ्रमणमा जानु भएको हो, विस्तृतमा मेरो कुरा हुन पाएको छैन,' पाठकले नयाँ पत्रिकासँग भने । पूर्वराजासँग पूर्वरानी कोमल, निजीसचिव सागर तिमल्सिनासहित ६ जना साथमा छन् । उनले भारत भ्रमणको कार्यक्रमबारे निकटस्थहरूलाई पनि विस्तृतमा जानकारी दिएका छैनन् ।

व्यवसायी दुर्गा प्रसाईंको पहलमा १ फागुनमा मेचीमा आयोजित राजसंस्था फर्काउने अभियानमा उनी सहभागी थिए । पहिलोपटक यस्तो अभियानमा सहभागी भएका पूर्वराजाले ७ फागुनमा दिएको सन्देशप्रति दलहरूले विरोध जनाउँदै आएका छन् । 'विगतमा उहाँबाट जारी हुँदै आएका सन्देशको समष्टि रूपमा राजा र दलहरू मिलेर देशलाई अघि बढाऔं भन्ने सन्देश जारी भएको हो,' पूर्वराजाका संवादसचिव डा. पाठकले नयाँ पत्रिकासँग भने, '०६२/६३ सालको जनआन्दोलनका समयमा भएको पाँचबुँदे भद्र सहमति कार्यान्वयन गरेर अघि बढ्दा मात्रै मुलुकको भलो हुन्छ भन्ने स्पष्ट देखियो । २०६५ जेठ ४ गते जारी प्रतिनिधिसभा घोषणापत्र कार्यान्वयनको चरणमा फर्केर सहमति खोजौं भन्ने उहाँको आशय हो ।'

तत्कालीन सात दल र राजाबीच दोस्रो जनआन्दोलनका वेला पाँचबुँदे अलिखित भद्र सहमति भएको उनले दाबी गरे । 'राजाले प्रतिनिधिसभाको पुनर्स्थापना गर्ने, राजा संवैधानिक दायरामा रहने, कार्यकारी अधिकार मन्त्रिपरिषद्मा रहने, सार्वभौमसत्ता जनतामा निहित रहने र जनआन्दोलन अन्त्य हुने भन्ने पाँचबुँदे भद्र सहमति कार्यान्वयन भएमा मात्रै मुलुकले निकास पाउँछ भन्ने स्पष्ट भयो,' पाठकले भने, 'राजा र दलहरू मिल्नुपर्छ भन्नुको तात्पर्य ४ जेठ, ०६५ को म्याग्नाकार्टा कार्यान्वयन गरौं भन्ने हो । त्यसमा तत्कालीन माओवादीले पनि समर्थन जनाएको हुनाले सहमतिको मार्गचित्र त्यही हुन्छ भन्ने हाम्रो भनाइ हो ।'

पूर्वराजाले १४ असोजमा दिएको सन्देशमा डेढ दशकको राजनीतिक अभ्यासले कोर्स करेक्सन अपरिहार्य भएको भन्दै गणतन्त्रको विकल्प खोज्नुपर्ने उल्लेख गरेका थिए ।



■ **डा. फणिराज पाठक**
पूर्वराजाका संवादसचिव

०६२/६३ सालको जनआन्दोलनको समयमा भएको पाँचबुँदे भद्र सहमति कार्यान्वयन गरेर अघि बढ्दा मात्रै मुलुकको भलो हुन्छ भन्नेमा पूर्वराजा स्पष्ट हुनुहुन्छ । ४ जेठ ०६५ को प्रतिनिधिसभा घोषणाको जगमा दलहरूसँग सहकार्य गरौं भन्ने उहाँको चाहना छ

■ राप्रपा नेतृत्वसँग असन्तुष्ट

पूर्वराजा ज्ञानेन्द्रले १ फागुनमा दुर्गा प्रसाईंको कार्यक्रममा सहभागिता जनाएर राप्रपाप्रति असन्तुष्टि जनाएको जानकारहरूको भनाइ छ । 'राजसंस्थाको एजेन्डा बोक्ने पार्टी सरकारमा जानुहुँदैन भन्ने पूर्वराजाको आशय थियो । राष्ट्रपति निर्वाचनमा पनि राप्रपा सहभागी नहोस् भन्ने उहाँको चाहना छ । राप्रपा नेतृत्व राजाको चाहनाअनुसार नभएर एमालेको चाहनाअनुसार अघि बढेको उहाँलाई लागेको छ,' उनीसँग भेटेका एक बुद्धिजीवीले नयाँ पत्रिकासँग भने ।

राप्रपाले सरकार छाड्नुअघि १३ फागुनमा आयोजित केन्द्रीय कार्यसम्पादन समिति बैठकमा अध्यक्ष लिङ्देनलाई नेताहरू ऋषिबाबु परियार, नारायण कोइरालालगायतले पूर्वराजासँग सल्लाह गरेर मात्रै अघि बढ्नुपर्ने सुझाव दिएका थिए । तर, लिङ्देनले प्रतिवाद गरेका थिए । 'राप्रपा राजाले स्थापना गरिदिएको पार्टी होइन । हरेक निर्णय राजालाई सोधेर गर्नुपर्छ भन्ने होइन,' पूर्वअध्यक्षद्वय पशुपतिशमशेर राणा र डा. प्रकाशचन्द्र लोहनीलाई साक्षी राखेर लिङ्देनले भनेका थिए । प्रसाईंको अभियानबाट राप्रपा कमजोर हुने लिङ्देनलगायतका नेताहरूको आकलन छ । लिङ्देनले केही दिनअघि इलाममा आयोजित कार्यक्रममा बैंक ठग भन्दै प्रसाईंको अभियानले राजसंस्था फर्किने विषय हास्यास्पद रहेको भन्दै असन्तुष्टि जनाएका थिए । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री डा. धवलशमशेर राणाले ६ पुसमा सिमरा पुगेर पूर्वराजासँग भेटेका थिए । त्यसयता लिङ्देन र पूर्वराजाको भेट भएको छैन ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०७९/११/१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक ।

यस डेभलपमेण्ट बैंक बाट सुरक्षण वापत तपसिलमा उल्लेखित ऋणीले यस डेभलपमेण्ट बैंकको तल उल्लेखित शाखा कार्यालय बाट विभिन्न कर्जा शिर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याँज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेण्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेण्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेण्ट बैंक लाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई, यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेण्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर ऐन २०६४, बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन २०५८ र सोको नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम डेभलपमेण्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र यस डेभलपमेण्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ता को अन्य चलअचल जायजेथा सम्पत्ति रोका राखी कानुनी प्रकृया अपनाई असुल उपर गरिने र ऋणी तथा जमानीकर्ता लाई समेत कालो सूचीमा सूचिकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबै लाई सूचित गरिन्छ ।

तपसिल

ऋणी/प्रोप्राईटर/अख्तियार प्राप्तव्यक्तिको विवरण	जमानीकर्ताको विवरण
१) ऋणी : जहदीन मिया बाबुको नाम : सकुल मियां बाजेको नाम : उदिलाल मियां ठेगाना : टकुवा-४, मोरङ्ग ना.प्र.नं.: ०५३०१६/३३८ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ्ग जारी मिति : २०६३/११/१७ कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा कर्जा लिएको शाखा : विराटनगर शाखा जमानीकर्ताको विवरण क) नामः रैमुन खातुन बाबुको नाम : इसाक अहमद मिया पतिको नाम : जहदीन मिंया ससुराको नाम : सकुल मिंया ठेगाना : टकुवा-४, मोरङ्ग ना.प्र.नं.: ०५-११-७०/००२७१ जारी गर्नेकार्यालय : जि.प्र.का., मोरङ्ग जारी मिति : २०७८/०१/२८	ख) नाम : विरेन्द्र साह बाबुको नाम :वसन्त साह बाजेको नाम : रामबृश शाह ठेगाना : कटहरी-१, मोरङ्ग हालको ठेगाना : कटहरी-२, मोरङ्ग ना.प्र.नं. : ०५३००८/५६ जारी गर्नेकार्यालय : जि.प्र.का., मोरङ्ग जारी मिति : २०६३/१०/०५ ग) नाम : शारदा देवी पासवान बाबुको नाम : वुद्धिमान बुर्जा पतिको नाम : हरि नारायण पासवान बाजेको नाम : तुलाराम बुर्जा ठेगाना : धनपालथान-२, मोरङ्ग ना.प्र.नं. : ०५-०२-७५-०१४८९ जारी गर्नेकार्यालय : जि.प्र.का., मोरङ्ग,रंगेली जारी मिति : २०७५/०५/१९
ऋणी/प्रोप्राईटर/अख्तियार प्राप्तव्यक्तिको विवरण	जमानीकर्ताको विवरण
२) ऋणी : विरेन्द्र साह बाबुको नाम : वसन्त साह बाजेको नामः रामबृश शाह ठेगानाः कटहरी- १, मोरङ्ग ना.प्र.नं. :०५३००८/५६ जारी गर्नेकार्यालय : जि.प्र.का., मोरङ्ग, रंगेली जारी मिति : २०६३/१०/०५ कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा कर्जा लिएको शाखा : विराटनगर शाखा जमानीकर्ताको विवरण क) नामः अनु शाह बाबुको नामः राजेन्द्रकुमार शाह बाजेको नामः लक्ष्मी प्रसाद शाह ठेगानाः केरावारी-९, मोरङ्ग ना.प्र.नं.: ब०५३०१०/१४८५ जारी गर्नेकार्यालय : जि.प्र.का., मोरङ्ग जारी मिति : २०६३/११/०९	ख) नाम : जहदीन मिया बाबुको नाम : सकुल मिया हजुरवाको नाम : उदिलाल मिया ठेगानाः टकुवा-४, मोरङ्ग ना.प्र.नं.: ०५३०१६/३३८ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ्ग जारी मिति : २०६३/११/१७ ग) नाम : शारदा देवी पासवान बाबुको नाम : वुद्धिमान बुर्जा पतिको नाम : हरि नारायण पासवान बाजेको नाम : तुलाराम बुर्जा ठेगानाः धनपालथान-२, मोरङ्ग ना.प्र.नं.: ०५-०२-७५-०१४८९ जारी गर्नेकार्यालय : जि.प्र.का., मोरङ्ग,रंगेली जारी मिति : २०७५/०५/१९
ऋणी/प्रोप्राईटर/अख्तियार प्राप्तव्यक्तिको विवरण	जमानीकर्ताको विवरण
३) ऋणीः विनीता कुमारी यादव बाबुको नाम : जितेन्द्र यादव पतिको नाम : मनिश कुमार यादव ससूराको नाम :जय नारायन यादव ठेगानाःइनरुवा-७, सुनसरी हालको ठेगाना : विराटजगर-१२,मोरङ्ग ना.प्र.नं. :११२४९१ जारी गर्ने कार्यालय :जि.प्र.का.,सुनसरी जारी मिति : २०६३/०४/२६ कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा कर्जा लिएको शाखा : विराटनगर शाखा जमानीकर्ताको विवरण क) नामः मनिष कुमार यादव बाबुको नामः जय नारायण यादव बाजेको नामः सुखराम यादव ठेगानाः तिलाठी -४, सप्तरी हालको ठेगाना : विराटजगर-१२,मोरङ्ग ना.प्र.नं.: १३१२९/५३२८ जारी गर्नेकार्यालय : जि.प्र.का.,सप्तरी जारी मिति : २०६१/०५/२३	ख) नाम : भार्गवी कुमारी कर्ण बाबुको नाम :गजेन्द्र लाल कर्ण पतिको नाम : रविन्द्रलाल कर्ण ससुराको नाम : सत्यनारायन चौधरी ठेगानाःतिलाठी-१, सप्तरी हालको ठेगाना : विराटजगर-१०,मोरङ्ग ना.प्र.नं.:९६९१२४२९ जारी गर्ने कार्यालय : जि.प्र.का.,सप्तरी जारी मिति : २०५०/०९/१९ ग) नाम : धर्मेन्द्र कुमार कर्ण बाबुको नाम : शोभाकान्त कर्ण बाजेको नाम : तारनी प्रसाद दास ठेगाना : बरहीविरपुर-७, सप्तरी हालको ठेगाना : विराटजगर-१३,मोरङ्ग ना.प्र.नं.:१६१०४८/१८९ जारी गर्नेकार्यालय : जि.प्र.का.,सप्तरी जारी मिति : २०६६/०९/०६

ऋणीको विवरण	जमानतकर्ताको नाम
४) ऋणको नाम : विमला राई बुवाको नाम : लाछुमान राई पतिको नाम : सरोज राई ससुराको नाम : राज कुमार राई ठेगाना : आहाले-३, धनकुटा हालको ठेगाना : धरान -०७, सुनसरी नागरिकता नं. : ५८२ जारी गर्ने कार्यालय : :जि.प्र.का., धनकुटा जारी मिति :२०६३/०७/२३ कर्जा शिर्षक : लघु उद्यम/व्यवसायिक कर्जा कर्जा लिएको शाखा : धरान, सुनसरी जमानिकर्ताको विवरण क)नाम : टिका कार्की बुवाको नाम : भिम वहादुर कार्की बाजेको नाम : इन्द्र बहादुर कार्की ठेगाना : धनकुटा-२, धनकुटा हालको ठेगाना : धरान-११, सुनसरी नागरिकता नं. :०७१०२१/४६०६ जारी गर्ने कार्यालय : जि.प्र.का. धनकुटा जारी मिति : २०६७/०७/१६	ख) नाम : सरोज राई बुवाको नाम : राज कुमार राई बाजेको नाम : बखत वहादुर राई ठेगाना : आहाले-३, धनकुटा हालको ठेगाना : धरान -०७, सुनसरी नागरिकता नं. : १९६५ जारी गर्ने कार्यालय : :जि.प्र.का., धनकुटा जारी मिति : २०५७/०३/२२ ग) नाम : पुर्ण वहादुर विश्वकर्मा बुवाको नाम : डिक वहादुर विश्वकर्मा बाजेको नाम : प्रेम बहादुर विश्वकर्मा ठेगाना : सभा पोखरी-३, सुनसरी हालको ठेगाना : धरान-१७, सुनसरी नागरिकता नं. :२४३६८/०६१/६२ जारी गर्ने कार्यालय : जि.प्र.का. सुनसरी जारी मिति : २०६१/०७/२६
ऋणीको विवरण	जमानतकर्ताहरुको विवरण
५) ऋणको नामः प्रतिक्षा योडहाङ बाबुको नामः धन प्रसाद योडहाङ बाजेको नाम :धर्मध्वज योडहाङ ठेगाना : नागी -०७, पाँचथर हाल : वितामोड - ०५ झापा नागरिकता नं. ०२-०१-७१-०१००४ जारी कार्यालय : जि.प्र. का., पाँचथर जारी मिति : २०७१/०३/२९ कर्जा शिर्षकः लघुउद्यम व्यवसाय कर्जा कर्जा लिएको शाखा : वितांमोड, झापा जमानतकर्ताको विवरण क)नाम : दिपा देवी थापा बाबुको नाम : रेवत प्रसाद संग्रौला पतिको नाम : शेखर थापा ससुराको नाम : चन्द्र बहादुर थापा ठेगाना : माईजोगमाई-०५, इलाम हाल : वितामोड - ०५ झापा नागरिकता नं. : ०३-०१-७५-०१६२१ जारी कार्यालय जि.प्र.का., इलाम जारी मिति :२०७५/०४/१५	ख) नाम : पवित्रा खरेल बाबुको नामः बलराम पौडेल पतिको नामः दिपेश खरेल ससुराको नाम : छविलाल खरेल ठेगानाः वितामोड - ०५ झापा हालः वितामोड - ०४ झापा नागरिकता नं. : ०४-०१-७२-०३०३६ जारी कार्यालय : जि.प्र. का., झापा जारी मिति :२०७२/०३/२३ ग) नाम : हरि माया योडहाङ बाबुको नामः पहलमान लिम्बु पतिको नामः धन प्रसाद योडहाङ ससुराको नाम :धर्मध्वज योडहाङ ठेगाना : नागी -०७, पाँचथर हाल : वितामोड - ०५ झापा नागरिकता नं. : ६७८ जारी कार्यालय : जि.प्र.का., पाँचथर जारी मिति :२०४७/१०/०८
ऋणीको विवरण	जमानतकर्ताहरुको विवरण
६) ऋणको नामः उमा गुरुङ्ग बाबुको नाम : धन बहादुर गुरुङ्ग पतिको नाम : दिलिप कुमार गुरुङ्ग बाजेको नाम : नैन बहादुर गुरुङ्ग ठेगाना : तोपगाछी -०६, झापा हाल : वितामोड - ०४, झापा नागरिकता नं. ०४-३-०४२/१४१ जारी कार्यालय : जि. प्र. का., झापा जारी मिति : २०७०/०२/०७ कर्जा शिर्षकः लघुउध्यम व्यवसाय कर्जा कर्जा लिएको शाखा : वितांमोड शाखा, झापा जमानिकर्ताको विवरण क) नामः अम्बिका गुरुङ्ग बाबुको नामः धन वहादुर गुरुङ्ग बाजेको नाम :नैन बहादुर गुरुङ्ग ठेगाना : डाँगीहाट-०५, मोरङ्ग हाल : वितामोड - ०५, झापा नागरिकता नं. : ०५२०२०/२८३०७ जारी कार्यालय : जि. प्र. का., मोरङ्ग,उर्लावारी जारी मिति :२०७०/०३/३१	ख) नाम : सुम्निमा कन्दङवा बाबुको नामः इन्द्र कुमार कन्दङवा पतिको नामः रविन थापा ससुराको नामः कर्ण बहादुर थापा ठेगाना : हल्दिबारी - ०७, झापा हाल : वितामोड - ०१, झापा नागरिकता नं. : ०४१०१६/४१९ जारी कार्यालय : जि. प्र. का., झापा जारी मिति :२०६५/११/१३ ग) नाम : शिखा सुब्बा बाबुको नामः गजेन्द्र सिंह आङ्गवुहाङ्ग ससुराको नामः मान प्रसाद लिङ्देन पतिको नामः रविन्द्र प्रसाद लिङ्देन ठेगाना :गरामनी -०३, झापा हाल : वितामोड - ०१, झापा नागरिकता नं. : ३५७४४१७५ जारी कार्यालय : जि. प्र. का., झापा जारी मिति :२०५८/१२/२३
ऋणी/प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्तिको विवरण	जमानीकर्ताको विवरण
७) ऋणी : डिल्ली वहादुर मल्ल ठकुरी बाबुको नामः दल वहादुर मल्ल हजुरवाको नाम :चन्द्रध्वज मल्ल ठकुरी ठेगाना : धनकुटा-१, धनकुटा ना.प्र.नं. : १२६० जारी गर्ने कार्यालय जि.प्र.का., धनकुटा जारी मिति : २०५२/११/३० कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा कर्जा लिएको शाखा : धनकुटा जमानीकर्ताको विवरण क) नाम : कोपिला राई (मल्ल ठकुरी) बाबुको नाम : रेख वहादुर राई पतिको नाम : डिल्ली वहादुर मल्ल ठकुरी ससुराको नाम : दल वहादुर मल्ल ठेगाना : धनकुटा-१, धनकुटा ना.प्र.नं. : ०७-०१-७४-००७४९ जारी गर्ने कार्यालय : जि.प्र.का., धनकुटा जारी मिति : २०७४/०३/१८	ख) नाम : अम्बीका शाही बाबुको नाम : हर्क वहादुर थापा पतिको नाम : शम्सेर वहादुर शाही ससुराको नाम : डिल्ली वहादुर शाही ठेगाना : धनकुटा-१, धनकुटा ना.प्र.नं. : ९७१ जारी गर्ने कार्यालय : जि.प्र.का., धनकुटा जारी मिति : २०५२/०५/२८ ग) नाम : कमल वहादुर मल्ल बाबुको नाम : छत्र वहादुर मल्ल बाजेको नाम : चन्द्रध्वज मल्ल ठकुरी ठेगाना : धनकुटा-१, धनकुटा ना.प्र.नं. : १००१० जारी गर्ने कार्यालय : जि.प्र.का., धनकुटा जारी मिति : २०४४/०१/१४

संक्षेप

उपप्रधानमन्त्री श्रेष्ठ आज दोहा जाँदै

काठमाडौं/ उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार विकासमन्त्री नारायणकाजी श्रेष्ठले अतिकम विकसित मुलुकहरूका सम्बन्धमा राष्ट्रसंघीय सम्मेलनमा नेपालका तर्फबाट प्रतिनिधिमण्डलको नेतृत्व गर्दै कतार भ्रमण गर्ने भएका छन् । उनी शुक्रबार दोहा जाँदै छन् ।

कार्यक्रम आगामी आइतबारदेखि बुधबारसम्म हुँदै छ । यसअघि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड जाने कार्यक्रम भए पनि राष्ट्रपति निर्वाचनलगायत कारण उनले उपप्रधानमन्त्री श्रेष्ठलाई पठाउने निर्णय लिएका हुन् । उपप्रधानमन्त्री श्रेष्ठले शनिबार अतिकम विकसित मुलुकहरूको समूहका अध्यक्ष मलावीले समन्वय गरेको सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ । यस वर्ष नेपालले अतिकम विकसित मुलुकहरूको समूहको अध्यक्षता लिँदै छ । उपप्रधानमन्त्री श्रेष्ठले सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

भुसाल स्ववियु निर्वाचन संयोजक

काठमाडौं/ एकीकृत समाजवादीले स्ववियु निर्वाचन संयोजन, परिचालन र सहयोगका लागि विभिन्न तीन समिति गठन गरेको छ । संयोजन तथा वार्ताका लागि सचिवालय सदस्य घनश्याम भुसालको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरिएको महासचिव डा. बेदुराम भुसालले जानकारी दिए । उनका अनुसार समिति सदस्यहरूमा उपमहासचिवहरू प्रकाश ज्वाला, डा. गंगालाल तुलाधर, डा. विजय पौडेल र जगन्नाथ खतिवडा, सचिवहरू राजेन्द्र राई र रामकुमारी झाँक्री, पोलिटब्यूरो सदस्यहरू रामकुमार भट्टराई र दिलु पन्त तथा केन्द्रीय सदस्यहरू लक्ष्मण केसी र मोहन गौतम छन् । यस्तै, पोलिटब्यूरो सदस्य एवं विद्यार्थी फाँट इन्चार्ज रामकुमार भट्टराईको संयोजकत्वमा ६३ सदस्यीय निर्वाचन परिचालन समित गठन गरिएको छ । समितिमा पोलिटब्यूरो सदस्यहरू, केन्द्रीय कमिटी सदस्यहरू, केन्द्रीय आयोगका सदस्यहरू, पूर्वविद्यार्थी नेताहरू र जनवर्गीय संगठनका पदाधिकारीलाई समेटिएको छ ।

मेयर र अधिकृतमाथि छानबिन

सप्तरी/ कञ्चनरूप नगरपालिकाका प्रमुख ललनप्रसाद गुप्ता र प्रमुख प्रशासकीय अधिकृत रेणुका साहमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान थालेको छ । 'ज्यालादारीमा रहेका मामाका छोरालाई मेयरले अस्पताल प्रमुखको जिम्मेवारी दिएकोबारे नयाँ पत्रिकाले समाचार लेखेको थियो । त्यसपछि अख्तियारले मेयर र प्रमुख प्रशासकीय अधिकृत रेणुका साहमाथि अनुसन्धान सुरु गरेको हो । कञ्चनरूप नगरपालिकालाई पत्र लेख्दै नगरपालिकाले कुन आधारमा डा. सञ्जय गुप्तालाई प्रमुखको जिम्मेवारी दिएको भन्दै सम्बन्धित सम्पूर्ण कागजात मगाइएको अख्तियारको इटहरी कार्यालयका एक कर्मचारीले जानकारी दिए ।

मालपोतका नासु रंगेहात पक्राउ

काठमाडौं/ जग्गा नामसारी गर्न नौ हजार घुस लिने मालपोत कार्यालय जलेश्वरका नासु र लेखापढी व्यवसायी रंगेहात पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले बिहीवार मालपोत कार्यालयका नासु रामकृष्ण पण्डित र श्रीसुभाष भूसेवा केन्द्रका लेखापढी व्यवसायी सुभाष चन्द्रलाल कर्णलाई अख्तियार टोलीले रंगेहात पक्राउ गरेको हो । पण्डित र कर्णले जग्गा नामसारी गर्ने क्रममा सेवाग्राहीसँग घुस माग गरिरहेको सूचना पाएपछि अख्तियारको बर्दिवास कार्यालयले खटाएको टोलीले उनीहरूलाई रंगेहात पक्राउ गरेको हो । उनीहरूमाथि थप अनुसन्धान भइरहेको अख्तियारका प्रवक्ता भोला दाहालले बताए ।

जुम्लामा वैशाखबाट शैक्षिक सत्र

जुम्ला/ हिमाली जिल्लामा पनि वैशाखबाटै नयाँ शैक्षिक सत्र सुरु हुने भएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७७ वटै जिल्लामा वैशाखदेखि शैक्षिक सत्र सुरु गर्ने गरी ६ माघ ०७९ मा मन्त्रिस्तरीय निर्णय गरेको थियो । सो निर्णयअनुसार १५ माघदेखि शिक्षा विकास निर्देशनालयले परिपत्र गरेको शिक्षा समन्वय इकाइ जुम्लाका प्रमुख मक्कर भण्डारीले जानकारी दिए । परिपत्रअनुसार १७ फागुनमा बसेको डोल्पाका आठवटै स्थानीय तहका शिक्षा शाखा प्रमुखको बैठकले वैशाखदेखि नयाँ शैक्षिक सत्र सञ्चालन गर्ने निर्णय गरेको हो । यसअघि हिमाली जिल्लामा फागुनदेखि नयाँ शैक्षिक सत्र सुरु हुने गरेको थियो ।



३३ वर्षका भए टाइगर

टाइगर श्राफले बिहीबार आफ्नो ३३औँ जन्मदिन मनाएका छन् । बलिउडमा उनको एक्सन अवतारलाई धेरैले मन पराउने गरेका छन् । डान्समा समेत उनी अब्बल मानिन्छन् । टाइगर चाँडै नै 'बडे मिया छोटे मिया'मा अक्षय कुमारसँगै देखिँदै छन् ।



चर्चामा 'बिल्ली बिल्ली'

बलिउड सुपरस्टार सलमान खान आगामी फिल्म 'किसी का भाइ किसी की जान'लाई लिएर चर्चामा छन् । यस फिल्मको गीत 'बिल्ली बिल्ली' बिहीबार रिलिज भएको छ । गीतमा सलमान खानसँगै पूजा हेगडे देखिएकी छिन् । सामाजिक सञ्जालमा यो गीतले राम्रो प्रतिक्रिया पाइरहेको छ ।

बालविकासमा देखिने समस्या कसरी समाधान गर्ने ?



डा. अनिलराज ओझा
वरिष्ठ बालविकास विशेषज्ञ
पाटन अस्पताल

बालबालिकाको विकास राम्रोसँग हुनुपर्छ । बालविकासमा असर पुग्दा युवावस्था र त्यसपछिको उमेर पनि प्रभावित हुन्छ । तर विडम्बना ! नेपाली समाजमा बालविकासलाई त्यति धेरै प्राथमिकता भने दिएको पाइँदैन । हामीले बालबालिकाको शारीरिक तथा मानसिक विकासका क्रममा देखिने चुनौतीहरू पहिल्याएर यसको समाधान खोज्न लाग्नुपर्छ ।

देखिन्छन् यस्ता समस्या

सामान्यतः बच्चाले एक वर्ष भएपछि कम्तीमा एउटा शब्द बोल्नुपर्छ । तर, केही बच्चाको वर्षदिन पुग्दासमेत बोली फुट्दैन । कतिपयमा वंशानुगत कारणले पनि ढिलो बोल्न थाल्ने हुन्छ । समयमै बोली फुटेन भने बालबालिकालाई चिकित्सककहाँ लगेर देखाउनुपर्छ । सामान्यतया १३ महिनामा बालबच्चा हिँडडुल गर्न सक्नुपर्छ । यस्ता कुरा आफ्ना बच्चाले गरेको छ कि छैन भनेर अभिभावकले ख्याल गर्नुपर्छ ।

महिना नपुगी जन्मिदा, सुगरको मात्रा कम हुँदा वा अन्य कुनै कडा संक्रमणको कारणले गर्दा पनि बालविकासमा अवरोध पुगेको हुन सक्छ । पौष्टिक तत्त्व जस्तै, भिटामिन 'ए', 'बी', आइरनलगायतको कमीले गर्दा पनि बालविकास ढिला भएको हुन सक्छ । त्यसैले यस्ता समस्यालाई बेवास्ता गर्नुहुँदैन । उपचार प्रक्रिया थाल्ने हो भने समाधान पहिल्याउन सकिन्छ । त्यसका लागि चिकित्सकसँग परामर्श लिनुपर्ने हुन्छ ।

निम्तिने कारण

ढिलो बोली फुट्नु वा सुन्ने शक्ति कमजोर हुनुको कारण अटिजम पनि हुन सक्छ । अटिजम भएका बालबालिकाको विकास अरूभन्दा पृथक् र ढिला गतिमा हुने गर्छ । उनीहरू अन्यसँग कम घुलमिल हुन्छन् । यस्ता बालबालिकालाई अभिभावकले विशेष ख्याल राख्नुपर्छ । विभिन्न थेरापीका माध्यमबाट उनीहरूलाई बोल्ने कला सिकाउन सकिन्छ । त्यस्तै, हिँडडुल गर्न उत्प्रेरित गर्न सकिन्छ ।

हामीले बुझ्नुपर्ने कुरा अटिजम भएको बच्चामा अन्य बच्चाको दाँजोमा ७० प्रतिशत बौद्धिक क्षमता बढी हुन्छ । त्यसैले उनीहरूलाई सानैदेखि विशेष हेरचाह गरेर सामाजिक कुराहरू सिकाउँदै गइयो भने हरेक कुरामा अब्बल बनाउन सकिन्छ । त्यसका लागि पहिले चिकित्सकसँग परामर्श गरेर बालबालिकाको परीक्षण गर्नुपर्ने हुन्छ । कतिपय बालबालिकामा डाउन सिन्ड्रोम पनि हुन सक्छ । बच्चाको कुनै अंगको विकास ढिलो भएको हो वा समग्र विकास ढिलो भएको हो, कुन समस्याबाट बालबालिका प्रभावित छन् भनेर चिकित्सकले परीक्षणमार्फत निर्क्योल गर्न सक्छन् ।

कतिपय बच्चालाई लेख्न, पढ्न पनि समस्या भइरहेको हुन्छ । कोही बच्चामा आवश्यकताभन्दा धेरै चकचक गर्ने स्वभाव पनि हुन्छ । यसमा पनि अभिभावकले हैरानी मान्नुहुँदैन ।

उनीहरूको अवस्था र मनोभाव बुझ्ने प्रयास गर्नुपर्छ । मानसिक विकासका देखिएका समस्याबारे मनोचिकित्सकसँग परामर्श गर्नुपर्ने हुन्छ ।



समाधानका केही उपाय

बच्चालाई कापीमा कोर्न लगाउने, खेलौनाहरू खेल्न दिनेलगायत काम गरेर सक्रिय बनाउन सकिन्छ । स्कुल जाने उमेर भएपछि साथीभाइसँग घुलमिल हुन प्रेरित गर्ने गर्नुपर्छ । यसो हुँदा बालविकास सहज हुन्छ । उनीहरूलाई बिस्तारै आफैँ हात धुन सिकाउने गर्नुपर्छ । बच्चालाई मानसिक रूपमा सुदृढ बनाउनका लागि विभिन्न कलर नम्बरहरू राखिएका पजल खेल्न सिकाउने गर्नुपर्छ । यसले उनीहरूलाई स्मार्ट बनाउँछ ।

उनीहरूलाई शारीरिक गतिविधिमा सक्रिय गराउनुपर्छ । बच्चाको इच्छाअनुसार विभिन्न खेल खेलाउन सकिन्छ । करौंते, तेक्वान्दो, फुटबललगायत खेलले हातखुट्टालाई सक्रिय बनाउँछ । बच्चाको हड्डी र मांसपेशी बलियो बनाउँछ, रक्तसञ्चार राम्रो बनाउँछ र मानसिक रूपमा सुदृढ बनाउँछ ।

ल्यापटप किन्दा के-केमा ध्यान दिने ?



● कार्यालय वा घरैमा एकै स्थानमा धेरै समय बसेर काम गर्नु छ भने ठूलो साइजको ल्यापटप उपयुक्त हुन्छ । यदि ल्यापटप बोकेर घर र अफिस गरिराख्नुपर्छ भने १४ इन्चको स्क्रिन भएको ल्यापटप लिँदा बोक्न सजिलो हुन्छ ।

● आजभोलि स्क्रिन टचवाला ल्यापटप पनि बजारमा आएको छ । यसको स्क्रिनले फाल्ने रिफ्लेक्सनले आँखालाई असर गर्न सक्छ । त्यसैले धेरै बेर स्क्रिनमा बस्नुहुन्छ भने टच स्क्रिन ल्यापटप नकिन्दा नै राम्रो हुन्छ ।

● व्यापारिक प्रयोजनका लागि काम गर्नु छ वा ठूलो काम गर्नुपर्ने छ भने बिजनेस सिरिजको ल्यापटप लिँदा राम्रो हुन्छ ।

● प्रोसेसर र च्यामले ल्यापटपको स्पिड निर्धारण गर्ने हुनाले यसबारे ध्यान दिनुपर्छ । सामान्य कामका लागि चार जिबी क्षमताको च्याम भए पुग्छ । आवश्यकताअनुसार च्याम बढाउन सकिन्छ ।

● ल्यापटप खरिद गर्दा कम्पनीले दिने वारेन्टीका विषयमा ध्यान दिनुपर्छ । कहिलकाहीँ राम्रै ब्रान्ड भए पनि चाँडै बिग्रन सक्छ ।

दाँत स्वस्थ राख्न...



दुईपटक ब्रस गर्नुस्

नियमित रूपमा दाँत सफा नगर्दा विभिन्न स्वास्थ्य समस्या देखिन्छन् । किरा लागेर दाँत बिग्रन सक्छ । गिजासम्बन्धी गम्भीर रोग पनि लाग्न सक्छ । त्यसैले दाँत सफा राख्न हामीले विशेष ध्यान पुऱ्याउनुपर्छ । खाना खाएपछि बिहान-बेलुका ब्रस अनिवार्य गर्नुपर्छ । दाँत माझ्दा नरम ब्रस प्रयोग गर्नुपर्छ । फ्लोराइडयुक्त मञ्जनले दाँत माझ्दा अझ राम्रो हुन्छ । बजारमा विभिन्न थरीका मञ्जन पाइन्छन्, तर फ्लोराइड भएको मञ्जन नै प्रयोग गर्नुपर्छ । ब्रस गर्ने आफ्नै विधि हुन्छ । प्रायः ब्रस गर्दा अगाडि-पछाडि घोट्ने गरिन्छ । त्यसरी घोटेर गर्नुहुँदैन । माथिल्लो भागको दाँत माझ्दा ब्रसलाई माथितिर र तल्लो भागमा माझ्दा तल्तिर फर्काएर गर्नुपर्छ । दाँतका सबै भागमा ब्रस गर्नुपर्छ ।

गुलियो कम खानुस्

गुलियो खानेकुरा खाँदा मुखमा एसिड बढ्छ र त्यसले ब्याक्टेरिया उत्पादन गर्छ । दाँतमा हुने ब्याक्टेरियाले उत्पादन गर्ने इन्जाइमले दाँतका हाड खियाउँछ र अन्त्यमा गिजासम्बन्धी रोग लाग्छ । गिजामा इन्फेक्सन भयो भने शल्यक्रिया पनि गर्नुपर्ने हुन्छ । मिठाई, चकलेटलगायत गुलिया कुरा कम खानुस्, खाएपछि मुख कुल्ला गर्न नबिर्सनुस् ।

सुर्तीजन्य पदार्थबाट टाढा रहनुस्

सुर्तीजन्य पदार्थ जस्तै- पानपराग, खैनी पनि हानिकारक छ । यसले दाँतलाई डिस्कलर गर्छ । छालाको क्यान्सर हुन सक्ने सम्भावना पनि हुन्छ । त्यसैले सुर्तीजन्य पदार्थबाट टाढा रहनुपर्छ ।

सानिमा बैंक लिमिटेड, शाखा कार्यालय वितामोडको ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूलाई सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना

तपसिलका ऋणीले यस बैकबाट लिएको कर्जाको बैकसँग गरेको सम्झौता बमोजिम बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र बैकमा सम्पर्क राखी सम्झौता बमोजिम बैकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछर्यौट गर्न गराउन हुन ऋणी तथा जमानी दिनु हुने लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ । यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैकलाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान, फछर्यौट नगरेमा कर्जाको सुरक्षणको लागि बैकमा धितो रहेको चल/अचल सम्पत्ति बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित ऐन कानून बमोजिम बैकले आफ्नो कब्जामा लिई वा नलिई लिलाम बिक्री गरि वा नेगोशेसन लगायत अन्य जुनसुकै तरिकाबाट बिक्री गरी बैकको लेना बाँकी सम्पूर्ण रकम असुल उपर गरिने छ र सो लिलाम बिक्रीबाट बैकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी, जमानी दिनेको घर घरानाको अन्य चल/अचल सम्पत्तिबाट कानून बमोजिम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरू तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल:

ऋणीको नाम र ठेगाना:	
१.	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपूरेश्वरबाट दर्ता नं. २२१०६८/०७६/०७७ भई मिति २०७६/०४/२६ मा दर्ता भएको ईलाम जिल्ला, सुर्योदय न.पा. वडा नं. ११, स्थित **श्री औम टि एण्ड कफि इण्डष्ट्रिज प्रा.लि** ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना:	
१.	खडानन्द अधिकारीको नाति, तारा नाथ शर्माको छोरा, ईलाम जिल्ला, पञ्चकन्या गा.वि.स/न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, सुर्योदय. गा.वि.स/न.पा. वडा नं. ११ बस्ने **ज्योती अधिकारी** ।
२.	नेत्रीराम ओझाको नाति, टेकनाथ ओझाको छोरा, झापा जिल्ला, दुवागडी गा.वि.स/न.पा.वडा नं. ४ स्थायी ठेगाना भई हाल झापा जिल्ला, मेचीनगर. गा.वि.स/न.पा. वडा नं. १३ बस्ने **उमानाथ ओझा** ।
३.	ढाल प्रसाद पोखेलको छोरी, ज्योती अधिकारीको श्रीमती, ईलाम जिल्ला, जितपुर गा.वि.स/न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल झापा जिल्ला, सुर्योदय. गा.वि.स/न.पा. वडा नं. ११ बस्ने **कोपिला पोखेल** ।
४.	भक्ती प्रसाद सुबेदीको छोरी, उमानाथ ओझाको श्रीमती ईलाम जिल्ला, फिक्कल गा.वि.स/न.पा.वडा नं. ६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, मेचीनगर. गा.वि.स/न.पा. वडा नं. १३ बस्ने **रेणुका सुबेदी** ।
५.	टेकनाथ ओझाको नातिनी, उमानाथ ओझाको छोरी झापा जिल्ला, मेचीनगर गा.वि.स/न.पा. वडा नं. १३ बस्ने **स्मारिका ओझा** ।
धितो सुरक्षणको विवरण	
१.	**श्री औम टि एण्ड कफि इण्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय इलाममा दर्ता श्रेस्ता कायम रहेका इलाम जिल्ला इलाम माधेसुन्तले गा.वि.स. वडा नं. ५ को कित्ता नं. २०९ को २६८४.७८ व.मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२.	**ज्योती अधिकारीको नाममा** मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेस्ता कायम रहेका झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं. ३ को कित्ता नं. ९५० को १३९.६७ व.मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
३.	**उमानाथ ओझाको नाममा** मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेस्ता कायम रहेका झापा जिल्ला धाइजन गा.वि.स. वडा नं. ४ को कित्ता नं. ११०१ र १०९५ को ७३२.२८ र ३००.५१ व.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय कलैया, बारा र विरगञ्ज, पर्साको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/११/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय कलैया, बारा र विरगञ्ज, पर्साबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

१. ऋणीहरुको विवरण:

१. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, (बारा) नेपालमा मिति २०७५/०५/१९ मा प्रा.फ.न.घ.बि. ६८९२/१२१/०७५/७६ कायम भई दर्ता रहेको बारा जिल्ला, परवानीपुर गा.पा.वडा नं. ७, बारा स्थित रजिष्टर्ड कार्यालय रहेको **राधे राधे प्याकेजिङ उद्योग**का प्रोप्राईटर बालक साह तेलीको नाति, राजा साह तेलीको छोरा, रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगञ्ज उप.म.न.पा. वडा नं. १५, बस्ने **रामचन्द्र प्रसाद** (ना.प्र.नं. ६५१५२३०६, जारी मिति २०३८/०४/०८, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

२. राजा साह तेलीको नाति, रामचन्द्र प्रसादको छोरा, रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगञ्ज उप.म.न.पा. वडा नं. १५ बस्ने **रुपलाल साह** (ना.प्र.नं. ३२-१-६९-५४०८, जारी मिति २०६९/०७/२१, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

३. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं.२, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कलैया, (बारा) नेपालमा मिति २०७६/०९/१५ मा प्रा.फ.न.घ.बि.८०६३/५८२/०७६/७७ कायम भई दर्ता रहेको बारा जिल्ला, परवानीपुर गा.पा. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री राधे राधे ईण्डष्ट्रिज**का प्रोप्राईटर राजा साह तेली/चुलीया देवीको नाति, रामचन्द्र प्रसाद/गोदावरी कुमारीको छोरा, रौतहट जिल्ला, परोहा न.पा. वडा नं.७ (सबिक रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. ५), स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगञ्ज म.न.पा. वडा नं. १५, बस्ने **रुप लाल साह** (ना.प्र.नं. ३२-१-६९-५४०८, जारी मिति २०६९/७/२१, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. सुनर साहको नातिनी, अनौठा साह/ठगीया देवीको छोरी,राजा साह तेली/चुलीया देवीको बुहारी, रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ (सबिक रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. ५) स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगञ्ज म.न.पा. वडा नं. १५ बस्ने **गोदावरी कुमारी** (ना.प्र.नं.२८५३-६०८, जारी मिति २०४४/१२/२०, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

२. शुखल साह/रामसवारी देवी तेलीको नातिनी, रामलाल प्रसाद साह/श्रीपति देवीको छोरी, रामचन्द्र प्रसाद/गोदावरी कुमारीको बुहारी, पथिक कुमार साहको पत्नी, बारा जिल्ला, रामपुर टोकनी गा.वि.स./उ.म.न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगञ्ज म.न.पा. वडा नं. १५ बस्ने **मिरा कुमारी साह** (ना.प्र.नं. ३३३०९७/१५३, जारी मिति २०६३/११/१०, जिल्ला प्रशासन कार्यालय बारा) ।

३. राजा साह तेली/चुलीया देवीको नाति, रामचन्द्र प्रसाद/गोदावरी कुमारीको छोरा, मिरा कुमारी साहको पत्नी,रौतहट जिल्ला,परोहा न.पा. वडा नं. ७ (सबिक रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. ५) स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगञ्ज म.न.पा. वडा नं. १५, बस्ने **पथिक कुमार साह** (ना.प्र.नं.३१४४, जारी मिति २०६१/११/०६, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

४. बालक साह तेलीको नाति, राजा साह तेली/चुलीया देवीको छोरा, गोदावरी कुमारीको पति,रौतहट जिल्ला,परोहा न.पा. वडा नं. ७ (सबिक रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. ५),स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगञ्ज म.न.पा. वडा नं. १५, बस्ने **रामचन्द्र प्रसाद** (ना.प्र.नं.३२६५१५२३०६, जारी मिति २०३८/४/०८, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

५. राजा साह तेली/चुलीया देवीको नाति, रामचन्द्र प्रसाद/गोदावरी कुमारीको छोरा, रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ (सबिक रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. ५) स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगञ्ज म.न.पा. वडा नं. १५, बस्ने **रुप लाल साह** (ना.प्र.नं.३२-१-६९-५४०८, जारी मिति २०६९/७/२१, जिल्ला प्रशासन कार्यालय रौतहट) ।

धितो सुरक्षणको विवरण :

१. **रामचन्द्र प्रसाद**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, नौतन गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. १०१६, क्षेत्रफल ०-०-१० (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

तपसिल

२. **गोदावरी कुमारी**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, बहुअरी गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ११४२ को क्षेत्रफल ०-२-१० (बिगाहा) को जग्गा तथा ऐ.ऐ. जिल्ला, नौतन गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ९७२ को क्षेत्रफल ०-१-१५-१२ (बिगाहा) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. **गोदावरी कुमारी**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको पर्सा जिल्ला, नौतन गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. २५४५ र २१६७, क्षेत्रफल क्रमश ०-०-६-८ र ०-१-३-८ (बिगाहा) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

४. **राधे राधे ईण्डष्ट्रिज**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, नौतन गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ५०७, २२२ र २२१, क्षेत्रफल क्रमश ०-४-०-०, ०-५-० र ०-५-० (बिगाहा) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

५. ऋणी **राधे राधे प्याकेजिङ उद्योग र श्री राधे राधे ईण्डष्ट्रिज**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

२. ऋणीको विवरण :

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. २, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, (बारा) नेपालमा मिति २०७५/०७/०६ मा प्रा.फ.न.घ.बि. ७०३६/३५८/०७५/७६ कायम भई दर्ता रहेको बारा जिल्ला, परवानिपुर गा.पा.वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहेको **केदार पोल्ट्री फार्म**का प्रोप्राइटर महाविर साह तेलीको नाति, जगरनाथ तेलीको छोरा, बारा जिल्ला, खुटवाजब्दी गा.पा.वडा नं.८ स्थायी ठेगाना भई हाल बारा जिल्ला प्रसौनि गा.पा वडा नं. १ बस्ने **केदार प्रसाद तेली** (ना.प्र.नं. १०९९/१६३४, जारी मिति २०४१/०३/०४, जिल्ला प्रशासन कार्यालय बारा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. महाविर साह तेलीको नाति, जगरनाथ तेलीको छोरा, बारा जिल्ला, खुटवाजब्दी गा.पा.वडा नं.८ स्थायी ठेगाना भई हाल बारा जिल्ला, प्रसौनि गा.पा. वडा नं. १ बस्ने **केदार प्रसाद तेली** (ना.प्र.नं. १०९९/१६३४, जारी मिति २०४१/०३/०४, जिल्ला प्रशासन कार्यालय बारा) ।

२. जगरनाथ तेलीको बुहारी, केदार प्रसाद तेलीको पत्नी, बारा जिल्ला, खुटवाजब्दी गा.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल बारा जिल्ला, प्रसौनि गा.पा. वडा नं. १ बस्ने **मायामति तेलीन** (ना.प्र.नं. १४१३/०८१८, जारी मिति २०४५/०२/२७, जिल्ला प्रशासन कार्यालय बारा) ।

३. जगरनाथ तेलीको नाति, केदार प्रसाद तेलीको छोरा, बारा जिल्ला, खुटवाजब्दी गा.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल बारा जिल्ला, प्रसौनि गा.पा. वडा नं. १ बस्ने **सुरज कुमार साह तेली** (ना.प्र.नं. १६९३/१६४५, जारी मिति २०६२/०८/१२, जिल्ला प्रशासन कार्यालय बारा) ।

४. जगरनाथ तेलीको नाति, केदार प्रसाद तेलीको छोरा, बारा जिल्ला, खुटवाजब्दी गा.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल बारा जिल्ला, प्रसौनि गा.पा. वडा नं. १ बस्ने **संदिप कुमार साह** (ना.प्र.नं. १५५०/१५०८, जारी मिति २०६०/१२/२६, जिल्ला प्रशासन कार्यालय बारा) ।

५. जगरनाथ तेलीको नाति, केदार प्रसाद तेलीको छोरा, बारा जिल्ला, खुटवाजब्दी गा.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल बारा जिल्ला, प्रसौनि गा.पा. वडा नं. १ बस्ने **विशवजीत साह** (ना.प्र.नं. ३३३०७६/५७, जारी मिति २०७०/०२/१७, जिल्ला प्रशासन कार्यालय बारा) ।

धितो सुरक्षणको विवरण :

१. **केदार प्रसाद तेली**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला नकटुवा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ४२१ र ४१९ को क्षेत्रफल क्रमश ०-३-१२-८ र ०-२-० जग्गा तथा ऐ.ऐ. जिल्ला खुटवाजब्दी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. १२३ को क्षेत्रफल ०-०-१२-८ (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. ऋणी **केदार पोल्ट्री फार्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय विरगञ्ज, पर्सा फोन नं. ०५१-५२४८१२/१३
शाखा कार्यालय कलैया, बारा फोन नं. ०५३-५५११९५

शिक्षकको 'ऐना' खोइ ?

विद्यार्थीबाट गरिने मूल्यांकनबाट शिक्षकले आफ्नो राम्रो गुण र क्षमतालाई थप निखार्न र तिखार्न सक्छन् भने आफ्ना कमजोरी पहिचान गरी सुधार्न सक्छन्



● मिलन पाण्डे

समय-सापेक्ष

घरका भित्तामा राखिने ऐनाको गज्जबको चरित्र हुन्छ । यसले जे हो, त्यही देखाइदिन्छ । नृत्य सिकाउने ठाउँको भित्तामा ऐना राखिएको हुन्छ । ऐना हेरेर मानिसले आफूलाई मूल्यांकन गर्न सकून् र आफूलाई सुधार गर्न सकून् भनेर यसो गरिन्छ । हामी भोजमा जाँदा किन राम्रो लुगा लगाउँछौं ? यसो सोच्नुभएको छ ? किनकि, त्यहाँ कसैले हाम्रो फोटो खिच्छ वा हामीलाई कसैले हेर्छ । त्यही सोचेर हामी राम्रो लुगा लगाएर, मेकअप गरेर हिँड्छौं । एकजना साथीले भन्दै थिए, केटीहरू राम्रा हुन्छन्, किनकि उनीहरू नियमित ऐना हेर्छन् ।

मैले यहाँ ऐना भनेर काँच भन्न खोजिरहेको छैन । ऐना अर्थात् 'म के गरिरहेको छु ?' भनेर आफैंलाई प्रश्न गर्नु हो । ऐना अर्थात् आत्म-मूल्यांकन । सबैभन्दा बढी अपग्रेड र अपडेट हुनुपर्ने क्षेत्र भनेको राजनीति र शिक्षा हो, त्यसैले नेता र शिक्षकले नियमित 'ऐना' हेरिरहनुपर्छ । यो लेखमा हामी शिक्षकले हेर्नुपर्ने ऐनाबारेमा छलफल गर्छौं ।

शिक्षक मूल्यांकन किन महत्त्वपूर्ण ? : केही दिनअघि काठमाडौंको एक प्रतिष्ठित कलेजका प्रधानाध्यापकसँग कुरा हुँदै थियो । मैले उहाँलाई नियमित रूपमा शिक्षकको मूल्यांकन गर्न सुझाब दिएँ । मैले शिक्षकको मूल्यांकन अझ विद्यार्थीले नै गर्नुपर्छ भनेँ । उहाँले पूरा नसुन्दै भन्नुभयो, 'आम्मै त्यत्रा ठूला प्रोफेसरको कसरी मूल्यांकन गर्नु ? हुँदैन, मिल्दैन । अझ विद्यार्थीले त्यत्रो शिक्षकको मूल्यांकन गर्ने हैसियत राख्दैनन् ।'

मलाई हाम्रो शिक्षामा रहेको सबैभन्दा ठूलो समस्या यही बुझाइ हो भन्ने लाग्छ । विद्यार्थीलाई हेर्ने दृष्टिकोणमा हाम्रो निकै ठूलो समस्या छ । शिक्षकले पढाएको बुझ्यो कि बुझेन भनेर विद्यार्थीलाई सोध्ने आँट गर्न नसक्ने शिक्षामै समस्या छ । अधिकांश शिक्षाविद्ले मानेको एउटा तथ्य के हो भने विद्यार्थीको सिकाइका निम्ति धेरै कुरा महत्त्वपूर्ण हुन्छ तर ती धेरैमध्ये विद्यार्थीको सिकाइलाई सबैभन्दा बढी प्रभाव पार्ने भनेको शिक्षकको क्षमताले नै हो । त्यसैले पनि विद्यालयले शिक्षकको क्षमता सुधारमा सबैभन्दा ध्यान दिन जरुरी छ । क्षमता सुधारका निम्ति पहिला क्षमता थाहा पाउनुपर्‍यो र त्यसका लागि शिक्षकको नियमति मूल्यांकन गरिनुपर्छ ।

शिक्षक मूल्यांकनले सबैभन्दा बढी फाइदा शिक्षकलाई नै हुन्छ । मूल्यांकनबाट शिक्षकले आफ्नो राम्रो गुण र क्षमतालाई थप निखार्न र तिखार्न सक्छन् भने आफ्ना कमजोरी पहिचान गरी सुधार गर्न सक्छन् । शिक्षकको मूल्यांकन गर्दा शिक्षकमा जवाफदेहिता बढ्छ । शिक्षण क्षेत्रमा अर्को महत्त्वपूर्ण आयाम भनेको शिक्षक-विद्यार्थीको सम्बन्ध हो । शिक्षकको मूल्यांकन गर्दा विद्यार्थीको सहभागितामूलक शिक्षक-विद्यार्थीको सम्बन्ध पनि थप सुदृढ हुन्छ । निरन्तर र प्रभावकारी मूल्यांकनले शिक्षकको क्षमता र कलामा निरन्तर सुधार हुन्छ । निरन्तर मूल्यांकन गर्दा विद्यालयलाई पनि आफ्ना अब्बल शिक्षकलाई पुरस्कृत गर्न र कमजोरलाई सुधार्न सजिलो हुन्छ ।

शिक्षकको मूल्यांकन कसरी गर्ने ? : हाम्रा विद्यालयमा पनि शिक्षक सेवा आयोग नियमावलीको नियम ३२ अनुसार 'शिक्षकको कार्य सम्पादन मूल्यांकन फाराम' भर्नुपर्ने नियम छ । तर, देशका विभिन्न भागमा गएर शिक्षक र प्रधानाध्यापकसँग संवाद गर्दा यो विधिले शिक्षकमा सुधार नआएको र यो कर्मकाण्डी मात्र साबित भएको देखिन्छ । 'शिक्षकहरूको मूल्यांकन सतही भइरहेको छ । नियममा गोप्य रूपमा मूल्यांकन गर्नुपर्ने भनिए पनि यहाँ गोप्य हुँदैन । शिक्षकले मलाई कम नम्बर किन दिएको भनेर हैरान गर्छन् । त्यसैले, एक-दुई नम्बर तलमाथि गरेर सबैलाई फुल नम्बर दिएर पठाउने गरेको छु । हामी यही समाजमा बस्नुपर्छ, हाम्रो सामाजिक सम्बन्ध पनि त छ नि ।' सार्वजनिक विद्यालयका एकजना प्रधानाध्यापकले भन्नुभएको हो यो ।

अहिले कर्मकाण्डी रूपमा हुँदै आएको मूल्यांकन विधिमा विद्यार्थीले परीक्षामा पाएको अंक र सुपरिवेक्षकको मूल्यांकनलाई आधार बनाइएको छ । यसमा सबैभन्दा ठूलो समस्या हामीले जसका लागि पढाइरहेका छौं, उनीहरूले कति बुझिरहेका छन्, कस्तो महसुस गरिरहेका छन् भन्ने नै समेट्न सकिएको छैन । त्यसैले पनि यो विधि निकै अपूरो देखिएको छ ।

कक्षाकोठामा सकारात्मक वातावरण बनाउन सक्नु, विद्यार्थीसँग सकारात्मक सम्बन्ध बनाउन सक्नु, विद्यालयमा सकारात्मक वातावरण बनाउन सक्नु, विद्यार्थीलाई रमाएर गर्न सक्ने गृहकार्य दिन सक्नु, सहकर्मी शिक्षक र अभिभावकसँग प्रभावकारी संवाद गर्न सक्नु, नयाँ-नयाँ विधिमार्फत पढाउन सक्नु, सबैलाई समान व्यवहार गर्दै विद्यार्थीमा रहेको विविधतालाई सम्मान गर्न सक्नु सफल र प्रभावकारी शिक्षकमा हुनुपर्ने गुण हुन् । अहिलेको मूल्यांकन विधिले त्यो नाप्न सम्भव छैन ।

शिक्षकको मूल्यांकन गर्न विभिन्न विधि अपनाइन्छन् । विद्यार्थीले नियमित परीक्षामा ल्याएको नम्बर, विद्यार्थीको विशेष परीक्षा लिएर आएको नम्बर, प्रधानाध्यापकले कक्षाकोठामा गएर गरेको मूल्यांकन, शिक्षकले थाहा नपाउने गरी पढाएको भिडियो खिचेर शिक्षकलाई हेर्न लगाएर गरिने स्वमूल्यांकन, विद्यार्थीले शिक्षकबारे भर्ने फारममार्फत गरिने मूल्यांकन अहिले चलिरहेका विभिन्न मूल्यांकन विधि हुन् । यस्ता मूल्यांकन कतिपय विद्यालय आफैंले गर्छन् भने कतिपय वेलामा यस्तो मूल्यांकन कुनै संस्थामार्फत पनि गराइन्छ ।



यी तरिकामध्ये सबैभन्दा प्रभावकारी तरिका भनेको शिक्षकको मूल्यांकन विद्यार्थीलाई गराउने र शिक्षकले विद्यार्थीको प्रतिक्रिया हेरेर आफूलाई सुधार गर्ने नै हो । यसमा सहजीकरण प्रधानाध्यापकले गर्नुपर्छ ।

हामीले एउटा फारम बनाएर विद्यार्थीमार्फत शिक्षकको मूल्यांकन गर्न सक्छौं । शिक्षकले पढाउने विषयवस्तुमा शिक्षकको ज्ञान, कक्षाअघि शिक्षकको पूर्वतयारी, शिक्षकको पढाउने तरिका, शिक्षक विद्यार्थीको सम्बन्ध र शिक्षकको समयनिष्ठतासहित यी पाँच विधामा एकदेखि पाँच नम्बरसम्म दिने गरी एउटा फारम बनाएर विद्यार्थीलाई भराउन सक्छौं । अनि, त्यही फारममा शिक्षकको सबल पक्ष र शिक्षकको कमजोरी भनेर विद्यार्थीलाई टिप्पणी लेख्न दिने ठाउँसमेत राख्न सक्छौं । विद्यार्थीबाट मूल्यांकन गराउँदा विद्यार्थीले विनाकुनै दबाब मूल्यांकन गरून् भनेर फारममा विद्यार्थीको नाम लेख्नु नपर्ने बनाउन जरुरी छ । यसरी विद्यार्थीको टिप्पणीबाट शिक्षकलाई स्वमूल्यांकन गर्न सहयोग पुग्छ । विद्यार्थीले गरेको एउटा शिक्षकको मूल्यांकन अर्को शिक्षकले हेर्न जरुरी छैन । यो विषय शिक्षक र प्रधानाध्यापकबीच राख्दा हुन्छ । अझ सकिन्छ भने शिक्षकले पढाएको कक्षाको भिडियो रेकर्ड गरेर शिक्षकलाई नै दिएर स्व-मूल्यांकन गराउन पनि सकिन्छ । सहकर्मी साथीहरूबाट पनि एक-अर्काको मूल्यांकन गराएर त्यसबाट आफूलाई सुधार गर्नु राम्रो संस्कार हो । यसरी विद्यार्थीले गरेको मूल्यांकनको ७० प्रतिशत, प्रधानाध्यापकले गरेको मूल्यांकनको १० प्रतिशत, सहकर्मीले गरेको मूल्यांकनको १० प्रतिशत र शिक्षक आफूले आफैंलाई स्व-मूल्यांकन गरेर दिने नम्बरलाई १० प्रतिशत मानेर शिक्षकको मूल्यांकन गर्नु सबैभन्दा प्रभावकारी ठहरिनेछ । यस्तो मूल्यांकन वर्षमा दुईचोटि लिनु राम्रो हुन्छ ।

> ऐना अर्थात् 'म के गरिरहेको छु' भनेर आफैंलाई प्रश्न गर्नु हो । सबैभन्दा बढी अपग्रेड र अपडेट हुनुपर्ने क्षेत्र भनेको राजनीति र शिक्षा हो, त्यसैले नेता र शिक्षकले नियमित 'ऐना' हेरिरहनुपर्छ ।

मूल्यांकनबाट आएका प्रतिक्रियालाई शिक्षकले सकारात्मक रूपमा लिएर सुधार गर्नु, आफ्नो वृत्ति विकासमा मिहिनेत गर्नु, विद्यालयले आफ्ना शिक्षकलाई वेला-वेलामा आएका प्रतिक्रियाअनुसार सुधार गर्न तालिम दिनु, बालमनोविज्ञानबारे विद्यालयमा छलफल गरिनु निकै जरुरी छ । यी सबै प्रक्रियामा पारदर्शिता अर्थात् प्रक्रियाको पारदर्शिता भने कायम राखिनुपर्छ । साथै, यसबाट शिक्षकको कमजोरी पत्ता लगाउने मात्र होइन, शिक्षकको सबल पक्षलाई उजागर गर्ने, पुरस्कृत गर्ने, एकआर्काबाट सिक्ने-सिकाउने प्रक्रियाका रूपमा पनि बुझ्न जरुरी छ ।

शिक्षक मूल्यांकनको चुनौती : केही वर्षअघि म एउटा विद्यालयमा निर्देशकका रूपमा काम गर्थें । एकचोटी एकजना शिक्षकले विद्यार्थीले मूल्यांकन गरेर दिएको प्रतिक्रियालाई फाल्दै 'म इभ्यालुएसन दिने होइन, लिने मानिस हुँ' भनेर हिँड्नुभयो । वर्षौंदेखि पढाउने शिक्षकलाई विद्यार्थीले तपाईंको मूल्यांकन गर्दै छन् है भन्दा उहाँहरूको 'इगो'मै प्रहार हुने गर्छ । हामीले सबैभन्दा पहिले शिक्षकलाई यो उहाँहरूकै वृत्ति विकासका लागि हो भन्ने बुझाउन सक्नुपर्छ । अर्को कुरा, यसका महत्त्वपूर्ण हिस्सेदार विद्यार्थीलाई शिक्षकको मूल्यांकनमा सहभागी गराउनु र आएका प्रतिक्रियालाई कार्यान्वयन गराउनु अर्को चुनौती हो । शिक्षकको मूल्यांकन नियमित गराउनु पनि चुनौती हो ।

केही वर्षअघि ब्रिटिस काउन्सिलले दिल्ली, पश्चिम बंगाल, तमिलनाडु र महाराष्ट्रका विद्यालयको अध्ययन गरेर निकालेको एक रिपोर्टअनुसार भारतमा विभिन्न शिक्षक मूल्यांकन विधि लागू भए पनि तिनमा निरन्तरता र त्यसलाई लागू गर्न समस्या देखिएको थियो । सो प्रकाशनमा शिक्षक मूल्यांकनको स्पष्ट विधि नहुनु, सफल शिक्षक कसलाई भन्ने भन्नेबारे स्पष्टता नहुनु, मूल्यांकन प्रक्रिया र विधिलाई शिक्षकले अपनत्व नलिनु, मूल्यांकन गर्दा निष्पक्षता कायम नहुनु, आएका प्रतिक्रियालाई शिक्षकसम्म पुऱ्याउन नसक्नु र कमजोरीलाई सुधार्न संस्थाले नेतृत्व नलिनुलाई शिक्षक मूल्यांकनको चुनौतीका रूपमा व्याख्या गरिएको थियो ।

अन्त्यमा, चर्चित भौतिकशास्त्री रिचार्ड फेनम्यानलाई एक दिन एकजना विद्यार्थीले भौतिक शास्त्रकै एउटा प्रश्न सोधेछन्, उनले उत्तर दिँदा पनि विद्यार्थीले नबुझेपछि उनले यसलाई साधारण बनाउन मलाई २-३ दिन दिनुहोस् भन्छन् । उनले २-३ पछि फर्केर आएर विद्यार्थीलाई भनेछन्, मलाई लाग्छ, मैले यसको 'कन्सेप्ट' राम्ररी बुझेको रहेनछु किनकि मैले यसलाई सजिलो भाषामा बुझाउन सकिनँ । रिचार्डले भौतिकशास्त्रबारे बुझेको छैन भनेर स्वीकारेका थिए । हामी यो के गर्दै छौं ? हामी हामीमा कमजोरी छ भनेर स्विकार्न किन तयार छैनौं ? यो नै हाम्रो शिक्षा क्षेत्रको सबैभन्दा ठूलो समस्या हो । यदि कुनै पनि शिक्षकले कुनै पनि विषय पाँच कक्षाको विद्यार्थीलाई बुझाउन नसक्नुको कारण हो, शिक्षक आफैंले नबुझ्नु ।

यहाँ म दुईवटा विषय जोडदार रूपमा उठाउन चाहन्छु, पहिलो- कक्षाकोठामा शिक्षकले जानेर या नजानेर विद्यार्थीमा धेरै विभेद गर्दै छौं । सिकाइमा कक्षाकोठाको विभेद ठूलो बाधक बन्दै छ । पढ्ने-नपढ्ने, गरिब-धनी या जात, धर्म, लिंग, भूगोल आदिका नाउँमा विभेद हुँदै छ । शिक्षकको मूल्यांकन गर्दा योसमेत विद्यार्थीले अभिव्यक्त गर्ने वातावरण बन्नेछ । विद्यार्थीले त्यो महसुस गर्दै छन् भन्ने शिक्षकले बुझ्न यस्तो मूल्यांकन महत्त्वपूर्ण हुन्छ । दोस्रो- यदि मूल्यांकन गरेर कमजोरी देखिँदादेखिँदै, सुधार गर्ने प्रयत्न गर्दागर्दै र तालिम दिँदादिँदै पनि शिक्षकमा सुधार आउँदै भने त्यस्तो शिक्षकलाई शिक्षण पेसाबाट हटाउनुपर्छ । पढाउन नसक्ने शिक्षकलाई बरु शिक्षण पेसा छोड्न लगाएर सरकारले नै अन्य वैकल्पिक जागिर दिन सक्छ । तर, विद्यार्थीको जीवनसँग खेलबाड गर्न दिनु हुँदैन ।

यदि मलाई कसैले शिक्षा सुधार्न एउटा मात्र काम के गर्नुहुन्छ भनेर सोध्यो भने म शिक्षकलाई सबल बनाउने नीति ल्याउँछु भन्नेछु । त्यो नीतिको मेरुदण्ड भने शिक्षक मूल्यांकन नै हुनेछ । जसरी राम्रो देखिन नियमित ऐना हेर्नुपर्छ, त्यसरी अब्बल शिक्षक बन्न नियमित मूल्यांकन गर्दै अपडेट र अपग्रेड हुन जरुरी छ ।

@MilanPandey

---

३ प्रश्न

कोसी प्रदेश, माओवादी संसदीय दलका नेता **इन्द्रबहादुर आङ्बो**लाई



अन्ततः प्रदेश १ ले नाम पायो । यसलाई कसरी हेर्नुभएको छ ?

प्रदेश १ ले लामो समयसम्म नाम पाउन सकेको थिएन । पछिल्लो प्रदेश सभाको कार्यकालमा पनि प्रयास त भएको हो । तर, त्यो सम्भव भएन । प्रदेशको नाम जुराउन नसक्दा आमजनतामा समेत एक किसिमको गलत सन्देश गइरहेको थियो । त्यसैले, निकासका लागि हामीले 'कोसी' नाममा सहमति गरेका हौं ।

प्रदेशहरूको समग्र नामकरणबाट पहिचानको मुद्दा त ओझेलमा परेको देखियो नि, होइन ?

विगतमा जतिखेर माओवादी बलियो थियो, त्यतिखेर पहिचानको मुद्दा पनि बलियो थियो । तर, माओवादी कमजोर हुँदै गएपछि पहिचानको मुद्दा पनि स्वाभाविक रूपमै कमजोर बन्यो । पाँचवटा प्रदेशको नाम पहिचानविपरीत आइसकेको हुनाले स्वाभाविक रूपमा धेरैको ध्यान प्रदेश १ माथि केन्द्रित थियो । तर, पछिल्लो जनादेश पहिचानको पक्षमा आएन । यस्तो अवस्थामा अनन्तकालसम्म नामको विवाद राखिरहनु ठिक हुँदैनथ्यो । यस विषयमा आगामी दिनमा पनि बहस भने जारी रहनेछ ।

प्रदेशहरूको कार्य सम्पादनबाट कति आशावादी हुन सकिन्छ ?

संघीयता नै संस्थागत हुन सकेको छैन । साझा सूचीको कानुन बन्न सकेको छैन । कर्मचारी, प्रहरी र अन्य महत्त्वपूर्ण विषयसम्बद्ध कानुन पनि बनेका छैनन् । प्रदेशले पूर्ण स्वरूप नै ग्रहण गरिनसक्दै यसको काम खोज्नु हतारो हुनेछ । संघीय संसद् र सरकारले आफूले बनाउनुपर्ने सबै कानुन छिटोभन्दा छिटो बनाएर प्रदेशलाई पूर्ण क्षमतामा चल्न सक्ने बनाइदिनुपर्छ ।

प्रेरक प्रसंग

पचासको नोट

एक व्यक्ति राति ढिलोसम्म अफिसमा काम गरेर थकित अवस्थामा घर पुगे । घरमा उनका पाँच वर्षका छोरा उनलाई कुरिरहेका थिए । पिता घरमा प्रवेश गर्नासाथ छोराले सोधे- बाबा म हजुरलाई एउटा प्रश्न सोध्न सक्छु ? पिताले भने- किन नसक्नु, सोध न ।

हजुर एक घन्टामा कति कमाउनुहुन्छ ? छोराले प्रश्न गरे । तिमीलाई किन चाहियो ? यस्ता वाहियात प्रश्न नसोध त मलाई । पिताले झर्किँदै भने । छोराले नम्रतापूर्वक भने- मलाई त्यत्तिकै जान्न मन लाग्यो र सोधेको हुँ बाबा, भन्नुहोस् न ! पिताले रिसाउँदै भने- सय रुपैयाँ ! छोराले पुनः प्रश्न गरे- बाबा, के हजुर मलाई ५० रुपैयाँ सापट दिन सक्नुहुन्छ ?

छोराको प्रश्नले पिता भड्किए । भनेपछि तिमी मसँग पैसा लिएर कुनै कामनकाजका सामान किन्न चाहन्छौ होइन ? म यहाँ कति दुःख गरेर पैसा कमाउँछु । तिमी भने बेकारमा उडाउन चाहन्छौ ? खुरुक्क आफ्नो कोठामा गएर सुत । पिताको कुरा सुन्दा बालकको आँखामा आँसु आयो । उनी चुपचाप आफ्नो कोठामा गएर खाटमा पल्टिए । केही समयपछि पिताको रिस शान्त भयो । उनलाई छोराले कुनै आवश्यक कामकै लागि पैसा मागेको होला भन्ने लाग्यो । उनलाई आफूले गल्ती गरेको पनि महसुस भयो । उनी छोराको कोठामा पसे । मसिनो आवाजमा सोधे- बाबु तिमी निदायौ ? छोराले जवाफ दिए- छैन ।

पिताले छोरालाई ५० रुपैयाँ दिए र भने- मैले तिम्रो चित्त दुखाएँ । त्यसका लागि मलाई माफ गर ल ! पैसा पाएपछि छोरा खुसी हुँदै उठे र दराजमा रहेको एउटा बट्टा निकाले । त्यसमा केही सिक्का थिए । उनी तिनै सिक्का गन्न थाले । पिताले भने- तिमीसँगै पैसा रहेछ त, तैपनि मसँग किन पैसा माग्यौ ? छोराले जबाफ दिए- किनकि, मसँग पैसा अपुग थियो । राम्ररी गनिसकेपछि ती सबै सिक्का हातमा लिएर छोराले पितालाई दिँदै भने- बाबा यो सय रुपैयाँ लिनुहोस् र भोलि साँझ एक घन्टा छिटो घर आउनुहोस् है । म हजुरसँगै बसेर खाना खान चाहन्छु ।

छोराका कुरा सुनेपछि पिताका आँखाबाट आँसु बग्न थाल्यो । उनले छोरालाई अँगालोमा कसे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कहिलेसम्म बिदेसिने हामी ?

नेपाली युवा दिनहुँजसो कामको खोजीमा विदेशतिर लागिरहेका देखिन्छन् । रोजगारीका लागि बिदेसिनेको लर्कोले आफ्ना युवा जनशक्तिलाई रोजगारी दिन नसक्ने सरकारलाई गिज्याइरहेको छ । के हाम्रो सरकारले आफ्ना युवा ऊर्जालाई स्वदेशकै माटोमा काम गरी खाने बन्दोबस्त मिलाउन सक्दैन ? के राजनीतिक दल र तिनका नेताले भाषणमा मात्र गर्ने हुन् ? कामचाहिँ कुनै गर्नुपर्दैन ? के नेपाली युवालाई फ्री भिसा, फ्री टिकटको लोभ देखाएर बिदेश धपाउनु नै हाम्रो सरकारको मुख्य काम हो ? होइन भने हाम्रो सरकार किन हामीजस्ता युवा ऊर्जालाई स्वदेशमै काम दिएर यतै रोक्न र देश विकासमा हाम्रो युवा ऊर्जा खपत गराउन सक्दैन ? हामी कहिलेसम्म काम खोज्दै बिदेसिने सरकार ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

प्रदेश १ लाई बधाई

अन्ततः ६ वर्षको सकसपछि प्रदेश १ ले नाम पाएको छ । सबैको सहमतिमा नाम जुराउन नसके पनि प्रदेश १ ले जुराएको नाम 'कोसी' उपयुक्त नै देखिन्छ । प्रदेश संरचना अस्तित्वमा आए पनि अहिलेसम्म प्रदेश १ ले आफ्नो न्वारन गर्न नसक्दा प्रदेश सभामाथि नै प्रश्न उठिरहेको थियो । तर, ढिलै भए पनि प्रदेश १ को प्रदेश सभाले नाम जुराएर राम्रो गरेको छ । प्रदेश १ लाई धेरै-धेरै बधाई छ ।

● **प्रदीप्ता केसी**
सामाखुसी, काठमाडौं

एन्फाको विवाद मिलाऊ

अखिल नेपाल फुटबल संघ (एन्फा) जहिल्यै विवादको केन्द्रमा रहँदै आएको छ । देशको फुटबल विकासमा समर्पित हुनुपर्ने संस्थामा राजनीति हुन थालेपछि एकातिर देशको फुटबल उठ्नै नसक्ने गरी थला परेको छ भने अर्कातिर एन्फाका पदाधिकारी जहिल्यै बाहुबली युद्धका लागि तयार भएजस्ता देखिन्छन् । यिनलाई देशको फुटबल खेलको कुनै चासो छैन । देशको फुटबल जतिसुकै ओरालो लागे पनि यिनलाई आफ्नो पद सुरक्षित भए पुग्छ । एन्फाको विवाद मिलाऊ र फुटबल जोगाऊ ।

● **समीक्षा तामाङ**
सातदोबाटो, ललितपुर

हामीले विष पिउनु त सरकार ?

तरकारी र फलफूलको विषादी परीक्षण गर्ने फाइल मन्त्रिपरिषद्ले विनानिर्णय फिर्ता पठाएको भन्ने समाचार पढ्दा दुःख लाग्यो । भारतबाट आइरहेको तरकारीमा विषादी परीक्षण नगर भनेर हाम्रो सरकारलाई कसले दबाब दिइरहेको छ ? कसको स्वार्थ गाँसिएको छ यसमा ? किन हाम्रो सरकार यो निर्णय लागू गराउन डराइरहेको छ ? किन देशवासीको स्वाथ्यभन्दा विदेशीको स्वार्थलाई महत्त्व दिन खोजिँदै छ ?

केहीअघि चितवनका हजारौं कृषकले आफ्नो उत्पादन नबिकेको विरोधमा राजमार्गमा तरकारी फालेर पूरै देशको ध्यानाकर्षण गराएका थिए । पूरै देशवासीले देखेको त्यो तस्बिर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले किन देख्नुभएन ? के उहाँमा जनताका दुःखकष्ट देख्ने र महसुस गर्ने आँखा र मुटु छैनन् ? भारतबाट वर्षको १६ सय करोडको तरकारी नेपालमा आउँदो रहेछ, त्यो पनि धेरै विषादी हालेर धेरै उत्पादन गरेको सी ग्रेडको तरकारी । जसको सेवनले क्यान्सरजस्तो घातक रोगसमेत लाग्ने सम्भावना धेरै हुन्छ । विषादी परीक्षण नगर्नु भनेको जनताको स्वास्थ्यसँग सीधै खेलबाड गर्नु हो । जनतालाई विष पिएर मर भन्नु हो । उता विनापरीक्षण भारतबाट सस्तो तरकारी फलफूल नेपाल आउँदा नेपालको कृषि उत्पादनले बजार पाउन सकिरहेको छैन । किसानको हित गर्छु भनेर बारम्बार भन्ने नेताहरूले किन किसानको पक्षमा काम गर्न, निर्णय दिन सकिरहेका छैनन् ? चुरो प्रश्न यही हो ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८ , काठमाडौं
gopaldevkota@gmail.com

भारतमा खस्किँदो लोकतान्त्रिक मूल्य-मान्यता

लोप हुँदै गएको भारतीय लोकतन्त्रको वास्तविकताले मुलुकको उल्लेखनीय उपलब्धिलाई धमिलो बनाइदिएको छ



देश / विदेश

● अश्वानी कुमार

यस वर्षको जनवरीमा भएको मनमोहक गणतन्त्र दिवस परेडले देशको सौम्य र सख्त शक्ति प्रदर्शन गरेको थियो, जहाँ विश्वमञ्चमा भारतले आफ्नो महत्त्वपूर्ण स्थान रहेको देखाएको थियो । जनवरीमै राष्ट्रपति द्रौपदी मुर्मुले बजेट सत्रमा सदनमा सम्बोधन गरेकी थिइन् । उनले सरकारको महत्त्वाकांक्षी कार्यक्रम र छिट्टै विकसित राष्ट्रमा सामेल हुने सिंगो मुलुकको चाहना प्रस्तुत गरेकी थिइन् । तर, भारतको लोप हुँदै गएको लोकतन्त्रको वास्तविकताले मुलुकको उल्लेखनीय उपलब्धिलाई धमिलो बनाइदिएको छ ।

संवैधानिक उल्लंघनका बारम्बारका घटनाले हाम्रो लोकतान्त्रिक सहभागिताको आयतन र क्षमतामाथि प्रश्न उठिरहेको छ । आपत्तिजनक ढंगले विपक्षी नेताको संसदीय अभिव्यक्तिलाई रेकर्डबाट हटाउनु, राज्यसभामा प्रधानमन्त्रीको भाषणमा अवरोध हुनु, सदनको कारबाही रेकर्ड गरेको भन्दै विपक्षी सांसदलाई लगाइएको अचाक्ली जरिवाना र केही अपवादबाहेक जनप्रतिनिधिको अपरिपक्वतालगायत गतिविधिले संसद्को संस्थागत पवित्रतामाथि खलल पुगेको छ । मुलुककै प्रतिष्ठित शैक्षिक संस्थामा १८ वर्षीय दलित युवाले 'असह्य तनाव'का कारण आत्महत्या गरेका छन् । यो आत्महत्याका पछाडि जात-आधारित विभेद रहेको बताइएको छ । र, त्यसैगरी एक विद्यालयका १६ वर्षीय दलित विद्यार्थीले आफ्नो बोतलबाट पानी पिएको भनेर प्रधानाध्यापकले कुटपिट गरेका छन् । यी घटनाले ऐतिहासिक र सामाजिक असमानताको पीडादायी निरन्तरता झल्काउँछ ।

सडक अवरुद्ध गरेको १५ वर्ष पुरानो मुद्दामा उत्तर प्रदेशको एक अदालतले विधानसभाका विपक्षी दलका सदस्यलाई दुई वर्षको जेल सजाय सुनाउने विद्रुप निर्णय गरेको छ । सजायको गाम्भीर्यलाई हेर्दा नियत विधानसभामा निर्वाचित सदस्यलाई वञ्चित गर्नु देखिन्छ । न्यायिक प्रक्रियाको दमनकारी वास्तविकता छताछुल्ल छ । न्यायका पांग्रा घुम्दा व्यक्तिको भविष्य र प्रतिष्ठा चकनाचुर हुन्छन् र यससँगै अपूरणीय अपमान झेल्नुपर्ने हुन्छ । संविधानले स्वतन्त्रताको प्रत्याभूतिका बाबजुद पनि सर्वोच्च अदालतले बिदाका दिन विशेष सुनुवाइमा देशद्रोहको अभियोग लागेका अपांगता भएका अभियुक्तको धरौटी खारेज गर्ने निर्णय गर्दा देश स्तब्ध भएको छ । संस्थागत रोगको यस्तो प्रदर्शनले भारतको संवैधानिक लोकतन्त्रको क्षयलाई स्पष्ट पार्छ ।

अर्कातर्फ हाम्रो राजनीतिक भाष्यको गुणस्तरले हाम्रो लोकतान्त्रिक क्षतिलाई पुष्टि गर्छ । नेताको गालीगलोज, अपमानजनक व्यंग्यले भरिएको व्यक्तिगत घोचपेचले लोकतन्त्रको रेसारेसा कमजोर बनेको छ । हाम्रो समयको राजनीतिक भाषा पाखण्ड र उग्र व्यक्तिगत वैमनश्यले भरिएको छ, जसले हाम्रो राजनीतिको संकीर्णतालाई प्रतिबिम्बित गर्छ । यो नयाँ संस्कृतिले संविधानको हरेक नागरिकले प्रतिष्ठासाथ बाँच्न पाउनेछन् भन्ने प्रत्याभूतिको धज्जी उडाएको छ । संवैधानिक मर्म मात्रै नभई बृहत् सामाजिक सौहार्दता दिनानुदिन विनाश भइरहेको छ ।

भाषा, संस्कृति, कल्पनिकी र इतिहास अभिन्न रूपमा जोडिएका छन् भन्नेबारे हामी सबै अवगत छौं । बोलिएको शब्दको सुन्दरता डेसिबल (ध्वनिको मापन एकाइ) मा नभई उद्देश्यमा हुने गर्छ, अर्थात् सुन्दर शब्दले नेतालाई युगका स्पष्ट चुनौतीमा जनतासँग संलग्न हुन सक्षम बनाउँछ । हाम्रा पूजनीय पिता-पुर्खाले गद्य र पद्यमा आफ्ना उच्च मान्यतालाई उच्च आदर्शवाद र भावनासाथ शब्दमा व्यक्त गरेका थिए, जसले राष्ट्रलाई ठूला उद्देश्यको खोजीमा बलियो गरी प्रेरित गरेको थियो । यी शब्दले हृदय र विवेकको मध्यस्थता गर्थे । निःसन्देह अन्याय र कुशासनको तीव्र आलोचना र राष्ट्रिय पुनर्जागरणका निम्ति गरिने उत्कट आशाको अभिव्यक्ति गहिराइ र गरिमामा उत्कृष्ट रूपमा प्रतिबिम्बित हुने गर्थे ।



तस्बिर : आरभी मूर्ति

लोकतन्त्रको भाषा तर्कसंगत विचार र तर्कसंगत अनुनयमा आधारित सम्झौता हो । लोकतन्त्रको भाषा जनताको भावनामा चोट पुऱ्याउने कुरा होइन, बरु जनतालाई सम्मान गर्ने भाषा हो । लोकतान्त्रिक भाषा राजनीतिक प्रतिद्वन्द्वी खिल्ली उडाउन एवं खारेज गरिनुपर्ने व्यक्तिगत शत्रु होइनन् भनेर बुझ्नका लागि हो । आखिर लोकतन्त्र भनेको कुनै एक बलियो व्यक्तिको मनोमानी लाद्ने कुरा होइन । लोकतन्त्र उग्रताको अस्वीकृति र मध्यबिन्दुको खोजीमा आधारित छ र यसको उद्देश्य भनेकै सुरुचिपूर्ण सञ्चारद्वारा गरिने उत्कृष्ट सेवा हो । नेताको बोली र भाषणले लोकतन्त्रको मानकका रूपमा काम गर्छ । हाम्रा सार्वजनिक व्यक्तित्वका अडान र बुझाइ तिनले बोल्ने शब्दद्वारा थाहा हुन्छ । र, सार्वजनिक व्यक्तित्वको बोलीले आमजनता को हुन् भन्ने पनि स्पष्ट पार्छ । स्पष्ट रूपमा भारतको कमजोर लोकतन्त्रमा बदलाव ल्याउन शिष्टताको शक्तिमा तर्क र विश्वासमा आधारित नम्रतायुक्त संवादद्वारा परिभाषित एक आकर्षक राजनीतिक भाष्यमार्फत मात्र सम्भव हुन्छ ।

जबसम्म हाम्रो राजनीति दलीय साँघुरोपनमा सीमित रहन्छ र नेतृत्व बृहत् अन्यायलाई अनदेखा गरेर सत्तालिप्सामा लागिरहन्छ, तबसम्म गणतन्त्रको उत्सव पूर्ण हुँदैन । गणतन्त्रको आधार विद्यमान शासन व्यवस्थाद्वारा जनताको शक्तिको न्यायोचित प्रयोगमा र शक्तिको दुरुपयोगविरुद्ध प्रतिपक्षको निडर भूमिका मात्रै स्थापना गर्न सकिन्छ । यो महत्त्वपूर्ण समयमा राष्ट्रलाई राष्ट्रिय वैभवको पूर्णतामा नेतृत्व गर्न चाहनेका लागि चुनौती भनेको नैतिकताको माग गर्ने हाम्रो सामूहिक चेतनालाई राजनीतिक रूपमा दृढ बनाउनु हो ।

*(कुमार भारतका पूर्वकेन्द्र

कृषि विकास बैंक लिमिटेड

वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/११/१९ गते)

आदरणीय शेयरधनीमहानुभावहरू,

यस बैंकको मिति २०७९/११/१८ गते बेलुका ६:३० बजे बसेको सञ्चालक समितिको बैठक नं १०१३ को निर्णयानुसार यस बैंकको सोह्रौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, समय र स्थान

(१) मिति : २०७९/१२/१४ गते मंगलबार (March 28, 2023)
(२) समय : विहान ११:०० बजे
(३) स्थान : कृषि विकास बैंक लि. केन्द्रिय तालिम प्रतिष्ठान बोडे, भक्तपुर ।

छलफलका विषयहरू:

(क) सामान्य प्रस्तावहरु :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, ईक्विटीमा भएको परिवर्तन,नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु छलफल गरी पारित गर्ने ।
(३) यस बैंकको सहायक कम्पनीहरु कोष व्यवस्थापन कम्पनी लि. तथा गोवर ग्यास कम्पनी र सम्बद्ध कम्पनी साना किसान विकास लघुवित्त वित्तीय संस्था को आ.व. २०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गर्ने ।
(४) सञ्चालक समितिको प्रस्ताव बमोजिम साधारण शेयरको चुक्ता पूँजीमा बोनस प्रदान गर्दा बोनश शेयरमा लाग्ने कर प्रयोजन समेत गरि प्रति शेयर ११ प्रतिशत नगद लाभांश र अविमोच्य असंचित अग्राधिकार (Non Convertible Irredeemable Preference Share) शेयरधनीलाई चुक्ता पूँजीको ६ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
(५) आर्थिक वर्ष २०७९/८० को लागि महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श प्राप्त हुने लेखापरीक्षकलाई यस बैंकको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने ।
(६) बैंकको नियमावलीको नियम १२ को उप-नियम (२) को खण्ड (ख) मा व्यवस्था भए अनुसार समूह "ख" का सर्वसाधरण शेयरधनीका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरु :

(१) साधारण शेयरधनीहरुलाई साधारण चुक्ता पूँजीको २ प्रतिशत बोनस शेयर प्रदान गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गर्ने ।
(२) विशेष प्रस्ताव नं. (१) बमोजिमको बोनस शेयर प्रस्ताव गरिएकोमा सो समेत समायोजन हुने गरि बैंकको जारी र चुक्तापूँजी वृद्धि गर्ने विषयहरु समावेश गरिएको बैंकको प्रबन्धपत्र र नियमावलीको तत्सम्बन्धि दफा/नियम एवं उप-दफा/उप-नियमहरु संशोधन तथा थप गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
(३) पूँजी वृद्धि सम्बन्धी बैंकको प्रबन्धपत्रको दफा ५ को उप-दफा (२) र (३) तथा दफा ७ को उप-दफा (२) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।
(४) पूँजी वृद्धि सम्बन्धी बैंकको नियमावलीको नियम ५ को उप-नियम (२) र (३), नियम ७ को उप-नियम (१) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।
(५) प्रबन्धपत्र तथा नियमावलीमा प्रचलित कानून बमोजिम संशोधन गर्नु पर्ने भएमा वा नियमनकारी निकायबाट संशोधन गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन तथा संशोधनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध

वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) बैंकको सोह्रौं वार्षिक साधारणसभा सम्पन्न गर्न तथा नगद लाभांश/स्टक बोनस प्रयोजनका लागि मिति २०७९/११/३० देखि २०७९/१२/१४ गते सम्म बैंकको शेयरधनी दर्ता किताब बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सो मिति भन्दा अघिल्लो दिन अर्थात मिति २०७९/११/२९ गते सम्म कारोबार भई यस बैंकको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यो सभामा भाग लिन पाउने छन् ।
(२) वार्षिक साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हुने दिन शेयरको भौतिक प्रमाणपत्र वा सोको प्रतिलिपी वा शेयरधनी परिचय नम्बर सहित सक्कल नागरिकताको प्रमाणपत्रसाथमा लिई आउनुहुन अनुरोध छ । शेयर अभौतिकीकरण गराई सक्नुभएका शेयरधनी महानुभावहरुको हकमा डिम्याट खाता नम्बर र सक्कल परिचयपत्र प्रस्तुत गर्नु पर्नेछ । शान्ति-सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा यथाशक्य झोला, ब्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध छ ।
(३) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन, २०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु यस बैंकको Website: www.adbl.gov.np बाट प्राप्त गर्न सकिनेछ । साथै, यस सम्बन्धी विवरणहरु बैंकको मुख्य कार्यालय, रामशाहपथ काठमाडौं तथा शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट समेत शेयर प्रमाणपत्र प्रस्तुत गरी अवलोकन गर्न र प्राप्त गर्न सक्नुहुनेछ ।
(४) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिइनेछ ।
(५) शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तरगत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले छलफललाई व्यवस्थित गर्ने प्रयोजनका लागि सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु हुन अनुरोध छ ।
(६) सभा शुरु हुने भनी तोकिएको दिन भन्दा कम्तीमा ४ (चार) दिन अर्थात ९६ घण्टा अगावै बैंकको कम्पनी सचिवालयमा कार्यालय समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरेको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । तर एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भए तापनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ । एक भन्दा बढी व्यक्तिलाई आफनो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाईने छैन ।
(७) नाबालक वा विक्षिप्त अवस्थाका शेयरधनीका तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।
(८) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वत: बदर हुनेछ ।
(९) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस बैंकको शेयर खरिद गरेको अवस्थामा बैंकको प्रबन्धपत्र तथा नियमावलीको अधीनमा रही त्यस्तो संगठित संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनीत गरेको प्रतिनिधिले सभामा भाग लिन पाउनेछ ।
(१०) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान १०:०० बजेदेखि खुला रहने छ । शेयरधनी नम्बरको आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुँदा शेयरधनी महानुभावहरुले आफनो शेयरधनी नम्बर वा BOID नम्बर अनिवार्य रुपमा प्रस्तुत गरी दिनु हुन समेत अनुरोध छ ।
(११) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बैंकको मुख्य कार्यालय रामशाहपथ, काठमाडौं स्थित कम्पनी सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
कृषि विकास बैंक लि.
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं ।
फोन नं. ०१-४२६४०१६

कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत कृषि विकास बैंक लिमिटेडको

संक्षिप्त वार्षिक आर्थिक विवरण

आर्थिक वर्ष २०७८/७९

आदरणीय शेयरधनी महानुभावहरु, कृषि विकास बैंक लिमिटेडको मिति २०७९/१२/१४. मा सम्पन्न हुने सोह्रौं वार्षिक साधारणसभाको प्रयोजनार्थ बैंकको आर्थिक वर्ष २०७८/७९ को वासलात, नाफा नोक्सान हिसाब, अन्य विस्तृत आम्दानीको विवरण, ईक्विटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत बैंकको आर्थिक कारोबारको सिंहावलोकन, भविष्यका योजनाहरु र लेखापरीक्षकबाट लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरुका सम्बन्धमा संचालक समितिको निर्णय निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत यहाँहरुलाई जानकारी गराउँदछौं ।

बैंकको कारोबार तथा वित्तीय स्थिति

बैंकको आर्थिक वर्ष २०७८/७९ र चालु वर्षको पौष मसान्तसम्मको कार्य सम्पादनको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । कृषि विकास बैंक लि.समूहको वित्तीय विवरणमा ९२.८९ प्रतिशत स्वामित्व भएको सहायक कम्पनी कोष व्यवस्थापन लिमिटेड र २२ प्रतिशत स्वामित्व भएको वित्तीय स्वार्थ रहेको साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको वित्तीय विवरण संलग्न गरी प्रस्तुत गरिएको छ । बैंकको ८३.९६ प्रतिशत स्वामित्व रहेको गोवर ग्यास कम्पनीमा लगानी भएको रु. ३२ लाख ४१ हजारको शत प्रतिशत नोक्सानी व्यवस्था गरिएको छ । कोष व्यवस्थापन कम्पनीको आर्थिक वर्ष २०७८/७९ मा रु. २ करोड ५ लाख नोक्सान भएको र शेयरधनी कोषमा रु. ८ करोड ८५ लाख ८३ हजार कायम रहेको छ । कोष व्यवस्थापन कम्पनीमा रहेको कुल पुँजी कोषको ५६.८६ प्रतिशत रकम विभिन्न कम्पनीहरुको शेयरमा लगानी गरिएको छ । यस कम्पनीले अन्य कुनै कारोबार गरेको छैन । सो कम्पनीमा बैकले रु. २ करोड ८८ लाख लगानी गरेर रु. ८ करोड २२ लाखको खुद सम्पत्ति नियन्त्रण गरेको छ भने रु. ६२ लाख ९९ हजार बराबरको गैर नियन्त्रित स्वार्थ रहेको छ । साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा २२ प्रतिशत वित्तीय स्वार्थ रहेकोले सो कम्पनीमा भएको लगानीलाई Nepal Financial Reporting Standards (NFRSs) ले निर्दिष्ट गरे अनुसार लेखाङ्कन गरी वित्तीय विवरणमा प्रस्तुत गरिएको छ । साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था भएकोले प्रचलित ऐन तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कारोबार गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ को आषाढ मसान्तमा बैंकको निक्षेप रकममा ७.१२ प्रतिशतले वृद्धि भई रु. १७४ अर्ब ५८ करोड पुगेको, कर्जा तथा सापटमा १७.७७ प्रतिशतले वृद्धि भई रु. १७८ अर्ब ३९ करोड पुगेको छ भने सोही अवधिमा बैंकको लगानी रकममा १८.७२ प्रतिशतले वृद्धि भई रु. ४७०६ करोड कायम भएको छ । कुल कर्जा तथा सापटमा निष्क्रिय कर्जाको अनुपात गत आर्थिक वर्षको १.८८ प्रतिशतमा वृद्धि भई आर्थिक वर्ष २०७८/७९ को वर्षान्तमा २.०९ प्रतिशत कायम हुन पुगेको छ । आर्थिक वर्ष २०७७/७८ मा जोखिम भारित सम्पत्तिमा कुल पुँजी कोष अनुपात १६.९४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ को आषाढ मसान्तमा १५.५९ प्रतिशत कायम रहेको छ । आर्थिक वर्ष २०७८/७९ को आषाढ मसान्तमा बैंकको शेयरधनी (अग्राधिकार शेयर पूँजीवाहेक) कोषमा ७.१२ प्रतिशतले वृद्धि भई रु. २७५.९ करोड कायम रहेको छ । त्यसैगरी खुद ब्याज आम्दानी गत आर्थिक वर्षको तुलनामा २१.७१ प्रतिशतले वृद्धि भई रु. ८३५ करोड पुगेको छ ।

बैंकको वित्तीय अवस्थाको विश्लेषण गर्दा कुल निक्षेप २०७९ साल आषाढ मसान्तमा रु. १७४ अर्ब रहेकोमा २०७९ साल पौष मसान्तमा उक्त रकममा रु. ५७ करोडले वृद्धि भई रु. १७५ अर्ब १५ करोड पुगेको छ । कर्जा तर्फ २०७९ आषाढ मसान्तमा बैंकको लगानीमा रहेको कर्जा रु. १ खर्ब ७८ अर्ब रहेकोमा २०७९ पौष मसान्तमा उक्त रकममा १ अर्ब ३३ करोड अर्थात ०.७५ प्रतिशतले वृद्धि भई रु. १७९ अर्ब ७२ करोड कायम रहेको छ । बैंकले चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारण गरिएका लक्ष्यहरु हासिल हुने गरी कार्यक्रम संचालन गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ सम्म कायम रहेको जम्मा वितरण योग्य मुनाफाबाट उक्त बैंकका शेयरधनीहरुलाई २०७९ असार मसान्तमा कायम रहेको चुक्ता पुंजी रु. १३,१८,७९,१५,७६,२१,६९ को २ प्रतिशतले हुने रकम रु २६,३७,५८,३१,५२ बोनस सेयर र ११ प्रतिशतले हुने रकम रु. १,४५,०६,७०,७३,३१,९० नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनको लागि समेत) र नेपाल सरकारको अविमोच्य असंचित अग्राधिकार शेयर पुंजीमा तोकिएको दरमा वार्षिक ६ प्रतिशतले हुने नगद लाभांश रकम रु. ३२५,९६२,७२०।- घोषणा तथा वितरणको लागि मिति २०७९/१२/१४ मा सम्पन्न हुने बैंकको सोह्रौं वार्षिक साधारण सभामा प्रस्ताव पेश गरिने व्यहोरा जानकारी गराउँदछौं । आर्थिक वर्ष २०७८/७९ को बैंकको कारोबार तथा वित्तीय स्थिति निम्नानुसार रहेको छ ।

आ.व. २०७८/७९ मा बैंकको प्रगति विवरण

(रु. हजारमा)

वार्षिक परिणामहरु	इकाई	आ.व. २०७८/७९	आ.व. २०७७/७८	फरक / वृद्धि %
खुद ब्याज आम्दानी	रु. हजारमा	८,३५५,९४०	६,८६५,७१८	२१.७१
कुल संचालन आम्दानी	रु. हजारमा	९,७६६,३४४	९,८७८,४९५	(१.१४)
संचालन मुनाफा	रु. हजारमा	३,६०४,४०५	५,०३७,३१७	(२८.४५)
वर्षान्तको अवस्था				
शेयरधनी कोष	रु. हजारमा	२७,५९८,३६०	२५,७४६,४४३	७.१९
निक्षेप	रु. हजारमा	१७४,५८९,००९	१६२,९९०,२५५	७.१२
कुल कर्जा तथा सापट	रु. हजारमा	१७८,३९४,१८२	१५१,४७०,७३५	१७.७७
कुल लगानी	रु. हजारमा	४७,०६७,८३०	३९,६४४,७०७	१८.७२
कुल सम्पत्ति	रु. हजारमा	२४६,१८४,२४३	२२२,४४०,३४९	१०.६७
प्रति शेयर सूचना				
शेयर पुंजीमा लाभांश (नगद समेत)	**प्रतिशत**	१३	२१.०५२६	(३८.२५)
वर्षान्तमा प्रति शेयर किताबी मूल्य	रु. मा	२०९.२७	२३४.२७	(१०.६७)
वित्तीय अनुपातहरु				
स्थिर सम्पत्तिमा संचालन मुनाफा	प्रतिशत	१४६.८३	२८९.०७	(०.४९)
कर्जा सम्पत्तिको अनुपातमा मुनाफा	प्रतिशत	१.२५	२.३३	(०.४६)
कुल सम्पत्तिको अनुपातमा मुनाफा	प्रतिशत	०.९०	१.५९	(०.४३)
जोखिम भारित सम्पत्तिमा प्राथमिक पुँजीको अनुपात (न्यूनतम ६ प्रतिशत हुनुपर्ने)	प्रतिशत	१३.६२	१४.४३	(०.०६)
जोखिम भारित सम्पत्तिमा कुल पुँजीको अनुपात (न्यूनतम ११ प्रतिशत हुनुपर्ने)	प्रतिशत	१५.५९	१६.९४	(७.९६)
निष्क्रिय कर्जाको कुल कर्जासँगको अनुपात	प्रतिशत	२.०९	१.८८	११.१७

शेयरधनी कोष गणनामा अग्राधिकार शेयर पूँजी समावेश गरिएको छैन ।

भविष्यका योजनाहरु

यस बैंकको भविष्यका योजनाहरु निम्नानुसार रहेका छन् ।

(१) बैंकले प्रवाह गर्ने सेवालाई छिटो, छरितो र ग्राहकमुखी बनाउन विशिष्टीकृत सेवाको लागि कार्यालयहरु किटान गरी क्रमिक रुपमा सेवा विस्तार गरिने छ । ग्राहकमुखी सेवा सुदृढिकरणका लागि केन्द्रिय कार्यालयमा Service Excellence Center स्थापना गरी निरन्तर रुपमा अनुगमन गरिने छ ।
(२) कर्जा प्रवाह, स्वीकृती र कागजात व्यवस्थापन प्रकृयालाई छिटो, छरितो, सहज बनाई गुणस्तर वृद्धिगर्न तथा केन्द्रिय/प्रादेशिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउन कर्जा व्यवस्थापन संरचनामा आवश्यक परिवर्तन/परिमार्जनका साथै Document Management System (DMS) तथा Credit Processing System सम्बन्धी Software लाई आवश्यकता अनुसार अद्यावधिक गरी कार्यान्वयन गरिने छ ।
(३) बैंकिङ व्यवसायमा अन्तर्निहीत जोखिमहरूको पहिचान, मापन, अनुगमन, नियन्त्रण र न्यूनीकरण गर्दै सरल, शिघ्र, सुरक्षित, प्रतिस्पर्धी एवं नाफामुलक सेवा संचालन गरिनेछ ।
(४) Green Financing को अवधारणा अनुरुप वातावरण अनुकुल कर्जा प्रवाह नीति क्रमशः अवलम्बन गर्दै लगिनेछ ।
(५) ग्रामीण अर्थतन्त्र, वैदेशिक रोजगार र उद्यमशीलतामा संलग्न अधिकांश नागरिकसम्म वित्तुतीय वस्तु एवं सेवाको पहुँच पुर्‍याउन Digital Literacy for Financial Inclusion भन्ने नाराका साथ Digital Financinal Literacy Program का साथै Digital Products को विकास र विस्तार गरि कार्यक्रम संचालन गरिनेछ ।
६) कृषि क्षेत्रमा लगानी वृद्धि गर्न नेपाल सरकार र नेपाल राष्ट्र बैंकले गत आ.व. देखि कृषि विकास बैंकलाई अगुवा बैंकको रुपमा अगाडी सारेको र यसका लागि कृषि वण्ड समेत जारी गरिएको सन्दर्भमा चालू आ.व. मा थप ६०० करोड बराबरको कृषि वण्ड जारी गरिनेछ ।
(७) सम्भाव्यताको आधारमा कृषि, जलविद्युत, पर्यटन तथा अन्य क्षेत्रका ठूला परियोजनाहरुमा लगानी विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
(८) कुल निक्षेपमा स्थायी प्रकृतिको न्यून लागतको निक्षेप भार वृद्धि गर्दै निक्षेपको मिश्रणलाई भरपर्दो तथा दिगो बनाउने नीति लिई कार्यक्रम संचालन गरिने छ ।
(९) भारत लगायत तेस्रो मुलुकबाट विप्रेषण आप्रवाहलाई प्रभावकारीरुपमा बैंकिङ्ग प्रणाली मार्फत कारोबार बढाउने कार्यलाई निरन्तरता दिईनेछ ।
(१०) विदेशी मुद्रा कारोबारबाट हुने आम्दानी बढाउनको लागि ट्रेड फाईनान्स (प्रतित पत्र) कारोबार बढाउन जोड दिईने छ ।
(११) बैंकले विभिन्न दात् निकाय तथा एजेन्सीसँग समन्वय, सहकार्य तथा सम्झौता गरी कम लागतको दीर्घकालीन पूँजी स्रोत परिचालन गर्ने वातावरण सिर्जना गरिनेछ ।
(१२) संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य तथा सम्झौता गरी कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
(१३) व्यवसायिक संभावना भएका अधिक आर्थिक कारोबार हुने मालपोत, राजश्व, अस्पताल, विश्वविद्यालय जस्ता निकायहरूसँग व्यवसायीक सम्बन्ध विस्तार गरी निक्षेप संकलन गरिने छ ।
(१४) अगुवा बैंकको रुपमा कृषि क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै जोखिम न्यूनीकरण हुने गरी गुणस्तरीय कर्जा विस्तारमा जोड दिइनेछ ।
(१५) नियमहरुको परिपालना गरी दीगो रुपमा प्रतिस्पर्धात्मक आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्ने सम्बन्धमा बैंकले प्रयोग गर्दै आएको Core Banking System (CBS) लाई थप सुरक्षित बनाउन Cyber Security का राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Best Practices अपनाई भरपर्दो, सबल, विश्वसनीय र जोखिम रहित गराउने कार्यलाई प्राथमिकता दिई तदनुरुपका कार्यहरुको थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
(१६) नेपाल सरकारले कार्यान्वयनमा ल्याएको डिजिटल नेपाल फ्रेमवर्कको मर्म अनुरुप सबै प्रकारका वित्तीय कारोबारको भुक्तानी विद्युतीय माध्यमबाट गर्न प्रोत्साहित गरिनेछ ।
(१७) भुक्तानी प्रणालीको विकास सम्बन्धी सूचकहरु (Payment Systems Indicators- PSID) प्रयोग थप प्रभावकारी बनाइनेछ ।

वित्तीय अवस्थाको विवरण (वासलात)

सम्पत्ति	समूह		बैंक	
	यस वर्ष रु.	गत वर्ष रु.	यस वर्ष रु.	गत वर्ष रु.
नगद तथा नगद सरह	६,५६०,५३०,०९१	१०,६४०,७७९,३९३	६,५५९,९००,७६७	१०,६३६,७३१,९२३
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	६,२०८,९४८,७४६	९,७४०,६१३,३०८	६,२०८,९४८,७४६	९,७४०,६१३,३०८
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	१२७,९००,०००	४,११७,५७५,०००	१२७,९००,०००	४,११७,५७५,०००
डेरीभेटिभ् वित्तीय साधनहरु	१०३,८८०,०००	७०,८६२,४००	१०३,८८०,०००	७०,८६२,४००
अन्य व्यापारिक सम्पत्ति	१,०९९,०३६,९२२	१,७४४,९४५,७५५	१,०४७,४८८,९७८	१,६६६,५३३,७०३
बैंक/वित्तीय संस्थालाई प्रदान गरिएको कर्जा तथा सापट	४,१२३,६८०,३९६	११३,६६८,१५४	४,१२३,६८०,३९६	११३,६६८,१५४
ग्राहकलाई प्रदान गरिएको कर्जा तथा सापट	१७३,३१४,९७२,३८१	१५०,५९८,३५५,८२०	१७३,३१४,९७२,३८१	१५०,५९८,३५५,८२०
धितोपत्रमा गरिएको लगानी	४५,९५३,६०५,३०७	३७,९०९,९५३,५४४	४५,९२२,११६,८९९	३७,८७९,९४९,३६८
चालु कर सम्पत्ति	७५९,२०५,५२९	१,०७३,३४८,५७३	९६६,३१५,७६०	१,२१४,५६१,१२७
सहायक कम्पनीहरुमा गरिएको लगानी			२८,८४०,०००	२८,८४०,०००
एसोसियट्समा गरिएको लगानी	९१४,७८१,६१३	७७४,९१०,३८७	६९,३८४,०००	६९,३८४,०००
सम्पत्तिमा गरिएको लगानी	२५२,५९२,२४६	१९८,२८४,८४३	२५२,५९२,२४६	१९८,२८४,८४३
सम्पत्ति तथा उपकरण	२,२२७,३८८,३३३	१,४८२,८९८,९३६	२,२२५,०८४,१७२	१,४८०,६१५,०९०
ख्याती तथा अमूर्त सम्पत्ति	२२९,७६६,७०४	२६२,००५,१४७	२२९,७६६,७०४	२६२,००५,१४७
स्थगन कर सम्पत्ति	३९,९९२,४८९		५२,१५२,०२८	
अन्य सम्पत्ति	४,९५१,८५२,९७१	४,३६२,५२४,३९६	४,९५१,२१९,८५९	४,३६२,३६९,३६१
कुल सम्पत्ति	२४६,८६८,१३३,७२९	२२३,०९०,७२५,६५७	२४६,१८४,२४२,९३७	२२२,४४०,३४९,२४४
दायित्व	**समूह**		**बैंक**	
	यस वर्ष रु.	**गत वर्ष रु.**	**यस वर्ष रु.**	**गत वर्ष रु.**
बैंक/वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकम	७,९९८,७४२,४०७	१७५,३२४,११६	७,९९८,७४२,४०७	१७५,३२४,११६
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	९,७८१,७०८,३१०	८,७१६,३६३,१६१	९,७८१,७०८,३१०	८,७१६,३६३,१६१
डेरीभेटिभ् वित्तीय साधनहरु				
निक्षेप दायित्व	१६६,५७०,८०५,१५७	१६२,७९३,३३३,८६१	१६६,५९०,२६६,२१६	१६२,८१४,९३०,६७७
सापट	१,७७७,२११,५१२	५३८,५२९,९४४	१,७७७,२११,५१२	५३८,५२९,९४४
चालु कर दायित्व				
व्यवस्थाहरु				
स्थगन कर दायित्व		३४७,६९६,०६३		३२७,५९१,२३६
अन्य दायित्व	६,२०८,६६७,१५७	३,८८८,२४२,०७७	६,२१०,२४१,९९१	३,८८६,२८०,८१४
जारी गरिएको ऋणपत्र	२०,४६९,०३७,५२९	१४,४७६,२११,५५७	२०,४६९,०३७,५२९	१४,४७६,२११,५५७
सुरक्षण नराखिएको सहायक दायित्व				
कुल दायित्व	२१२,८०६,१७२,०७१	१९०,९३५,७००,७७९	२१२,८२७,२०७,९६५	१९०,९३५,२३१,५०५
इक्विटी				
शेयर पूँजी	१८,६२०,६२७,७६३	१६,४२२,६४१,८०२	१८,६२०,६२७,७६३	१६,४२२,६४१,८०२
शेयर प्रिमियम	०	०	०	०
सञ्चित मुनाफा	४,२१९,४१२,६३४	४,२९३,४१६,५३९	३,५२१,७९२,३०८	३,६५४,५११,९८०
कोषहरु	११,२१५,६२१,६११	११,४३१,०६५,४२४	११,२१४,६१४,९०१	११,४२७,९६३,९५७
शेयरधनीहरुको कुल हित	३४,०५५,६६२,००७	३२,१४७,१२३,७६५	३३,३५७,०३४,९७१	३१,५०५,११७,७३९
अल्पसंख्यक समूहको हित	६,२९९,६५०	७,९०१,११३		
कुल इक्विटी	३४,०६१,९६१,६५८	३२,१५५,०२४,८७८	३३,३५७,०३४,९७१	३१,५०५,११७,७३९
कुल इक्विटी र दायित्व	२४६,८६८,१३३,७२९	२२३,०९०,७२५,६५७	२४६,१८४,२४२,९३७	२२२,४४०,३४९,२४४
सम्भावित दायित्व तथा प्रतिवद्धता	१०९,१३२,६५६,४२८	९९,८६२,२७१,६५९	१०९,१३२,६५६,४२८	९९,८६२,२७१,६५९
प्रति शेयर खुद सम्पत्ति मूल्य	२१४.५७	२४०.११	२०९.२७	२३४.२७

नाफा/नोक्सान हिसाबको विवरण

विवरण	समूह		बैंक	
	यस वर्ष रु.	गत वर्ष रु.	यस वर्ष रु.	गत वर्ष रु.
ब्याज आम्दानी	१९,५८२,९७६,९२१	१५,१२१,८७०,७७५	१९,५८२,६०३,३०९	१५,१२४,०४६,१०४
ब्याज खर्च	११,२२५,७५५,८५३	८,२५७,०४१,९७६	११,२२६,६६३,८००	८,२५८,३२८,१३४
खुद ब्याज आम्दानी	८,३५७,२२१,०६८	६,८६४,८२८,७९९	८,३५५,९३९,५०९	६,८६५,७१७,९७०
फि तथा कमिशन आम्दानी	१,४६४,२८६,१३२	१,६१२,९५०,२३६	१,४६४,२८६,१३२	१,६१२,९५०,२३६
फि तथा कमिशन खर्च	५६,१८७,२४७	४६,८८२,६९३	५६,१८६,३८७	४६,८८२,५७३
खुद फि तथा कमिशन आम्दानी	१,४०८,०९८,८८४	१,५६६,०६७,५४३	१,४०८,०९९,७४४	१,५६६,०६७,६६३
खुद ब्याज, फि तथा कमिशन आम्दानी	९,७६५,३१९,९५२	८,४३०,८९६,३४२	९,७६४,०३९,२५३	८,४३१,७८५,६३३
खुद व्यापारिक आम्दानी	९,२५७,५३८,६५००	१,०३९,८०७,९९२	९२३२,४५८,१२४०	९९४,२९६,८६४
अन्य संचालन आम्दानी	२३४,९८१,०१८	४५२,४१२,५८४	२३४,७८२,९१६	४५२,४१२,५८४
कुल संचालन आम्दानी	९,७४२,

युवा पलायन रोक्न स्वरोजगार अभियान

सहुलियत ब्याजदरमा आवधिक ऋण दिलाउँदै आयआर्जन वृद्धि गरी जीविकोपार्जन सहज बनाउन बेरोजगार व्यक्तिलाई स्वरोजगारका विभिन्न क्षेत्रमा आबद्ध गराउन सकिन्छ



अर्थ संवाद

• विश्वमोहन अधिकारी

कार्यकारी निर्देशक, युवा तथा साना व्यवसायी स्वरोजगार कोष

नेपालको संविधानमा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने तथा श्रम र रोजगारसम्बन्धी नीति तय गरी सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिका रूपमा श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने व्यवस्था छ। कोभिड-१९ संक्रमणका कारण खलबलिएको विश्व उत्पादन तथा आपूर्ति शृंखला रुस-युक्रेन युद्धका कारण थप प्रभावित हुन पुगेको र सरकारले अवलम्बन गरेको सुधारलक्षित प्रयासबाट पनि अपेक्षाकृत नतिजा आउन सकेको छैन।

विश्व आर्थिक परिदृश्यमा देखिएको पछिल्लो परिवर्तनबाट प्रभावित आर्थिक गतिविधिलगायतका कारणबाट नेपालमा औद्योगिक उत्पादन तथा व्यावसायिक क्षेत्रमा आएको कमी, वित्तीय क्षेत्रको तरलता संकुचन, लगानीयोग्य पुँजीको अभाव, उच्च ब्याजदर, बढ्दो व्यापार घाटा, न्युन पुँजीगत खर्च, घट्दो राजस्व परिचालन, विदशी मुद्रा सञ्चितिमा परेको दबाब तथा पुँजीबजारमा आएको सुस्तताका कारण अर्थतन्त्रमा देखा परेको समस्याको उचित सम्बोधन गर्नुपर्ने टड्कारो आवश्यकता छ।

देशमा बढ्दै गएको बेरोजगार, वैदेशिक रोजगारको खोजीमा बिदेसिएका युवा, आयातमुखी अर्थतन्त्र आदिलाई सम्बोधन गर्न नेपाल सरकारले स्थानीय स्रोत-साधनको समुचित प्रयोग हुने गरी देशमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगारमूलक व्यावसायिक परियोजना सञ्चालन गर्न स्थानीयस्तरमा सुलभ र सुरक्षित व्यावसायिक कर्जा उपलब्ध गराउनुपर्छ। साथै, उद्यमशीलताको विकासमार्फत देशभित्र स्वरोजगारका अवसर सिर्जना गर्न 'युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन नियमावलीअन्तर्गत युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरेको हो।

कोभिड-१९ पछि हाल देशमा करिब २३ प्रतिशत जनसंख्या बेरोजगार रहेको, प्रत्येक दिन १५ सयको हाराहारीमा युवा रोजगारीका सिलसिलामा विदेश पलायन भएको, विद्यमान बोनस पपुलेसनलाई उत्पादनसँग जोड्न नसकिएको तथा आयातमुखी अर्थतन्त्र आदिका कारण यो कोषको आवश्यकता दिनानुदिन बढ्दै गएको छ।

देशमा उपलब्ध जनशक्तिलाई आर्थिक रूपमा सक्षम, सामाजिक रूपमा जिम्मेवार, जागरुक एवं सिर्जनशील बनाई स्वरोजगार कार्यक्रममा उनीहरूको सहज पहुँच, प्रयोग र स्रोत परिचालन गर्न सक्ने अवस्था सिर्जना गनुपर्छ। साथै, अपनत्व र स्वामित्वको अनुभूति गराई कार्यक्रमलाई प्रभावकारी बनाउन युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

नेपालमा बर्सेनि करिब पाँच लाख मानिस श्रम बजारमा आउँछन् भने देशमा रहेका कलेज तथा विश्वविद्यालय बेरोजगार उत्पादन गर्ने कारखानाको रूपमा परिभाषित हुँदै गएका छन्।

विश्वविद्यालयबाट निस्कने जनशक्ति दक्ष, अर्धदक्ष हुनु अनिवार्य भइसकेको छ। आजको आवश्यकता भनेको कक्षा १२ सम्मको अध्ययन अनिवार्य गराई त्यसपछिको अध्ययन देशको आवश्यकतासँग मेल खाने गरी मात्र सञ्चालन गर्नुपर्छ, जसका कारण अदक्ष जनशक्तिको उत्पादन कम हुन्छ र बेरोजगारको समस्यासमेत केही हदसम्म समाधान हुन्छ।

देशको भौगोलिक अवस्था, उत्पादनका साधनको उपलब्धता, बजारको सुविधा तथा स्वरोजगार/रोजगार हुन चाहनेको समन्वयमा कृषि व्यवसायमा आबद्ध हुनुपर्ने अवस्था सिर्जना भएको छ। नेपालमा स्वरोजगार/रोजगार सिर्जना गर्ने, धेरै मानव संसाधन उपयोग गर्ने, छोटो जीवनचक्र, छिटै नगद प्रवाह र आयात प्रतिस्थापन गर्न कृषि क्षेत्रजस्तो प्रभावकारी अन्य क्षेत्र हुन सक्दैन। कोरोनाका कारण कृषिजन्य पदार्थको निर्यात गर्ने देशले निर्यातमा प्रतिबन्ध लगाउन सक्ने सम्भावना अझ बढ्ने देखिन्छ। नेपाल कुखुराको मासु, अन्डा, दूधमा आत्मनिर्भर भइसकेको अवस्थामा यो रणनीति कार्वान्यन गर्न सकेमा अन्य खाद्य पदार्थमा समेत आत्मनिर्भर हुन सकिन्छ भने बर्सेनि करिब चार खर्ब रुपैयाँको कृषिजन्य पदार्थको आयातसमेत घटाउन सकिन्छ।

यस्तैगरी, निर्माण र निर्माणसँग सम्बन्धित क्षेत्र, व्यापार व्यवसाय, ई-कमर्स, टेलिकम, मर्मतसम्भार, प्रविधि, कालिगढ सेवा, कन्सल्टेन्सी सेवा आदि क्षेत्रमा सीपयुक्त मानव संसाधनको आवश्यकता छ। उदाहरणका रूपमा नेपालमा सुन, चाँदी तथा आभूषण व्यवसायमा मात्र करिब एक लाख जनशक्ति पश्चिम बंगालबाट ल्याइएको अवस्था छ। यस्तै, नेपालमा अन्य साना तथा मझौला उद्योग र ठूला उद्योगसमेतमा सीपयुक्त जनशक्तिको ठूलो खाँचो छ, जसको आपूर्ति भारतीय जनशक्तिबाट गरिएको छ।

विडम्बना के छ भने देशको यस्तो अवस्थामा सरकारले कृषि व्यवसायका लागि प्रदान गरेको अनुदान सीमित व्यक्तिले मात्र कागजी परियोजना खडा गरी दुरुपयोग गरिरहेको अवस्था छ भने झन् डरलाग्दो अवस्था त देशका केही राष्ट्रिय उद्योगपति र व्यवसायीले कृषि उद्यमका नाममा असीमित जग्गा खरिद गरी नवजमिन्दारको उदय भइरहेको छ। विप्रेषण आयको भूमिका देश विकासका लागि अल्पकालीन हुन्छ भने स्वदेशी स्रोत र साधनको उपयोग गरी कृषिलगायतका क्षेत्रको भूमिका दीर्घकालीन हुन्छ।

विदेशबाट फर्कन सक्ने जनशक्तिलाई उत्पादनसँग, त्यसमा पनि विशेषगरी कृषि उत्पादनसँग जोड्न सकेमा ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने अवसरका रूपमा समेत लिन सकिन्छ। रेमिट्यान्स र आयातमा आधारित अर्थतन्त्रका कारण देशको अर्थव्यवस्थामा देखिएका चुनौतीलाई सम्बोधन गर्न स्वरोजगार सिर्जनामा सरकारले विशेष ध्यान दिई युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरेको पाइन्छ। कुल गार्हस्थ्य उत्पादनको करिब २५ प्रतिशत रेमिट्यान्समाथिको निर्भरता र आयातमा आधारित अर्थतन्त्रलाई उत्पादनमा आधारित अर्थतन्त्रमा रूपान्तरणका लागि स्वरोजगारमूलक कार्यक्रमको आवश्यकता देखिन्छ। कोरोना संक्रमण न्यूनीकरणका लागि लागू गरिएका नियन्त्रणात्मक व्यवस्थालाई सहज गरिएका कारण अर्थतन्त्र क्रमशः चलायमान हुन थालेको र अर्थतन्त्र बिस्तारैलयमा फर्किरहेको अवस्थामा वर्तमान अस्थिर राजनीतिक घटनाक्रमले कस्तो असर पर्ला भनी विभिन्न अड्कलबाजी भइरहेका छन्। यस्तो अवस्थामा आर्थिक एजेन्डा छायामा पर्न सक्छन् भने समग्र आर्थिक नीति तथा वित्तीय नीतिमा समेत परिवर्तनको सम्भावना देखिन्छ। यस्तो तरल राजनीतिक अवस्थाले नेपाल यतिवेला राजनीतिक संक्रमण मात्र होइन, आर्थिक संक्रमणबाट समेत गुज्रनुपर्ने बाध्यतामा फस्दै छ भनिन थालिएको छ। त्यसो त नेपालमा आएको वर्तमान तरल राजनीतिक अवस्था कुनै एक व्यक्ति वा दलका कारणभन्दा पनि समग्र हाम्रो राजनीतिक संस्कार, राजनीतिक दल र स्वयं जनताका कारण सिर्जना भएको हो। अझ देशमा अर्को डरलाग्दो परिस्थिति निर्माण भइरहेको छ। त्यो हो, क्रोनिक क्यापिटालिजम। फलस्वरूप आज देशमा १० लाखभन्दा बढी राजनीतिक पार्टीका कार्यकर्ता कामै नगरी विभिन्न राजनीतिक पार्टीको वरिपरि रही उत्पादन कार्यमा संलग्न नभई सानदार जीवनयापन गरिरहेका छन्।



कोभिड- १९ संक्रमणका कारण खलबलिएको विश्व उत्पादन तथा आपूर्ति शृंखला रुस-युक्रेन युद्धका कारण थप प्रभावित हुन पुगेको र सरकारले अवलम्बन गरेको सुधारलक्षित प्रयासबाट पनि अपेक्षाकृत नतिजा आउन सकेको छैन

प्रत्येक दिन १५ सयको हाराहारीमा युवा रोजगारीका सिलसिलामा विदेश पलायन भएको, विद्यमान बोनस पपुलेसनलाई उत्पादनसँग जोड्न नसकिएको तथा आयातमुखी अर्थतन्त्र आदिका कारण स्वरोजगार कोषको आवश्यकता बढ्दै गएको छ

हाल देशमा नेपाल सरकारका विभिन्न मन्त्रालयमा रहेका समान प्रकृतिका संस्थाहरू युवा तथा साना व्यवसायी स्वरोजगार कोष, गरिबी निवारण कोष, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, मुख्यमन्त्री स्वरोजगार कार्यक्रम, मेयर स्वरोजगार कार्यक्रम, राष्ट्रिय युवा परिषद्अन्तर्गत रहेका कार्यक्रम, विभिन्न मन्त्रालयअन्तर्गत रहेका स्वरोजगार कार्यक्रमहरूलाई एकीकृत रूपमा एउटै छाता संगठनभित्र राखी सञ्चालन गर्नुपर्ने देखिन्छ।

आर्थिक रूपले विपन्न महिला, दलित, आदिवासी जनजाति, लोपोन्मुख, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, द्वन्द्वपीडित तथा पिछडिएको क्षेत्रका व्यक्ति वा समुदाय, गरिब, किसान, मजदुर, सुकुमबासी वा साना व्यवसायी एवं युवा तथा परम्परागत सीप भएका जातजातिलाई व्यावसायिक खेती, पशुपन्छीपालन, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सहुलियत ब्याजदरमा आवधिक ऋण उपलब्ध गराई आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउन बेरोजगार व्यक्तिलाई स्वरोजगारका विभिन्न क्षेत्रमा आबद्ध गराउन सकिन्छ। जसमध्ये व्यावसायिक खाद्यान्नबाली, तरकारी, पशुपालन, फलफूल खेती, होमस्टे तथा अन्य पर्यटकीय क्रियाकलापहरू मुख्य हुन्।

यी सम्पूर्ण क्षेत्रमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग सहकार्य गर्न सक्ने देखिन्छ। विशेष गरी स्वरोजगार सिर्जना गर्न क्रममा निःशुल्क तालिम, बिमा, व्यवस्थापन शुल्क, व्यवसाय प्रवर्द्धनलगायत स्थानीय निकायसँगको साझेदारीमा स्थानीय निकायको आवश्यकताबमोजिम अन्य धेरै क्षेत्रमा सहकार्य गर्न सकिन्छ। ऐतिहासिक महत्त्वको यस देशमा सम्भावनैसम्भावना भए तापनि पछि परेको देशलाई स्वरोजगारका माध्यमबाट अगाडि बढाउन सकिन्छ।

EVEREST BEER | Golden TIGER BEER | EVEREST DRAFT | RHINO BEER | RHINO STRONG BEER

आवश्यकता

यस माउण्ट एभरेष्ट ब्रुअरी प्रा.लि. का उत्पादनहरु एभेष्ट बियर, गोल्डेन टाईगर बियर तथा राईनो स्ट्रङ्ग बियर लाई बजारमा अझ सुदृढ ढङ्गबाट बिक्रि वितरण गर्न निम्नानुसार व्यवसायिक सहयोगीहरु आवश्यकता भएको व्यहोरा जानकारी गराउंदछौं ।

१. नेशनल डिष्ट्रिव्युटर :

क्षेत्र :- नेपाल अधिराज्यभर यस कम्पनीका स्टकिष्ट, रिजनल डिष्ट्रिव्युटर तथा डिलरहरुलाई बिक्रि वितरण गर्ने गरी

२. स्टकिष्ट :

क्षेत्र : आपसी सहमतिमा तोकिए बमोजिमको क्षेत्रमा यस कम्पनीका रिजनल डिष्ट्रिव्युटर तथा डिलरहरुलाई बिक्रि वितरण गर्ने गरि

व्यवसायिक अनुभव र लगानी गर्न आर्थिक अवस्था सुदृढ भएका ईच्छुक व्यक्ति तथा फर्महरुले उपरोक्त विवरण स्पष्ट रुपमा खुलाई १५ (पन्ध्र) दिन भित्र निवेदन दिनु हुन अनुरोध गरिन्छ । कम्पनीको तर्फबाट लगानीको आकर्षक प्रतिफलको व्यवस्था गरिनेछ ।

माउण्ट एभरेष्ट ब्रुअरी (प्रा.) लि.

बिणा चेम्बर्स, प्रदर्शनी मार्ग, काठमाडौं

सम्पर्क : ९८५१०७५८७८, ०१-५३२७०५८ । ईमेल : mebpl2079@gmail.com

श्री महादेवस्थान माध्यमिक विद्यालय

धुनिवेशी- ०५, कुमाईखोला, धादिङ

बागमती प्रदेश, नेपाल ।

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०७९/११/१५

यस श्री महादेवस्थान माध्यमिक विद्यालयबाट देहायबमोजिमको कामको लागि मिति २०७९।१०।१३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार पेश हुन आएका मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको प्रस्ताव न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

S. N.	CONTRACT ID	DESCRIPTION OF WORKS	BIDDER NAME AND ADDRESS	FINAL BID PRICE INCLUDING (VAT & P.S.)
1.	21/SCHOOL/ MMV/NCB/ 078/79	CONSTRUCTION OF 8 ROOMED BUILDING IN MAHADEVSTHAN SCHOOL	AKAULIYA CONSTRUCTION AND TRADERS, CHANDRAGIRI- 01	RS. 98,18,625.33

अनिल रुपाखेती
प्रधानाध्यापक

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Karnali River Management Project
Rajapur Bardiya

Issuance of Letter of Intent to Award the Contract

Date of publication: 19th Falgun 2079 (3rd March 2023)

This is to notify all the concerned bidders as per Public Procurement Act 2063 clause no 27(2) that, it is our intention to award the following contracts to you for execution of the contracts as your bid price as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as lowest evaluated substantially responsive bid.

S.N.	Contract ID	Bidders Name & Address of Bidder	Bid Price with VAT
1	KRMP/KLB/NCB/27/079/080	Narayanam Nirman Sewa Banke	100272953.51
2	KRMP/KLB/NCB/28/079/080	Naba Janukadevi - New Tech-Sundharadevi JV, Rasuwa.	157674267.39
3	KRMP/KLB/NCB/29/079/080	Naba Janukadevi - New Tech JV, Rasuwa	72103894.96
4	KRMP/KLB/NCB/MT-04/079/080	Naba Janukadevi- Sharada JV, Dang	109144363.72

CC: Shanidev Nirman Sewa, Kanchanpur, Pasupati Nirman Sewa, Chitwan

Project Director

कर्णाली प्रदेश सरकार
भौतिक पुर्वाधार, उर्जा तथा जलश्रोत मन्त्रालय
पुर्वाधार विकास निर्देशनालय
पुर्वाधार विकास कार्यालय
हुम्ला

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७९/११/१५

यस कार्यालयबाट मिति २०७९ जेष्ठ ३१ गते Himalaya Times राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार तपशिलको सडकको खरिद कार्यको लागि तोकिएको म्याद भित्र यस कार्यालयको E-GP portal मा पेश भएका बोलपत्रहरुमध्ये तपशिल अनुसारको बोलपत्र सारभुतरुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपशिल

सि. न.	ठेक्का न.	सडकको नाम	कबोल अंक (पि. एस. र मु. अ. कर समेत)	बोलपत्रदाताहरुको नाम र ठेगाना
1	IDO/HUM-LA/W/MP/ NCB/01/2079-080	Construction of Khar-punath- Chuwakhola-Ta-pulekh Road Project (Dojam Village Paireta to Chyamatang), Simikot-01, Humla	20,74,56,181.37	M/S Kashyap- Dawa JV, Jorpati, Kathmandu

Act. Office Chief

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १९ फागुन ०७९

फागुनमै अर्बभन्दा बढी नाफा, तर इन्धनको मूल्य घटेन

निगमले ०७१ असोजदेखि पेट्रोलियमको स्वचालित मूल्य प्रणाली लागू गरे पनि कार्यान्वयन नगर्दा उपभोक्ता मारमा

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल आयल निगमले फागुनमा एक अर्बभन्दा बढी नाफा सुनिश्चित गरेको छ। निगमले १ देखि १६ फागुनसम्मको अवधिमा ७३ करोड नाफा आर्जन गरेको छ। १७ देखि ३० फागुनसम्म थप ४४ करोड सात लाख नाफा आर्जन गर्ने प्रक्षेपण गरेको छ। यसरी एक महिनामै एक अर्ब १७ करोड नाफा आर्जन गर्ने प्रक्षेपण राखेको निगमले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ घटेको अहिलेको समयमा पनि उपभोक्तालाई राहत दिन भने इन्कार गरेको छ। इन्डियन आयल कर्पोरेसन (आइओसी)ले प्रत्येक १५ दिनमा निगमलाई नयाँ मूल्य सूची पठाउने क्रममा गत १ र १७ फागुनमा पेट्रोलियमको मूल्य घटाएर पठाए पनि आयल निगमले नेपाली बजारमा मूल्य स्थिर नै राखेको छ।

दुईपटक गरेर आइओसीले पेट्रोलमा ३.१८ रुपैयाँ र डिजेल ११.४५ रुपैयाँ प्रतिलिटर घटाएर पठाइसकेको छ। तर, निगमले घटेको मूल्यको वास्तै नगरी नेपाली बजारमा करिब एक महिनाअघि वृद्धि गरिएको मूल्यमै पेट्रोलियम बिक्री गरिरहेको छ। निगमले अन्तिमपटक २३ माघ रातिदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर ३-३ रुपैयाँ बढाएर क्रमशः एक सय ७८ र एक सय ७५ रुपैयाँ कायम गरेको छ।

आइओसीले नयाँ मूल्य सूची पठाउने क्रममा मंगलबार ग्यासबाहेक सबै पेट्रोलियम पदार्थको मूल्य घटाएर पठाएको निगमले जनाएको छ। प्रतिलिटर पेट्रोल १.२१ रुपैयाँ, डिजेल ५.०५ रुपैयाँ, मट्टीतेल ३.४० रुपैयाँ र हवाई इन्धन ७.०३ रुपैयाँ प्रतिलिटर घटेर आएको छ। त्यस्तै, एलपी ग्यास भने ३३९.०६ रुपैयाँ प्रतिसिलिन्डर बढेर आएको निगमले जनाएको छ।

१६ अर्ब बक्यौता र ऋण तिर्नुपर्ने चुनौती छ

● **विनीतमणि उपाध्याय**, प्रवक्ता, आयल निगम



आइओसीलाई भुक्तानी गर्नुपर्ने रकम, पुरानो बक्यौता र सरकारलाई तिर्नुपर्ने ऋणसमेत गरी करिब १६ अर्ब बाँकी रहेको अवस्थामा समेत पेट्रोलियमको आपूर्ति प्रणालीलाई व्यवस्थित गर्दै आइरहेका छौं। अहिले अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पेट्रोलियमको मूल्य केही घट्ने क्रममा रहेकाले यसपटकलाई निगमको वासलात नाफामा देखिएको हो। तर, सधैं यही स्थिति हुने देखिँदैन। किनभने, एलपी ग्यासको मूल्य उच्च दरले बढेको अवस्था छ। त्यस्तै, आइओसीको बक्यौता र सरकारको ऋण तिर्नुपर्ने चुनौतीपूर्ण अवस्थाको सामना निगमले गरिरहेको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

महिनामा अर्बभन्दा बढी नाफा राखेर पेट्रोलियम पदार्थको मूल्य स्थिर राख्नु स्वस्थ र प्रतिस्पर्धी बजार सिद्धान्तप्रतिकूल भएको उपभोक्ता अधिकारकर्मीको भनाइ छ। उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सिनाले सरकारी स्वामित्वको निगमले तत्काल मूल्य घटाएर राहत दिनुपर्ने बताए। 'एक महिनामै अर्ब नाफा कमाउने उद्देश्यले सरकारी निकाय अघि बढ्नुहुँदैन। यो त उपभोक्तामाथिको अपराध हो,' उनले भने, 'त्यसैले दुईपटकसम्म घटेर आएको मूल्यको लाभ नेपाली उपभोक्ताले पाउनका लागि निगमले पेट्रोलियमको भाउ घटाउनुपर्छ।'

अहिले अन्तर्राष्ट्रिय बजारमा समेत कच्चा तेलको भाउ निरन्तर ओरालो लागिरहेको छ। १ फागुनमा ८६.१९ डलर प्रतिब्यारेल रहेको कच्चा तेलको भाउ ८० डलर प्रतिब्यारेलसम्म झरेर पुनः केही बढेको छ। यद्यपि, पछिल्लो समय कच्चा तेलको भाउ ओरालो लाग्ने प्रवृत्ति दोहोरिरहेको छ। आयल निगमले १४ असोज, ०७१ देखि पेट्रोलियम पदार्थको मूल्य निर्धारण गर्न स्वचालित प्रणाली लागू गरे पनि व्यवहारमा कार्यान्वयन नगर्दा अहिले उपभोक्ता मारमा परेका हुन्। स्वचालित मूल्य प्रणालीलाई देखाएर अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्नासाथ नेपाली बजारमा मूल्य बढाइहाल्ने निगमले अन्तर्राष्ट्रिय बजारमा मूल्य घटेका वेला भने बक्यौता तिर्नुपर्ने वा भारतसँगको सीमा क्षेत्रमा रहेको मूल्यसँग प्रतिस्पर्धा गर्नुपर्ने कारण देखाएर मूल्य स्थिर राख्दै आएको छ।

■ यस्तो छ १५ दिनमा ४४ करोड कमाउने हिसाब

● **पेट्रोल १७.६५ करोड नाफा** : आयल निगमले आइओसीबाट प्रतिलिटर ९२.६९ रुपैयाँमा किनेको पेट्रोल नेपाली बजारमा एक सय ७८ रुपैयाँमा बिक्री गर्दै आएको छ। यसमा प्रतिलिटर ७.२५ रुपैयाँ नाफा राखिएको छ। १५ दिनमा देशभर २४ हजार तीन सय ५३ किलोलिटर पेट्रोल बिक्री हुने अनुमानका आधारमा यो अवधिमा १७ करोड ६५ लाख रुपैयाँ नाफा आर्जन हुने निगमको प्रक्षेपण छ।

● **डिजेल ७९.४१ करोड नाफा** : निगमले आइओसीबाट प्रतिलिटर १०३.१० रुपैयाँमा किनेको डिजेल नेपाली बजारमा एक सय ७५ रुपैयाँमा बिक्री गर्दै आएको छ। यसमा प्रतिलिटर १४.४४ रुपैयाँ नाफा राखिएको छ। १५ दिनमा ५५ हजार किलोलिटर डिजेल बिक्री हुने अनुमानका आधारमा यो अवधिमा ७९ करोड ४१ लाख रुपैयाँ नाफा हुने निगमको अनुमान छ।

● **मट्टीतेल १.७१ करोड नाफा** : निगमले आइओसीबाट प्रतिलिटर १०५.१६ रुपयाँमा किनेको मट्टीतेल नेपाली बजारमा एक सय ७५ रुपैयाँमा बिक्री गर्दै आएको छ। यसमा प्रतिलिटर ४२.५७ रुपैयाँ नाफा छ। मट्टीतेलको बिक्री परिमाण न्यून (चार सय तीन किलोलिटर) मात्रै भएकाले प्रतिलिटर नाफादर उच्च भए पनि आगामी १५ दिनमा एक करोड ७१ लाख रुपैयाँ मात्र नाफा हुने निगमको प्रक्षेपण छ।

● **हवाई इन्धन ३८.१३ करोड नाफा** : निगमले आइओसीबाट प्रतिलिटर १०१.२८ रुपैयाँ प्रतिलिटरमा किनेको आन्तरिक हवाई इन्धन एक सय ७० रुपैयाँ र बाह्य हवाई इन्धन १.४२ डलरमा बिक्री गर्दै आएको छ। आन्तरिक हवाई इन्धनमा ३६.२० रुपैयाँ र बाह्य हवाई इन्धनमा ७३.२६ रुपैयाँ प्रतिलिटर नाफा राखेको छ। १५ दिनमा ६ हजार एक सय २२ किलोलिटर हवाई इन्धन बिक्री हुने अनुमानका आधारमा यो अवधिमा ३८ करोड १३ लाख रुपैयाँ नाफा हुने प्रक्षेपण छ।

● **एलपी ग्यास ९२.८२ करोड घाटा** : निगमले आइओसीबाट प्रतिसिलिन्डर १,७५९.२४ रुपैयाँमा किनेको खाना पकाउने एलपी ग्यास नेपाली उपभोक्तालाई १८ सय रुपैयाँमा बिक्री गरिरहेको छ। ग्यास बिक्रीबाट निगमलाई प्रतिसिलिन्डर ६३५.५० रुपैयाँ घाटा छ। मासिक १४ लाख ६० हजार थान सिलिन्डर बिक्री हुने अनुमानका आधारमा यो अवधिमा ९२ करोड ८२ लाख रुपैयाँ घाटा हुने प्रक्षेपण छ।

ऋण नतिर्न आन्दोलन गर्नु अराजकता हो : बैंकर्स संघ

काठमाडौं/ ऋणको साँवा-ब्याज तिर्नुपर्ने ऋणीको दायित्व भएकाले नतिर्ने भन्दै आन्दोलन गर्नु अराजकता भएको नेपाल बैंकर्स संघले बताएको छ। बिहीबार एक विज्ञप्ति जारी गर्दै संघले कानुनविपरीत कुनै पनि गतिविधि नगर्न आग्रह गरेको छ।

बैंक-वित्तीय तथा लघुवित्त संस्थाहरू नियामक निकायद्वारा जारी गरिएको नीति-निर्देशन तथा विभिन्न ऐनको अधीनमा रही बैंकिङ सेवा प्रदान गर्दै आइरहेको उल्लेख छ। संघले केही समस्या भएको खण्डमा सम्बन्धित संस्थासँग छलफल गरी अघि बढ्नुपर्ने धारणा दिएको छ। विज्ञप्तिमा उल्लेख छ, 'आगामी दिनमा बैंकिङ क्षेत्रलाई थप सबल र सुदृढ बनाउँदै मुलुकको आर्थिक विकासमा मद्दत गर्न सबै सरोकारवालाको साथ र सहयोगको अपेक्षा गर्दछौं।'

पछिल्लो समय केही व्यक्तिहरूले बैंक-वित्तीय तथा लघुवित्त संस्थाहरूविरुद्ध दिएको नकारात्मक टिप्पणी एवं आन्दोलनको घोषणाले कर्मचारीहरू हतोत्साही बनाएको संघले बताएको छ। उसले धम्कीपूर्ण अभिव्यक्तिहरू र अराजक व्यवहारको खण्डनसमेत गरेको छ।

बैंक तथा वित्तीय संस्थाहरूले चार करोड ८३ लाखभन्दा धेरै निक्षेप खातामार्फत झन्डै ५,४०० अर्ब रुपैयाँ निक्षेप संकलन र १८ लाखभन्दा धेरै ऋणीहरूमार्फत ४,८०० अर्ब रुपैयाँभन्दा धेरै कर्जा परिचालन गर्दै आइरहेको संघले जानकारी दिएको छ। यस क्षेत्रले ५३ हजारभन्दा धेरै प्रत्यक्ष रोजगारी सिर्जना गरेको छ। बैंक तथा वित्तीय संस्थाहरूले गत आर्थिक वर्षमा राज्यलाई ३४ अर्बभन्दा धेरै कर तिरेको र कोभिड संक्रमणमा ब्याजदर छुटमार्फत ऋणीहरूलाई प्रत्यक्ष रूपमा १० अर्बभन्दा धेरैको ब्याजमा छुट दिएको बताएको छ। देशको दूरदराजमा लघुवित्त संस्थाहरूले झन्डै ६० लाख निक्षेप खाता तथा ३२ लाखभन्दा धेरै ऋणीहरूलाई सेवा प्रदान गर्नुका साथै २३ हजारभन्दा धेरै प्रत्यक्ष रोजगारीसमेत प्रदान गरेको जानकारी संघले दिएको छ।

'बैंक-वित्तीय तथा लघुवित्त संस्थाहरूको आफ्ना ग्राहकसँग रहिआएको सुमधुर सम्बन्धलाई एकाध नकारात्मक क्रियाकलापले बिथोल्न नसक्नेमा हामी स्पष्ट छौं,' विज्ञप्तिमा उल्लेख छ, 'कुनै पनि बैंक-वित्तीय तथा लघुवित्त संस्थाबाट ऋण लिएपछि नियमित रूपमा कर्जाको साँवा-किस्ता तिर्नु ऋणीको पहिलो दायित्व हुनेमा दुईमत छैन। विभिन्न सर्तहरूको अधीनमा रही बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएपछि नतिर्ने भन्नु अराजकता हुनुका साथै यस प्रकारका क्रियाकलाप कसैको हितमा नहुने, यसले असहज वातावरण सिर्जना गर्ने र आर्थिक गतिविधिमा समेत नकारात्मक असर पार्न सक्ने हुनाले यसप्रति सजग रहन हामी सबैमा आग्रह गर्दछौं।'

पोखरामा रात्रि उडान सुरु

सौर्य एयरलाइन्सले गऱ्यो पहिलो रात्रि उडान

कास्की/ पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (पिआइए)मा रात्रिकालीन उडान सुरु भएको छ। १७ पुसदेखि सञ्चालनमा आएको विमानस्थलमा ११ फागुनमा इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स (आइएफआर) लागू भएसँगै अन्तर्राष्ट्रिय उडान र रात्रिकालीन उडानका लागि तयार भएको थियो।

रात्रिकालीन उडानका लागि तयार भएको एक सातामा निजी वायुसेवा कम्पनी सौर्य एयरलाइन्सले बुधबार राति पहिलो रात्रिकालीन उडान भरेको हो। चालकदलका सदस्यसहित ३७ जना यात्रु सवार सौर्यको काठमाडौंबाट आएको सिआरजे २०० जेट इन्जिन विमानले सफलतापूर्वक विमानस्थलमा अवतरण गरेसँगै पहिलो रात्रिकालीन उडान सफल भएको हो। आइएफआर लागूसँगै विमानस्थल अब १८ घन्टा खुला रहने भएको छ।

८:३६ बजे पोखरामा अवतरण गरेका विमानले ९:०४ बजे पुनः काठमाडौंका लागि उडान भरेको विमानस्थलका प्रमुख विक्रम गौतमले जानकारी दिए। विमानस्थलमा अवतरण गरेको उक्त विमानले चालकदलसहित ५१ जना यात्रु लिएर पुनः काठमाडौंका लागि उडान भरेको उनले जानकारी दिए। सौर्यको नियमित उडान नभएको र बुधबार प्लेन डिले भएकाले रात्रि उडान गरेको उनले जानकारी दिए।

रात्रि उडानका लागि विमानस्थल तयार भएसँगै रात्रि उडानका लागि बुद्ध एयरले अनुमति लिई २५ फागुनदेखि रात्रि उडान सुरु गर्ने तयारी गरेको छ। २५ गते काठमाडौंबाट पोखरा आएर बुद्धका चारवटा विमानले वास बस्ने र बेलुका आठ बजेसम्म काठमाडौं–पोखरा उडान भर्ने भएको छ। विमानस्थलमा रात्रिकालीन उडान सुरु भए पनि अन्तर्राष्ट्रिय उडान कहिलेबाट सुरु हुन्छ भन्ने टुंगो छैन। विमानस्थलमा हाल बुद्ध, यती, सौर्य, गुण, श्री एयरलाइन्सले देशका विभिन्न भागमा आन्तरिक उडान गर्दै आएका छन्। रात्रि उडानका लागि ती कम्पनीहरूले समेत चासो दिएको गौतमले जानकारी दिए।

बुद्धको पोखराबाट भद्रपुर उडान

काठमाडौं/ २५ फागुनदेखि बुद्धले पोखराबाट झापाको भद्रपुरमा दैनिक सीधा उडान गर्ने भएको छ। पोखरादेखि भद्रपुरसम्मको उडान अवधि करिब एक घन्टाको हुनेछ। यस गन्तव्यको प्रमोसनल भाडादर सात हजार पाँच सय रुपैयाँ तोकिएको छ।

पोखराबाट भद्रपुरको उडान समय बिहान ६:१५ तथा भद्रपुरबाट पोखराको उडान समय १८:५५ रहेको बुद्धले जनाएको छ। दैनिक उडानबाट यी दुवै ठाउँको पर्यटकीयस्थलमा चहलपहल बढ्ने विश्वास बुद्ध एयरको छ। सीधा उडानबाट भद्रपुरनजिक रहेका भारतीय सहरहरू सिक्किम तथा पश्चिम बंगालका दार्जिलिङ, सिलिगुडी तथा विभिन्न सहरका पर्यटकलाई पोखरा आउजाउ गर्न निकै सजिलो हुने बुद्धले जनाएको छ।

घुन्सा खोला र सिम्बुवा खोलामा प्राधिकरणको साझेदारी

काठमाडौं/ हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआईडिसिएल)ले अघि बढाएका दुई जलविद्युत् आयोजनाको निर्माणमा अब नेपाल विद्युत् प्राधिकरण र विद्युत् उत्पादन कम्पनीले पनि साझेदारी गर्ने भएका छन्। एचआईडिसिएलले दुई सहायक कम्पनी स्थापना गरेर ७७.३ मेगावाटको घुन्सा खोला र ७०.५ मेगावाटको सिम्बुवा खोला जलविद्युत् आयोजना अघि बढाएको थियो।

यसका लागि बिहीबार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा उक्त तीनै निकायबीच समझदारीपत्रमा हस्ताक्षरसमेत गरिएको छ। समझदारीपत्रमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, एचआईडिसिएलका प्रमुख कार्यकारी अधिकृत अर्जुनकुमार गौतम र विद्युत् उत्पादन कम्पनीका प्रबन्ध सञ्चालक सूर्यप्रसाद रिजालले हस्ताक्षर गरेका छन्। समझदारीअनुसार सिम्बुवा खोला जलविद्युत्को प्रवर्द्धक सिम्बुवा रेमिट हाइड्रोको संस्थापकतर्फको ५१ प्रतिशत सेयर तीनै निकायलाई बाँडफाँट गरिनेछ। त्यसमा विद्युत् उत्पादन कम्पनीलाई २१ प्रतिशत, एचआईडिसिएल र प्राधिकरणलाई १५-१५ प्रतिशत सेयर दिइनेछ। यस्तै, घुन्सा खोला जलविद्युत्को प्रवर्द्धक रेमिट हाइड्रोको ५१ प्रतिशत सेयर पनि तिनै निकायलाई बाँडफाँट गरिनेछ। त्यसमा प्राधिकरणलाई २१ प्रतिशत सेयर दिइनेछ। बाँकी ३० प्रतिशत सेयर भने आइडिसिएल र विद्युत् उत्पादन कम्पनीलाई १५-१५ प्रतिशतका दरले दिने समझदारी भएको छ। यसैगरी, दुवै कम्पनीको सञ्चालक समितिमा प्राधिकरण, एचआईडिसिएल र विद्युत् उत्पादन कम्पनीतर्फबाट एक-एकजनाको प्रतिनिधित्व राख्ने समझदारी पनि भएको छ।

यस्तै, दुवै कम्पनीको सर्वसाधरण सेयर (आइपिओ)मा वैदेशिक रोजगारीमा गएका नेपालीलाई समेत आरक्षण दिने समझदारी भएको छ। उनीहरूलाई २९ प्रतिशत सेयर दिने सहमति भएको छ। एचआईडिसिएलले पहिला नै उक्त दुई कम्पनीको आइपिओमा वैदेशिक रोजगारीमा गएका नेपालीलाई आरक्षण दिने घोषणा गरेको थियो।

नबिल बैंक लिमिटेड, खैरहनी शाखा, चितवन तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/११/१९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१. ऋणी नाम र ठेगानाको विवरण

ऋणी: कोकाई महतोको नाति जोगी महतोको छोरा चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने, ना.प्र.नं १०७/०३४ (जारी मितिः २०५५/११/२०, स्थान चितवन) भएका **श्री जलराम चौधरी।**

व्यक्तिगत जमानतकर्ताको विवरण

रामटहल ठाकुरकी छोरी जोगी महतोकी बुहारी जलराम चौधरीकी श्रीमती चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने, ना.प्र.नं. ३५३०१/९ (जारी मितिः २०६३/१०/१७, स्थान चितवन) भएकी **श्रीमती सुनैना चौधरी।**

२. ऋणी फर्म तथा ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म राजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालयमा मितिः २०६२/०८/१५ मा दर्ता नं. २४०३६/०६२/०६३ अन्तर्गत दर्ता भएको **श्री चौधरी स्टेशनरी सप्लायर्स।**

ठेगानाः चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ०६, पुरानो पर्सा, खैरहनी।

ऋणी फर्मका प्रोपाइटरः कोकाई महतोको नाति जोगी महतोको छोरा चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने, ना.प्र.नं १०७/०३४ (जारी मितिः २०५५/११/२०, स्थान चितवन) भएका **श्री जलराम चौधरी।**

व्यक्तिगत जमानतकर्ताको विवरण

रामटहल ठाकुरकी छोरी जोगी महतोकी बुहारी जलराम चौधरीकी श्रीमती चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने, ना.प्र.नं. ३५३०१/९ (जारी मितिः २०६३/१०/१७, स्थान चितवन) भएकी **श्रीमती सुनैना चौधरी।**

३. ऋणी फर्म तथा ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

ऋणी फर्मः स्थानीय सरकार सञ्चालन ऐन २०४७ बमोजिम खैरहनी नगरपालिका, मन्त्रालय, नगर कार्यपालिकाको कार्यालय, खैरहनी, चितवनमा मितिः २०७७/१२/०८ मा प्रमाण पत्र नं. ४२६९ अन्तर्गत दर्ता भएको **श्री चौधरी एकिकृत कृषि फर्म।** ठेगानाः चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १०, खैरहनी।

ऋणी फर्मका प्रोपाइटरः बनहरी महतोकी छोरी जलराम चौधरीकी बुहारी सुदामा चौधरीकी श्रीमती चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १५ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने, ना.प्र.नं. ३५–०१–७३–०४३१८ (जारी मितिः २०७३/०३/१५, स्थान चितवन) भएकी **श्रीमती सविता चौधरी।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. कोकाई महतोको नाति जोगी महतोको छोरा चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने, ना.प्र.नं १०७/०३४ (जारी मितिः २०५५/११/२०, स्थान चितवन) भएका **श्री जलराम चौधरी।**

२. रामटहल ठाकुरकी छोरी जोगी महतोकी बुहारी जलराम चौधरीकी श्रीमती चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने, ना.प्र.नं. ३५३०१/९ (जारी मितिः २०६३/१०/१७, स्थान चितवन) भएकी **श्रीमती सुनैना चौधरी।**

३. जोगी महतोको नाति जलराम चौधरीको छोरा चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने, ना.प्र.नं ३५१००१/२७३ (जारी मितिः २०६७/१२/१०, स्थान चितवन) भएका **श्री सुदामा चौधरी।**

४. जोगी महतोको नाति जलराम चौधरी को छोरा चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने, ना.प्र.नं ३५१००१/२७४ (जारी मितिः २०६७/१२/१०, स्थान चितवन) भएका **श्री श्रीराम चौधरी।**

५. जोगी महतोको नाति जलराम चौधरी को छोरा चितवन जिल्ला चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने, ना.प्र.नं ३५३००१/२९ (जारी मितिः २०७४/०५/३०, स्थान चितवन) भएका **श्री सनम चौधरी।**

धितोको विवरणः

धितोमा रहेको सवारी साधनको विवरणः

१. चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने **श्री जलराम चौधरी**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला कठार गा.वि.स. वडा नं. १क स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० कित्ता नं. क्रमशः ८३७, ८४५ र ८४७ को क्षेत्रफल ०-१-११ ३/४-०, ०-१-१४-०, र ०-३-१९-० बिगाहाका जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

२. चितवन जिल्ला कठार गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० बस्ने **श्री सुनैना चौधरी**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला कठार गा.वि.स. वडा नं. १क स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १० कित्ता नं. क्रमशः ८४६ को क्षेत्रफल ०-१-२.७५-० बिगाहाका जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०७९/११/१९)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/०४/०९ को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साबाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपूर्वक भरी यस बैंकको कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा पुष्पलाल चोक शाखा कार्यालय विराटनगरमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैला

दमकमा 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'को फिल्ड अडिसन

नयाँ पत्रिका
काठमाडौं, १८ फागुन

इन्ट्रा नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाको आयोजनामा पहिलो अन्तर्राष्ट्रिय नेपाली रियालिटी सो 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'को फिल्ड अडिसन दमकमा हुने भएको छ। देशका विभिन्न सहरमा अडिसन सम्पन्न गर्दै आयोजकले २० र २१ फागुनमा दमकमा अडिसन गर्न लागेको हो।



दमकको अडिसन इँटाभट्टाको श्री सरस्वती माध्यमिक विद्यालयमा र काठमाडौंको अडिसन फागुन २७ र २८ गते ज्ञानेश्वरको ग्यालेक्सी पब्लिक स्कुलमा आयोजना हुने आयोजकको भनाइ छ। त्यसबाहेक 'मेरो डान्स युनिभर्स'को सांस्कृतिक समूह विधामा सहभागी हुन चाहनेले पनि एपमार्फत अडिसन दिएर छनोट भएमा फिल्ड अडिसनमा उपस्थित हुनैपर्ने जनाइएको छ। अडिसन दिने सहभागी कम्तीमा १८ वर्षको हुनुपर्ने र डिजिटल अडिसनको अन्तिम मिति फेब्रुअरी २८ रहेको उल्लेख छ।

फाउन्डेसनका अनुसार 'मेरो भ्वाइस युनिभर्स'का विजेताले नेपाली एक करोड रुपैयाँ पुरस्कार पाउनेछन्। साथै, फस्ट रनरअपले ३० लाख रुपैयाँ र सेकेन्ड रनरअपले २० लाख रुपैयाँ पुरस्कार पाउने जनाइएको छ। यस्तै, 'मेरो डान्स युनिभर्स'का विजेताले पनि एक करोड रुपैयाँ पुरस्कार पाउने तथा फस्ट रनरअपले ३० लाख रुपैयाँ र सेकेन्ड रनरअपले २० लाख रुपैयाँ पुरस्कार पाउने जनाइएको छ। डान्स युनिभर्स'को सांस्कृतिक समूह विधाका विजेताले २० लाख रुपैयाँ तथा फस्ट रनरअपले १० लाख रुपैयाँ र सेकेन्ड रनरअपले पाँच लाख रुपैयाँ पुरस्कार पाउने उल्लेख छ।

फाउन्डेसनले नेपालबाहेक, म्यानमार, थाइल्यान्ड, भुटान, भारत, अस्ट्रेलिया, अमेरिका, क्यानडालगायत युरोपेली देशहरूबाट पनि नेपाली भाषीहरूको उल्लेख्य सहभागिता हुने अपेक्षा व्यक्त गरेको छ।

नेपाली बजारमा नेक्स्ट-जेन फोर्ड एभरेस्ट

नयाँ पत्रिका
काठमाडौं, १८ फागुन

फोर्ड गाडीको नेपालका लागि आधिकारिक विक्रेता जिओ अटोमोबाइल्स प्रालि (जिओ फोर्ड)ले नेपाली बजारमा नयाँ संस्करणको नेक्स्ट जेन फोर्ड एभरेस्ट भित्र्याएको छ। कम्पनीले शक्तिवान्, परिष्कृत र रोमाञ्चक ड्राइभलाई मध्यनजर गरी बनाइएको ग्राहककेन्द्रित टेक्नोलोजीका साथ एड्भेन्चर रेडी फिचरहरू रहेको गाडी बजारमा ल्याएको हो।

यो गाडी नेपालमा २.० लि. वाई-टर्बो डिजेल इन्जिनमा १०-स्पिड अटोमेटिक ट्रान्समिसनका साथ उपलब्ध रहेको कम्पनीले जनाएको छ। यसले २१० पिएस पावर र ५०० एनएम टर्क प्रदान गर्ने जनाइएको छ। जिओ अटोमोबाइल्सका प्रबन्ध निर्देशक आकाश गोल्छाले यो गाडी उत्कृष्ट क्षमताहरूका साथ प्रभावशाली सुविधायुक्त नवीनतम तथा असल एसयुभी रहेको बताए। नेपाली ग्राहक तथा एड्भेन्चरप्रेमीले अपेक्षा गरेभन्दा माथि उत्रिन यो गाडी सफल हुने उनको भनाइ छ।




नेक्स्ट-जेन एभरेस्टमा आरामदायी र सुविधाजनक ड्राइभका लागि वायरलेस चार्जिङ र इलेक्ट्रिक पार्किङ ब्रेकजस्ता सुविधा रहेको जनाइएको छ। दुवै दोस्रो र तेस्रो पङ्क्तिका सिटहरू सुरक्षित लामो यात्राका लागि फ्ल्याट फोल्ड डिजाइन गरिएको कम्पनीको भनाइ छ। यो गाडी आकर्षक र साहसिक यात्राका लागि डिजाइन गरिएको कम्पनीको भनाइ छ। यसमा सातजनासम्म आरामले यात्रा गर्न मिल्ने कम्पनीले जनाएको छ।

दुईवटा फोर-ह्विल ड्राइभ प्रणाली, अन्डरबडी प्रोटेक्सन र अफ-रोड चयन गर्न मिल्ने ड्राइभ मोड र रियर लकिङ डिफरेन्सियल, दुई फङ्सनल टो हुक अप फ्रन्ट साथै एक्सेसरिजका लागि अप फिटर स्विचको विकल्पसहित यो गाडी अफरोडका लागि पनि उपयुक्त हुने कम्पनीको दाबी छ।

प्रभु स्मार्ट फन्डको बिक्री खुला

काठमाडौं/ प्रभु क्यापिटल सामूहिक लगानी कोषअन्तर्गत दोस्रो योजना प्रभु स्मार्ट फन्डको निष्कासन तथा बिक्री बिहीबारदेखि खुलेको छ। प्रभु क्यापिटलको व्यवस्थापनमा सञ्चालनमा आउन लागेको यस फन्डले प्रतिइकाइ १० रुपैयाँ अंकित दरमा ८० करोडबराबरको आठ करोड इकाइ जारी गर्न लागेको हो।



योजनाको कोष प्रवर्द्धक प्रभु बैंक लिमिटेड रहेको छ भने योजना व्यवस्थापक प्रभु क्यापिटल लिमिटेड रहेको छ। यो योजना एक बन्दमुखी योजना हो। यस योजनाले इकाइ बिक्रीबाट संकलित रकमको ३५ देखि ९० प्रतिशतसम्म सेयरमा लगानी गर्नेछ अर्थात् यो एक इक्विटी ओरिएन्टेड योजना हो।

निष्कासित कुल आठ करोड इकाइमध्ये कोष प्रवर्द्धक प्रभु बैंक लिमिटेडले एक करोड १२ लाख इकाइ र कोष व्यवस्थापक प्रभु क्यापिटल लिमिटेडले आठ लाख इकाइ गरी कुल एक करोड २० लाख इकाइ सुरक्षित गरिएको छ। बाँकी ६ करोड ८० लाख इकाइका लागि सर्वसाधारणले बिहीबारदेखि आवेदन दिन थालिसकेका छन्। फन्डको इकाइमा इच्छुक लगानीकर्ताले छिटोमा २३ फागुनसम्म आवेदन दिन सक्नेछन् भने ढिलोमा ३ चैतसम्म इकाइ बिक्री खुला रहने क्यापिटलले बताएको छ।

कुमारी बैंकका ग्राहकले ल्यान्डमार्क होटेल एन्ड रिसोर्टमा छुट पाउने

काठमाडौं/ कुमारी बैंक लिमिटेडका ग्राहकले ल्यान्डमार्क होटेल एन्ड रिसोर्टमा सेवा लिएबापत छुट पाउने भएका छन्। बैंकका ग्राहकलाई छुट दिने विषयमा बैंक र रिसोर्टबीच समझदारी भएको हो।



डिजिटल कारोबारमा ग्राहक आकर्षित भइरहेको अवस्थालाई ध्यान दिँदै आफ्ना ग्राहकलाई डिजिटल कारोबारमा प्रोत्साहन गर्नका निमित्त बैंकले रिसोर्टका काठमाडौं, चितवन र पोखराका शाखाहरूमा छुटको व्यवस्था गरेको जनाएको छ।

समझदारीअनुसार कुमारी बैंकका डेबिट-क्रेडिट कार्डवाहक ग्राहक तथा मोबाइल बैंकिङ प्रयोगकर्ताले ल्यान्डमार्क होटेल एन्ड रिसोर्टबाट लजिङ र फुडिङ शुल्कमा १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्ने जनाइएको छ। बैंकले हाल देशभरमा तीन सय चार शाखा, दुई सय ९४ एटिएम, ६२ शाखारहित बैंकिङ इकाइ तथा ४९ एक्सटेन्सन काउन्टरमार्फत सेवा दिइरहेको जनाएको छ।

सिटिजन्स बैंकका ग्राहकलाई सेन्ट्रल डायग्नोस्टिक ल्याबोरेटरीमा छुट



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र कमलपोखरीको सेन्ट्रल डायग्नोस्टिक ल्याबोरेटरीबीच सिटिजन्स बैंकका कार्डवाहक ग्राहकलाई विशेष छुट दिने भएको छ। बैंकका ग्राहकलाई छुट दिने सम्बन्धमा बैंक र ल्याबोरेटरीबीच समझदारी भएको हो।

समझदारीअनुसार सिटिजन्स बैंकका कार्डवाहकले सेन्ट्रल डायग्नोस्टिक ल्याबोरेटरीमा १० प्रतिशतसम्मको छुट पाउने जनाइएको छ। यो सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित गर्ने बैंकले विश्वास व्यक्त गरेको छ। बैंकले हाल देशभरमा एक सय ८२ शाखा, एक सय ३४ एटिएम र ९७ शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

समृद्धि फाइनान्सको रक्तदान कार्यक्रम

काठमाडौं/ समृद्धि फाइनान्सले एकै दिन दुई ठाउँमा रक्तदान कार्यक्रम आयोजना गरेको छ। बैंकले बिहीबार जनकपुर शाखा र इटहरी शाखामा रक्तदान कार्यक्रम आयोजना गरेको हो।



'रक्तदान जीवनदान' भन्ने नारालाई आत्मसात् गर्दै क्रमशः बाँकी शाखाहरूमा पनि रक्तदान कार्यक्रम आयोजना गरिने फाइनान्सका सञ्चालन विभाग प्रमुख चूडामणि खनालले बताए। फाइनान्सले हाल आठवटा शाखाहरूमार्फत कारोबार गर्दै आएको जनाएको छ। हाल ग्राहकलाई आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, क्लियरिङ्लगायतका बैंकिङ र मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडजस्ता डिजिटल सुविधा प्रदान गरिरहेको संस्थाले जनाएको छ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय कलंकी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/११/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय कलंकी, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्टारको कार्यालय, काठमाण्डौमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०८/२९ मा प्रा.लि. नं. १७९९०२/०७४/०७५ मा दर्ता कायम भई नुवाकोट जिल्ला, लिखु गा.पा. वडा नं.१ स्थित आन्तरिक राजश्व कार्यालय काठमाण्डौ जिल्ला, बालाजुबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६०६८२९७८८ को प्रमाणपत्र प्राप्त **भैरवी माई इट्टा उद्योग प्रा.लि.**।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. बलि बहादुर कडेलको नाति, चन्द्र बहादुर कडेलको छोरा बाँके जिल्ला, रवियापुर गा.वि.स. वडा नं. २ बस्ने **तेजेन्द्र बहादुर कडेल** (ना.प्र.प.नं. १२३८, जारी मिति २०४१/०८/२६, जिल्ला प्रशासन कार्यालय बाँके)।
२. डण्ड प्रसाद खतिवडाको नाति, सोम प्रसाद खतिवडाको छोरा नुवाकोट जिल्ला, जिलिङ्ग गा.वि.स. वडा नं २ बस्ने **ठाकुर प्रसाद खतिवडा** (ना.प्र.नं. ३५५१, मिति २०४४/१२/०५, जि.प्र.का.नुवाकोट)।
३. भद्र बहादुर थापाको नाति, गणेश बहादुर थापाको छोरा नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ८ बस्ने **नरेन्द्र बहादुर थापा** (ना.प्र.नं. १२१८, मिति २०४४/११/०२, जि.प्र.का. नुवाकोट)।
४. जबरे श्रेष्ठको नाति, भद्र बहादुर श्रेष्ठको छोरा नुवाकोट जिल्ला, बिदुर न.पा. वडा नं. ८ बस्ने **नारायणमान श्रेष्ठ** (ना.प्र.नं. ३२६०/१८५६७, मिति २०४५/०४/१८, जि.प्र.का.नुवाकोट)।
५. जुजुमान श्रेष्ठको नाति, रत्न लाल श्रेष्ठको छोरा नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४ बस्ने **राज कृष्ण श्रेष्ठ** (ना.प्र.नं. २७५९९, मिति २०४७/१२/२६, जि.प्र.का. नुवाकोट)।
६. कृष्ण लाल श्रेष्ठको नाति, गणेश लाल श्रेष्ठको छोरा काठमाण्डौ जिल्ला, मातातिर्थ गा.वि.स. वडा नं. ५ बस्ने **राम कुमार श्रेष्ठ** (ना.प्र.नं. १२६३६/६७६४, मिति २०५२/१२/२७, जि.प्र.का. काठमाण्डौ)।
७. तुयु सिं महर्जनको नाति, धन बहादुर महर्जनको छोरा काठमाण्डौ जिल्ला, सतुंगल गा.वि.स. वडा नं.९ बस्ने **हरि कृष्ण महर्जन** (ना.प्र.नं. २१९/६८७३, मिति २०४३/०४/०५, जि.प्र.का. काठमाण्डौ)।
८. कृष्ण गोपाल अधिकारीको नाति, राम प्रसाद उपाध्याय अधिकारीको छोरा नुवाकोट जिल्ला, बिदुर न.पा. वडा नं. ८ बस्ने **शिव प्रसाद अधिकारी** (ना.प्र.नं. १०४२, मिति २०४४/१०/२८, जि.प्र.का. नुवाकोट)।
९. हिरा लाल श्रेष्ठको नाति, बाबुकाजी श्रेष्ठको छोरा नुवाकोट जिल्ला, गणेशस्थान गा.वि.स. वडा नं २ बस्ने **जितेन्द्र श्रेष्ठ** (ना.प्र.न. ४४७९८, मिति २०५३/०२/१३, जि.प्र.का. नुवाकोट)।
१०. कल मान कवाँको नाति, कृष्ण भक्त कवाँको छोरा भक्तपुर जिल्ला, भक्तपुर उ.म.न.पा. वडा नं. ७ बस्ने **विश्व राम कवाँ** (ना.प्र.नं. १११११, मिति २०३५/०३/१६, जि.प्र.का. भक्तपुर)।
११. पृथ्वी बहादुर महर्जनको नाति, जगत बहादुर महर्जनको छोरा काठमाण्डौ जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ४ बस्ने **उदेन महर्जन** (ना.प्र.नं. १६०३, मिति २०६०/०४/२१ जि.प्र.का. काठमाण्डौ)।
१२. चन्द्र बहादुर कडेलको नातिनी, तेजेन्द्र बहादुर कडेलको छोरी काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १४ बस्ने **वर्षा कडेल** (ना.प्र.नं. २७-०१-७१-०६६९४, मिति २०७१/०९/१४, जि.प्र.का. काठमाण्डौ)।

धितो सुरक्षणको विवरण:

१. **राज कृष्ण श्रेष्ठ**को नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता कायम रहेको नुवाकोट जिल्ला, बिदुर न.पा. वडा नं.१ स्थित कित्ता नं. ४२७१, १७८६ र १७८९ को क्षेत्रफल क्रमश ४-६-२-२, ०-२-३-१ र ०-०-२-१ (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **उमा देवी नेपाल अधिकारी**को नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता कायम रहेको नुवाकोट जिल्ला, विदुर न.पा वडा नं. २ स्थित कित्ता नं. ४३६६, को क्षेत्रफल ०-९-२-१ (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **भैरवी माई इट्टा उद्योग प्रा.लि.** को नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता कायम रहेको नुवाकोट जिल्ला, भैरवी गा.वि.स वडा नं.४ (हाल नुवाकोट जिल्ला, लिखु गा.पा. वडा नं. १) स्थित कित्ता नं.७३६ र ९२४ को क्षेत्रफल क्रमश १०-१४-०-३ र ५-०-०-० (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरुसमेत।
४. **भैरवी माई इट्टा उद्योग प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।
५. धनी कुमारी बैंक लि. (साबिक एन.सी.सी बैंक लि.) र ऋणी **भैरवी माई इट्टा उद्योग प्रा.लि.** कायम भई बागमती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इञ्जिन नं. DL06003932, च्यासिस नं. 0E1110213J3LA0093CPS, सवारी नं. PRA.3.01.003KA.5400 को सवारी साधन थान १।
६. धनी कुमारी बैंक लि. (साबिक एन.सी.सी बैंक लि.) र ऋणी **भैरवी माई इट्टा उद्योग प्रा.लि.** कायम भई बागमती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इञ्जिन नं. 91A63759090, च्यासिस नं. MAT388116K2R00797, सवारी नं. PRA.3.01.003KA.4621 को सवारी साधन थान १।
७. धनी कुमारी बैंक लि. (साबिक एन.सी.सी बैंक लि.) र ऋणी **भैरवी माई इट्टा उद्योग प्रा.लि.** कायम भई बागमती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इञ्जिन नं. 91A63763965, च्यासिस नं. MAT388116K2R01285, सवारी नं. PRA.3.01.003KA.4620 को सवारी साधन थान १।
८. धनी कुमारी बैंक लि. (साबिक एन.सी.सी बैंक लि.) र ऋणी **भैरवी माई इट्टा उद्योग प्रा.लि.** कायम भई बागमती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इञ्जिन नं. 71L63639844, च्यासिस नं. MAT388116K2R01536, सवारी नं. PRA.3.01.003KA.4619 को सवारी साधन थान १।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय कलंकी, काठमाण्डौ फोन नं. ०१-५२१८५२५/२६

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Karnali River Management Project
Rajapur Bardiya

Notice for opening of Financial Bids

Date of publication: 19th Falgun 2079 (3rd March 2023)

It is to notify all the successful bidders to attend financial bid opening who submitted their bids as per the notice published in 'Saurya' daily on 6th Magh 2079 for the procurement of contract KRMP/GRB/NCB/30/079/080.

S.N.	Name & Address of Successful Bidder
1	Indradevi- Hari JV, Kohalpur-04, Banke
2	Indradhanu Achham Nirman Sewa Pvt.Ltd, Kailali
3	Naba janukadevi Construction and Suppliers Pvt. Ltd., Rasuwa

Project Director

Invitation for Bid

for the Interior Finishing and Other Allied Works for its Office

Date of Publication: March 03, 2023

Citizens Bank International Ltd. (hereinafter referred as the Bank) invites sealed "Qualify & Bid" from registered Nepalese contractors for the Interior Finishing and Allied Works of its Office located at Kalyanpur (Saptari) Nepal under the terms & conditions outlined below:

1. Scope of Job: Civil Works; Electrical Works; Furniture works and Air Conditioner Installation Works
2. A complete set of Bid documents may be purchased during office hours from General Service Department of the Bank at Head Office, Narayanhiti Path, Kathmandu upon payment of NPR 1,000.00 (Nepalese Rupees One Thousand only), nonrefundable; latest by 11:00 hours latest March 09, 2023 No joint venture (JV) is allowed.
3. Sealed tender should be submitted to Head Office of the Bank by 17:30 hours latest March 09, 2023
4. All other information are mentioned in the bid documents.
5. The Bank, at its sole discretion; reserves all the rights to accept or reject the "Bids" received from the bidders, wholly or partly; any or all the bids without assigning reason whatsoever.

Citizens Bank

General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti Path, Kathmandu, Nepal
Telephone : +977- 4427842, 4427843
Fax 977-01-4427077, Email: gsd@ctznbank.com

ऋण चुक्ता/भुक्तान गर्न आउने बारेको १५ दिने सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०५/२९

गोमा गणेश बचत तथा ऋण सहकारी संस्था लि.को तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको कर्जाको संस्थालाई समय समयमा तिर्नबुझाउन पर्ने साँवा, ब्याज लगायत अन्य लेना रकम चुक्ता भुक्तानी गर्न मौखिक एवं पटक पटक लिखित जानकारी गराउँदा समेत ऋण कर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई व्यवास्था गरेकोले ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानी गर्न आउन हुन यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना जारि गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थाको कार्यालय का.म.न.पा. वडा नं. ५ हाँडीगाउँ कालोपुलमा सम्पर्क राखी प्राप्त ऋण कर्जाको सम्पूर्ण सावाँ, ब्याज आदी चुक्ता भुक्तानी गर्नुहोला। अन्यथा कानून बमोजिम धितो लेखिदिएको चल-अचल सम्पतिहरु जफत वा लिलाम बिक्रि गरि वा अन्य कानूनी कारवाही अवलम्बन गरि संस्थाको लेना रकम असुल उपर गरिनुका साथै कर्जा सूचना केन्द्रको कालो सूचिमा नाम समावेस गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ। साथै तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षणमा व्यक्तिगत जमानि दिने र धितो बन्दक लेखिदिने तपसिल बमोजिमका व्यक्तहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्रै कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तपाईहरुको समेत कर्जा सूचना केन्द्रको कालो सूचिमा नाम समावेस गर्ने तर्फ कारवाही प्रक्रिया अघिबाढाउने व्यहोरा यसै सूचना मार्फत सूचित गरिएको छ।

तपसिल

ऋणीको नाम	फोटो	जमानि कर्ता	फोटो
नाम : पुरुषोत्तम मानन्धर बुबाको नाम : न्हुच्छे बहादुर मानन्धर बाजेको नाम : ज्ञान बहादुर मानन्धर ठेगाना : का.म.न.पा.-१, काठमाडौं हालको ठेगाना : का.म.न.पा.-१, काठमाडौं ना.प्र.नं. : ९२९४ जारी मिति : २०५८/१०/१८ जारी कार्यालय : जिल्ला प्रशासन कार्यालय काठमाडौं		**नाम : रमेश मानन्धर** बुबाको नाम : न्हुच्छे बहादुर मानन्धर बाजेको नाम : ज्ञान बहादुर मानन्धर ठेगाना : का.म.न.पा.-१, काठमाडौं हालको ठेगाना : का.म.न.पा.-१, काठमाडौं ना.प्र.नं. : ३०५५ जारी कार्यालय : जिल्ला प्रशासन कार्यालय काठमाडौं	
धितो : पुरुषोत्तम मानन्धरको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेता कायम रहेको झापा जिल्ला साविक राजगढ गा.वि.स./न.पा. वडा नं. ०९ नक्सा सिट नं. : ९ड कित्ता नं. १०५ क्षेत्रफल ७६१९.३९ वर्ग मिटर जग्गा र सो जग्गामा बनेको संरचाना तथा उक्त जग्गा ले चर्चेको सम्पूर्ण लिगलाग समेत।			

नोट : यस संस्थाबाट विभिन्न शिर्षकमा कर्जा लिई कर्जा समयअवधि समाप्त भएका कर्जा तिर्न नआउने ऋणीहरुलाई आजको मितिबाट १५ दिन भित्रमा ऋण तिर्न आउनको लागि यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा संस्थाले ऋण असुल उपर गर्नको लागि सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ अनुसार कानुनी कार्वाही गरी असुल उपर गरिनेछ।

गोमा गणेश बचत तथा ऋण सहकारी संस्था लि.
मुख्य कार्यालय : का.म.न.पा. वडा नं. ०५, हाँडीगाउँ, कालोपुल
फोन नं. : ०१-४४१४२७७, ४४१३७२३, Email : goma.ganesh441@yahoo.com

हकदावीको सूचना

बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.२०, बस्ने श्री दिर्घ मान चित्रकारको नाती, श्री गणेश मान चित्रकारको छोरा, श्रीमती नबिना चित्रकारको पति, श्री अरुण चित्रकारको मिति २०७९/०८/२४ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैकमा रहेको खाता नं.००७०५०९०००६०७७ मा भएको सम्पूर्ण रकम निज श्री अरुण चित्रकारको सबैभन्दा नजिकको हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाँउ भनी निजको श्रीमती नबिना चित्रकारले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदिका श्रीमती नबिना चित्रकार बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदिका श्रीमती नबिना चित्रकारको माग दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय
नयाँसडक, बसन्तपुर, काठमाडौं
फोन न.:- ४२४२८५८
फ्याक्स :- ४२२७०५०

हकदावीको सूचना

साविक भक्तपुर जिल्ला, बोडे गा.वि.स. वडा नं. ३ भै हाल भक्तपुर जिल्ला, मध्यपुर थिमि नगरपालिका बस्ने श्री माधव धेकेको नाति, श्री बाबु लाल धेकेको छोरा श्री राम कृष्ण धेकेको मिति २०७९/०२/२८ गतेका दिन मृत्यु भएकोले निज राम कृष्ण धेकेको नाममा रहेको यस बैकको खाता नं. ११४०५३४०००१६०१ को सम्पुर्ण रकम निज मृतकको पत्नी श्रीमती केशरी धेकेले आफ्नो खातामा रकमान्तर गरी पाउँ भनी यस बैकमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु भएको हुँदा उक्त निक्षेप उपर निवेदिका श्रीमती केशरी धेके बाहेक अन्य कसैको दावी भए वा निज राम कृष्ण धेकेको निवेदिका श्रीमती केशरी धेके बाहेक अन्य कोहि नजिकको हकवाला भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय
ठिमी शाखा, भक्तपुर
फोन न.:- ६६३९३५६, ६६३९३५७

राष्ट्रपति भण्डारी...

पृष्ठ १ बाट क्रमशः

मन्त्रिपरिषद्मा लैजाने तयारी गरेको छ। जब कि पूर्वविशिष्टलाई कानुन बनाएर मात्र सेवा-सुविधा उपलब्ध गराउन सर्वोच्च अदालतको आदेश छ। सर्वोच्चले २२ मंसिर ०६८ मा कानुन बनाएर मात्रै पूर्वविशिष्टहरूलाई सेवा-सुविधा दिन आदेश गरेको थियो। त्यसविपरीत अहिलेसम्मका सरकारले मन्त्रिपरिषद्बाट निर्णय गरेर सुविधा दिँदै आएका छन्। पूर्वविशिष्टमा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख, पूर्वराष्ट्रिय सभा अध्यक्ष र पूर्वप्रधानन्यायाधीश पर्छन्।

पूर्वविशिष्टलाई सेवा-सुविधा दिनेबारे पछिल्लो समय गृह र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबीच पटक-पटक छलफल भएको छ। स्रोतका अनुसार मंगलबार भएको छलफलमा राष्ट्रपति भण्डारी र उपराष्ट्रपति पुनलाई के-कति सुविधा दिने भन्ने लगभग तय भइसकेको छ। प्रधानमन्त्री कार्यालयका सहसचिव नारायण भट्टको नेतृत्वमा राष्ट्रपति र उपराष्ट्रपतिलाई अवकाशपछि दिने सुविधाका विषयमा छलफल भई प्रस्ताव अघि बढाइएको हो।

स्रोतका अनुसार राष्ट्रपति भण्डारीलाई अवकाशपछि घर मर्मतका लागि मासिक एक लाख, मासिक भत्ता ५० हजार, गाडी र मासिक दुई सय सात लिटर इन्धन उपलब्ध गराइनेछ। त्यस्तै, स्वकीय सचिव, कार्यालय सहयोगी र चालक सुविधा र घरको बिजुली, पानी, पत्रपत्रिका, इन्टरनेट, टेलिफोनको खर्च सरकारले व्यहोर्नेछ। यसबाहेक २१ जना सुरक्षाकर्मी खटाइनेछन्।

त्यस्तै, उपराष्ट्रपति पुनलाई अवकाशपछि घर मर्मतका लागि मासिक ८० हजार, मासिक भत्ता ४० हजार, गाडी र मासिक दुई सय सात लिटर इन्धन उपलब्ध गराइनेछ। उनले चालक र एक सहयोगी पनि पाउनेछन्। सुरक्षाका लागि एक जना पिएसओ पनि उनलाई दिइने छ।

बिहिबार मात्रै गृहले राष्ट्रपति भण्डारी र उपराष्ट्रपति पुनलाई अवकाशपछि दिने सेवा सुविधाबारे प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा यस्तो प्रस्ताव पठाएको छ। तत्काल नयाँ गाडी खरिद गर्न समय नभएकाले दुवैजनालाई पुरानै गाडी उपलब्ध गराइनेछ।

राष्ट्रपतिको आगामी २८ फागुन र उपराष्ट्रपतिको कार्यकाल ५ चैतमा सकिँदै छ। दुवैजनाले निजी घरमा सर्ने तयारी गरेका छन्। त्यसैले उनीहरूलाई घर भाडाको सट्टा मर्मत खर्च दिन लागिएको हो। राष्ट्रपति भण्डारीको चपलीस्थित निजी घरमा सुरक्षाकर्मीलाई आवश्यक संरचना बनाउन लागिएको छ। उपराष्ट्रपति पुनले पनि चन्द्रागिरी नगरपालिकाको दहचोकमा निजी घर तयार गरिसकेका छन्। कार्यकाल सकिनुअघि नै सेवा-सुविधाबारे मन्त्रिपरिषद्बाट निर्णय गर्ने तयारी छ।

गृहको मापदण्डअनुसार नै हुन्छ

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहसचिव नारायणप्रसाद भट्टले पूर्वविशिष्टको सेवा सुविधाबारे प्रधानमन्त्री कार्यालयले सहजीकरण मात्रै गरेको बताए। 'पूर्वविशिष्ट पदाधिकारीलाई दिने सुविधाबारे गृह मन्त्रालयको मापदण्ड नै छ। त्यही मापदण्डअनुसार सेवा-सुविधा हुन्छ। आवश्यक व्यवस्थापन गरिदिन भनेर हामीले गृह मन्त्रालयलाई पत्राचार गरेका छौं। यस सम्बन्धमा सहजीकरण मात्र गरेका हौं,' उनले भने।

पूर्वविशिष्टहरूको सेवासम्बन्धी विधेयक ६ वर्षअघि संसद्मा पुगे पनि पारित भएको थिएन। ६ महिनाअघि पनि गृह मन्त्रालयले यससम्बन्धी कार्यविधिको प्रस्ताव गरेको थियो, जुन अर्थ मन्त्रालयमै रोकिएको छ। कार्यविधिमा पूर्वराष्ट्रपतिलाई गाडी र इन्धनबाहेक आवास वा घरभाडा, एक उपसचिवस्तरका सहयोगी र अन्य दुई सहायकस्तरका कर्मचारीको सुविधा प्रस्ताव गरिएको थियो। त्यस्तै, पूर्वउपराष्ट्रपतिलाई आवास र गाडीको सुविधा दिने गृहको प्रस्ताव थियो। अन्य पूर्वविशिष्ट पदाधिकारीको हकमा गाडी, इन्धन र चालक दिने कार्यविधिमा उल्लेख थियो। सोही कार्यविधिको मस्यौदामा आधारित भएर सरकारले अहिले सुविधा दिन लागेको हो।

राष्ट्रपति भण्डारी पदावधि सकिएपछि आफ्नै घरमा सर्ने तयारीमा छिन्। उनको चपलीस्थित घर मर्मत भइरहेको छ। संघीय मामिला मन्त्रालयमार्फत उनको घरमा सेन्ट्री बनाउन लागिएको छ।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालकी अध्यक्ष पद्मिनी प्रधानांगले नेपालमा पूर्वविशिष्ट पदाधिकारीले अस्वाभाविक सुविधा लिँदै आएको र त्यसलाई रोक्नुपर्ने बताइन्। 'विदेशबाट ऋण लिएर देश चलिरहेको छ, यस्तो अवस्थामा पूर्वविशिष्टलाई प्रशस्त सुविधा दिनु भनेको लुटतन्त्र हो,' उनले भनिन्, 'न्यूनतम सुरक्षाबाहेक अन्य सुविधा आवश्यक छैन, गरिब देशले कति नेतालाई पाल्ने ?' आफ्नो घर हुँदाहुँदै राज्यको खर्चमा सुविधासम्पन्न घरमा बस्नु र लाखौं उपचार खर्च लिनु लुटतन्त्र भएको उनको टिप्पणी छ।

पूर्वविशिष्ट पदाधिकारीलाई दिइने सुविधाबारे गृह मन्त्रालयकै कर्मचारीहरू सन्तुष्ट छैनन्। यसरी पूर्वविशिष्टलाई सुविधा दिँदै जाँदा राज्यले धान्न नसक्ने उनीहरूको भनाइ छ। 'कर्मचारीलाई तलब खुवाउन नपुग्ने अवस्था आउन लागिसक्यो,' ती अधिकारीले भने, 'यसरी भिआइपीलाई सुविधा बढाउँदै जाने हो भने ठूलो भार पर्छ, देशको अवस्था हेरेर मात्र सुविधा दिनुपर्छ।'

■ पूर्वप्रधानन्यायाधीशहरूबाटै कानुनको उल्लंघन



पूर्वप्रधानन्यायाधीशहरूले पनि सर्वोच्चकै आदेशविपरीत गाडी र चालक लिइरहेका छन्। पूर्वप्रधानन्यायाधीशहरू ओमप्रकाश मिश्र, गोपाल पराजुली, सुशीला कार्की, कल्याण श्रेष्ठ, रामकुमारप्रसाद साह, रामप्रसाद श्रेष्ठ, मीनबहादुर रायमाझी, दिलीप पौडेल तथा पूर्वकामु प्रधानन्यायाधीश दीपककुमार कार्कीले सर्वोच्चबाट गाडी, चालक र इन्धनको सुविधा लिइरहेका छन्। सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सेवा, सर्त र सुविधासम्बन्धी ऐन, २०७४ को दफा ७ (५)मा प्रधानन्यायाधीशलाई उपलब्ध गराएको सवारीसाधनको सुविधा कार्यकाल समाप्त भएको सात दिनसम्म मात्र पाउने व्यवस्था छ। ऐनको दफा ७ (६) अनुसार अवकाशप्राप्त न्यायाधीशले आफैंले खरिद गरी लैजान चाहेमा सो सवारीसाधनको किताबी मूल्य लिई हस्तान्तरण गर्न सकिने भनिएको छ।

२७ जेठ ०६८ को मन्त्रिपरिषद्बाट पूर्वप्रधानन्यायाधीलाई एउटा सवारीसाधन, मासिक ७५ लिटर इन्धन, सवारीचालक दिने निर्णय भएको थियो। जसलाई सर्वोच्चले नै खारेज गरिसकेको छ। गत वर्ष मात्र पूर्वप्रधानन्यायाधीशहरूलाई सर्वोच्चले नयाँ गाडी दिएर पुरानो गाडी फिर्ता गरेको थियो। पूर्वप्रधानन्यायाधीश पराजुलीले त आफ्नै पदमै हुँदा नयाँ गाडी किनेर अवकाशपछि लगेका थिए। कामुमै अवकाश पाएकाले यस्तो सुविधा नपाउनेमा ६ महिनाभन्दा लामो समय कामु भएर काम गरेकालाई पूर्वप्रधानन्यायाधीशसरह नै सुविधा दिने निर्णय गत असोजमा सरकारले गरेको थियो।

वेश्यावृत्तिमा...

पृष्ठ १ बाट क्रमशः

अमेरिकी डलर कमाइ हुने प्रलोभनमा युगान्डाबाट युवतीलाई नेपाल ल्याउँदै आएकी थिइन्। उनीहरूलाई काठमाडौंका होटेलमा वेट्रेस र क्लिनरको काम लगाउने भनिएको थियो। तर, काठमाडौं आएपछि वेश्यावृत्तिमा लगाइएको थियो। सोहीमध्येकी एक युवतीले प्रहरीमा जाहेरी दिएपछि तथ्य बाहिरिएको थियो।

नतासाले वेट्रेस र क्लिनरमा प्रतिमहिना पाँच सय अमेरिकी डलर कमाइ हुने प्रलोभनमा युगान्डादेखि काठमाडौंसम्म युवती ल्याएको ब्युरोका प्रवक्ता एसपी कृष्ण पंगेनीले बताए। 'वेश यावृत्तिमा युगान्डाकी युवती संलग्न भएको भेटिएको छ। उनीहरूलाई युगान्डाकै युवतीले प्रतिमहिना पाँच सय डलर कमाइ हुने प्रलोभनमा काठमाडौं ल्याएको खुलेको छ। वेट्रेस र क्लिनरको काममा प्रयोग गर्न ल्याइए पनि उनीहरूलाई वेश्यावृत्तिमा लगाइएको देखिन्छ। जसमध्ये एकजनाको जाहेरी परेको छ। सम्पर्कमा आएका अन्यसँग बयान जारी छ,' उनले भने।

प्रहरीका अनुसार नतासा पछिल्लोपटक गत २२ मंसिरमा नेपाल आएकी थिइन्। पर्यटन भिसामा नेपाली आएकी उनी ठमेलस्थित होटेल जर्नी होममा बस्दै आएकी थिइन्। युगान्डादेखि ल्याएकी युवतीलाई पनि उनले सोही होटेलमा राखेकी थिइन्। सम्पर्कमा आएका ग्राहकसँग उनले प्रतिरात चार हजारदेखि पाँच हजार रुपैयाँसम्म लिने गरेको प्रहरीले जनाएको छ। धन्दामा लगाउन उनले अन्य युवतीलाई पनि पर्यटन भिसामै नेपाल ल्याउने गरेको अनुसन्धानबाट खुलेको छ।

उपरथी शाहीलाई...

पृष्ठ १ बाट क्रमशः

यसरी सुरु भएको थियो विवाद

सेनाले उपरथी शाहीलाई १५ दिनअघि नै गत २० पुसबाट लागू हुने गरी अनिवार्य अवकाशमा जान पत्र दिएको थियो। तर, सेवाबाट अवकाश हुन अझै वर्ष दिन बाँकी रहेको दाबी गर्दै सेनाको पत्रविरुद्ध शाही सर्वोच्च अदालत गए। सर्वोच्चले २० पुसमा अवकाश दिने पत्र तत्काल कार्यान्वयन नगर्न सेनालाई आदेश गऱ्यो। अदालतको आदेशपत्र बोकेर २० पुसमा जंगी अड्डा पुगेका शाहीलाई तत्कालै सैनिक प्रहरीले पक्राउ गरेका थियो। त्यसवेला शाहीलाई आर्थिक अनियमितता गरेको अभियोग लगाइएको थियो। पछि सोही मुद्दामा महासेनानी शाह र प्रमुख सेनानी तिमल्सिना जोडिएका थिए।

सेनामा उपरथीको अवकाश उमेरहद ५७ वर्ष छ। सैनिक जंगी अड्डाका अनुसार उनी २० पुसमा ५७ वर्ष पुग्छन्। तर, नागरिकता प्रमाणपत्रमा उनको जन्ममिति २२ पुस ०२३ उल्लेख छ। यसअनुसार उनी अहिले ५५ वर्ष ११ महिना २८ दिनको मात्रै भएको देखिन्छ। यसलाई आधार मान्दा उनको अवकाश लिने अवधि अझै एक वर्ष दुई दिन बाँकी भएको देखिन्छ। बुढालीनकण्ठ विद्यालयमा भर्ना हुँदा शाहीको जन्ममिति २२ पुस ०२३ नै उल्लेख छ। ३० चैत ०७४ मा सेनाले लिएको राय बोर्डमा समेत उनको जन्ममिति २२ पुस ०२३ नै उल्लेख छ। यसैलाई आधार मानेर सर्वोच्चले मुद्दा विचाराधीन रहेको भन्दै शाहीको २० पुसमा हुने अवकाश कार्यान्वयन नगर्न आदेश गरेको थियो।

सेनाले बुझेन सर्वोच्चको आदेश

महासेनानी शाह र प्रमुख सेनानी तिमल्सिना सैनिक हिरासतमा परेपछि सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन परेको थियो। सर्वोच्चले बुधबार नै हिरासतमा राखिएका शाह र तिमल्सिनालाई तीन दिनभित्र अदालतमा हाजिर गराउन आदेश दिएको थियो। आदेश तामेली गर्न बिहीबार बिहानै सर्वोच्चका कर्मचारी जंगी अड्डा भद्रकाली पुगे। तर, कोही कर्मचारी नभएको बहाना बनाएर सेनाले सर्वोच्चको पत्र नै दर्ता गरेन। सर्वोच्चका कर्मचारी दिनभर पत्र बोकेर जंगी अड्डाको रिसेप्सनमै ढुकेर बसे। साँझसम्म पनि दर्ता नभएपछि कर्मचारी पत्रसहित फिर्ता भए। तर, सैनिक प्रवक्ता सहायक रथी भण्डारीले सर्वोच्चको पत्र दर्ता भएको दाबी गरे। उनले भने, 'सर्वोच्च अदालतको आदेश सेनाले नमान्ने विषय नै भएन। त्यसो हुँदा पत्र दर्ता नहुने कुरै भएन। मैले बुझेको यत्ति हो।'

आठ वर्षपछि...

पृष्ठ १ बाट क्रमशः

आइसिसीले कोरोना महामारीका कारण छनोट खेल आयोजना नै गरेन। आइसिसीले पछिल्ला पाँच संस्करणको नतिजाका आधारमा युएईलाई नै विश्वकपमा स्थान दिलाएको थियो। यसपटकको आइसिसी यू-१९ विश्वकप एसिया छनोटमा नेपाल, युएई, मलेसिया, हङकङ, सिंगापुर र कुवेत प्रतिस्पर्धामा थिए। नेपालले लगातार चार खेलमा विपक्षीमाथि सानदार जित निकाल्यो। पाँचौं खेलमा जित निकाल्न नेपालले मिहिनेत गर्नुपऱ्यो।

यू-१९ विश्वकपमा नेपाल 'जायन्ट किलर'

यू-१९ विश्वकपमा नेपालले जायन्ट किलर (अस्वाभाविक रूपमा ठूला राष्ट्रलाई हराउने) उपनाम पाएको छ। सन् २००० यता आठौंपटक विश्वकपमा छनोट भएको नेपालले कुनै न कुनै टेस्ट मान्यता राष्ट्रलाई हराएको छ। पहिलोपटक सन् २००० को विश्वकपमा सुपर लिगको समूह २ बाट माथि जान नसकेको नेपाल सन् २००२ मा युथ एसिया कप विजेताकै रूपमा छनोट भयो। न्युजिल्यान्डमा भएको विश्वकपको समूह सीमा अन्तिम दुईमा परेपछि नेपालले प्लेट च्याम्पियनसिप खेल्यो। प्लेट च्याम्पियनसिपको समूह २ मा विजेता बनेको नेपालले सेमिफाइनलमा बंगलादेशलाई पराजित गऱ्यो। फाइनलमा नेपाल जिम्बाबेसँग पराजित भयो।

युथ एसिया कप जितेपछि नेपाल २००४ को यू-१९ विश्वकपमा छानियो। नेपालले समूह डीमा दक्षिण अफ्रिकालाई हराएको थियो। यद्यपि, शीर्ष दुईमा नेपालले स्थान बनाउन सकेन। सन् २००६ मा कपको विजताका आधारमा नेपाल यू-१९ विश्वकप खेल्न अवसर पायो। नेपालको यू-१९ विश्वकप इतिहासमा यो संस्करण अहिलेसम्मकै ऐतिहासिक हो। कनिष्क चौगाईंको कप्तानीमा नेपालले प्लेट च्याम्पियनसिपको उपाधि जितेको थियो। त्यसवेला नेपाली टोलीमा पारस खड्का र ज्ञानेन्द्र मल्ल थिए। नेपालले समूह डीमा जिम्बाबे र इंग्ल्यान्डसँग हारको सामना गऱ्यो। नेपालले आयरल्यान्डलाई पराजित गरेको थियो। समूहमा अन्तिम दुईमा रहेको नेपाल प्लेट च्याम्पियनसिपमा पुगेको थियो। प्लेट च्याम्पियनसिपको क्वार्टरफाइनलमा नेपालले युगान्डा र सेमिफाइनलमा दक्षिण अफ्रिकालाई हरायो। उपाधि भिडन्तमा नेपालले न्युजिल्यान्डलाई हराउँदै ऐतिहासिक रूपमा प्लेट च्याम्पियनसिप उपाधि उचाल्यो। सन् २००८ को विश्वकपअन्तर्गत प्लेट च्याम्पियनसिपको फाइनलमा नेपाल वेस्ट इन्डिजसँग पराजित भयो। सन् २०१० मा नेपाल छनोट नै भएन। सन् २०१२ मा पहिलो चरणमै रोकियो। सन् २०१४ मा नेपालले विश्वकपमा स्थान बनाउन सकेन।

सन् २०१६ मा बंगलादेशमा आयोजना भएको विश्वकपमा नेपाली टोली क्वार्टरफाइनलमा पुगेको थियो। नेपाल समूह डीको उपविजेता हुँदै अन्तिम आठमा पुगेको थियो। क्वार्टरफाइनलमा बंगलादेशले नेपाललाई ६ विकेटले पराजित गरेको थियो।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आह्वान सम्बन्धी ७ (सात) दिने सार्वजानिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आह्वान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ग्रोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु ग्रोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुऱ्याई गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईएछ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	अमृत बहादुर बस्नेत स्थायी ठेगाना: दोलखा जिल्ला, क्षेत्रपा गा.वि.स. वडा नं. ८ हालको ठेगाना: काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३१, बाग्बजार बाबु: राम बहादुर बस्नेत बाजे: बम बहादुर बस्नेत	शंकर बहादुर बस्नेत स्थायी ठेगाना: दोलखा जिल्ला, क्षेत्रपा गा.वि.स. वडा नं. ८ हालको ठेगाना: काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३१, बाग्बजार बाबु: राम बहादुर बस्नेत बाजे: बम बहादुर बस्नेत
	धितोको विवरण	
	१) सवारी मोडेल: TATA MOTOR LPK 909 BODYBUILT TIPPER BS-III	च्यासीस नं.: MAT454201H7C05354	इन्जिन नं.: 497TC92CSY810224	सवारी दर्ता नं.: बा ५ रा ८२५ २) बम बहादुर बस्नेतको नाती, राम बहादुर बस्नेतको छोरा, दोलखा जिल्ला, क्षेत्रपा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला,का.म.न.पा. वडा नं. ३१, बाग्बजार बस्ने अमृत बहादुर बस्नेतको नाममा मालपोत कार्यालय चरिकोट, दोलखाको लगतमा दर्ता कायम रहेको दोलखा जिल्ला, क्षेत्रपा गा.वि.स. वडा नं.- ८ (हाल बैतेश्वर गा.पा. वडा नं-८) स्थित कित्ता नं. ४८२ र ४८३ को क्षेत्रफल ३४१०.०० र ७५५.०० (ब.मी.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	ऋणीको विवरण	**धितोको विवरण**
२)	सिंग बहादुर मल्ल ठेगाना : मुगु जिल्ला, छायाँनाथ रारा न.पा. वडा नं. १ बाबु : दिप बहादुर मल्ल बाजे : कुमेर बहादुर मल्ल	दामा मल्लको नाति, कुमेर बहादुर मल्लको छोरा, मुगु जिल्ला, श्रीनगर गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल मुगु जिल्ला , छायानाथ रारा न.पा. वडा नं. १ बस्ने दिप बहादुर मल्लको नाममा मालपोत कार्यालय मुगुको लगतमा दर्ता कायम रहेको मुगु जिल्ला, श्रीनगर गा.वि.स वडा नं. ४स (हाल छायाँनाथ रारा न.पा. वडा नं. १) स्थित कित्ता नं. ९३३ को क्षेत्रफल १६०२.५० (व.मि)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) दिप बहादुर मल्ल स्थायी ठेगाना : मुगु जिल्ला, श्रीनगर गा.वि.स वडा नं. २ हालको ठेगाना : मुगु जिल्ला, छायाँनाथ रारा न.पा. वडा नं. १ बाबु : कुमेर बहादुर मल्ल बाजे : दामा मल्ल	**२) श्रृजना मल्ल** स्थायी ठेगाना: मुगु जिल्ला , श्रीनगर गा.वि.स वडा नं. १ हालको ठेगाना : मुगु जिल्ला, छायाँनाथ रारा न.पा. वडा नं. १ बाबु : कार्मा तामाङ ससुरा : दिप बहादुर मल्ल पति : सिंग बहादुर मल्ल
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
३)	नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, रुपन्देहीमा प्रा.फ.र.नं. ३४९२३/०७१ भारत आयात अन्तर्गत मिति २०७१/१२/०९ मा प्राईमेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. १ स्थित **सिद्धिका ग्रण्ड सन्स जनरल सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : संजय शर्मा** स्थायी ठेगाना: रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. १ हालको ठेगाना: रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. १ बाबु: नित्यानन्द शर्मा बाजे: ऋषिराम शर्मा	**सीला शर्मा** स्थायी ठेगाना: रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. १ हालको ठेगाना: रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. १ बाबु: सुरेश प्रसाद ज्ञवाली ससुरा: नित्यानन्द शर्मा पति: संजय शर्मा
	धितोको विवरण	
	१) ऋषिराम शर्माको नाती, नित्यानन्द शर्माको छोरा, रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. १ बस्ने संजय शर्माको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ स्थित कित्ता नं. २५७, ९८७ र ९८८ को क्षेत्रफल क्रमशः २७९.४५, ९८९.४० र ९.९० (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सिद्धिका ग्रण्ड सन्स जनरल सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	**धितोको विवरण**
४)	**लोक राज शाही** स्थायी ठेगाना : जाजरकोट जिल्ला, लहं गा.वि.स. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ८ बाबु : सोमराज शाही बाजे : शिवधन शाह	शिवधन शाहको नाती, सोमराज शाहीको छोरा, जाजरकोट जिल्ला, लहं गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ८ बस्ने लोक राज शाहीको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको, बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ९ (हाल बाँसगढी न.पा. वडा नं. ८) स्थित कित्ता नं. २२२५ को क्षेत्रफल ४२२.०० (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) विश्वमाया शाही स्थायी ठेगाना : जाजरकोट जिल्ला, लहं गा.वि.स. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ८ बाबु : सोमराज शाही बाजे : शिवधन शाह	**२) सोमराज शाह** स्थायी ठेगाना : जाजरकोट जिल्ला, सक्ला गा.वि.स. वडा नं. १ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ८ बाबु : शिवधन शाह	**३) ईश्वरा कुमारी शाही** स्थायी ठेगाना : जाजरकोट जिल्ला, लहं गा.पं. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ८ ससुरा : शिवधन शाह पति : सोमराज शाही

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लाग्नु हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै त्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

गण्डकी प्रदेश सरकार
कृषि, ऊर्जा तथा जलश्रोत मन्त्रालय
जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
गोरखा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०७९/११/१५ (3rd March 2023)

यस कार्यालयबाट मिति २०७९/०८/२७ मा प्रकाशित सूचना अनुसार E-

का.जि.द.नं.१२८/०६३/६४, म.ले.प.नि.द.नं. १७/०६९/०७०
शुक्रबार १९ फागुन ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका

मुख्य प्रायोजकविनै आजदेखि 'ए' डिभिजन लिग

सहिद स्मारक ए डिभिजन लिग सुरु हुने अघिल्लो दिनसम्म एन्फाले मुख्य प्रायोजकसमेत पाएको छैन, काठमाडौंका मेयर बालेन्द्र साहले उद्घाटन गर्ने लिगको पहिलो खेलमा खुमलटारले फ्रेन्ड्स क्लबको सामना गर्दै

रमेश सुवेदी/नयाँ पत्रिका
काठमाडौं, १८ फागुन

सहिद स्मारक 'ए' डिभिजन लिग ०७९/८० मुख्य प्रायोजनविना आयोजना हुने भएको छ। काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन)लाई मुख्य अतिथि बनाउँदै अखिल नेपाल फुटबल संघ (एन्फा)ले मुख्य प्रायोजकविहीन लिग शुक्रबारबाट सुरु गर्दै छ। दशरथ रंगशालामा हुने उद्घाटन खेलमा नवप्रवेशी खुमलटार युथ र फ्रेन्ड्स क्लबबीच प्रतिस्पर्धा हुनेछ। लिग सुरु हुन २४ घन्टाअघिसम्म पनि एन्फाले मुख्य प्रायोजकको टुंगो लगाएको छैन। 'हामीले भर्खर मात्रै बैठक बस्यौं। मुख्य प्रायोजक टुंगो लागेन,' एन्फाका एक उच्च अधिकारीले नयाँ पत्रिकासँग भने।

लिगको पूर्वसन्ध्यामा एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङसहित लिग सञ्चालन समितिको दशरथ रंगशालामा बैठक बसेको थियो। खेलको अघिल्लो रातसम्म मैदानमा मुख्य प्रायोजकको प्रचार गरिएको छैन। रंगशालाको मुख्य द्वारमा १४ सहभागी क्लबका लोगो सम्मिलित पोस्टरबाहेक कहीं कतै कुनै प्रचार छैन। प्रचारका लागि मैदानमा राखिने रनिङ बोर्ड अझै तयार छैन, प्यारापिटमा कुनै विज्ञापन छैन। फुटबलकै मेरुदण्ड मानिने ए डिभिजन लिगको उद्घाटन हुने दशरथ रंगशाला २४ घन्टाअघिसम्म सुनसान छ।

एन्फाले मुख्य प्रायोजकका लागि २ करोडको टेन्डर आह्वान गरेको थियो। भारतीय कम्पनी हन्ड्रेट स्पोर्ट्सले एक करोड ५० लाखमा प्रस्ताव राख्दा एन्फाले रद्द गऱ्यो। यसपछि कुनै पनि संघ संस्थाले मुख्य प्रायोजक बन्ने मनसाय राखेका छैनन्।

यसअघि कर्माछिरिङ शेर्पाले आफ्नो चारवर्षे कार्यकालमा तीनपटक ए डिभिजन लिग आयोजना गरेका थिए। ०७५ सालको विनारेलिगेसन लिगमा मुख्य प्रायोजक पल्सर बनेको थियो। ०७७ र ०७८ मा कतार एयरवेजसँग सम्झौता भएको थियो। एक वर्ष कोरोनाका कारण लिग हुन सकेन। कतारले मंसिरमा आयोजना गरेको विश्वकप फुटबल प्रतियोगितापछि अन्य कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रायोजनको त्यति चासो राखेको छैन। गत असारको चुनावमा अध्यक्ष नेम्वाङ र उनका सल्लाहकार नवीन पाँडेले कतारले अनुदानमा पठाएको मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीको चर्को आलोचना गरेपछि कतार मुख्य प्रायोजक दिने मनसायमा छैन। 'तत्काललाई कतार इच्छुक छैन, बाँकी पछि के हुन्छ, हेर्दै जाऊँ,' एन्फाका ती सदस्यले भने। नेम्वाङ अध्यक्ष भएयता एन्फाले पहिलोपटक लिग आयोजना गर्दै छ। पाँच महिना चल्ने भनिएको डबल राउन्ड रोबिनको लिग सम्पन्न गर्न १२ करोड खर्च हुने एन्फाको अनुमान छ।


फाइल तस्बिर

■ क्लबको खर्च करोडमाथि

साबिक विजेता मच्छिन्द्र फुटबल क्लब, उपविजेता त्रिभुवन आर्मी, न्युरोड टिम (एनआरटी), सातदोबाटो युथ, मनाङ मर्स्याङ्दी, थ्री स्टार, संकटा, एपिएफ फुटबल, जावलाखेल युथ, हिमालयन शेर्पा, नेपाल पुलिस, फ्रेन्ड्स र नवप्रवेशी क्लब चर्च ब्वाइज युनाइटेड तथा खुमलटारबीच लिगमा प्रतिस्पर्धा हुनेछ। यसपटक हरेक क्लबले एक करोडमाथि लगानी रहेको बताएका छन्। लिग जित्ने दाबी गरेका मच्छिन्द्र, खुमलटार, चर्च, संकटा, मनाङले दुई करोडमाथि खर्च हुने अनुमान गरेका छन्। रेलिगेसन टार्न मात्रै पनि एक करोड खर्च हुने क्लबले जनाएका छन्। 'यसपटक ठूला खेलाडी अनुबन्ध नगर्दा पनि दुई करोडमाथि खर्च जाने देखिएको छ,' मनाङका अध्यक्ष विजय घलेले भने।

पाँच विदेशी खेलाडी हुने

नेपालका भरपर्दा सिनियर तथा युवा खेलाडीको विदेश पलायनपछि एन्फाले लिगमा पाँच विदेशी खेलाडी अनुबन्ध गर्ने निर्णय गरेको छ। सोहीअनुसार सहभागी १४ क्लब (विभागीय आर्मी, पुलिसबाहेक)ले पाँच खेलाडी अनुबन्ध गर्ने अन्तिम चरणमा छन्। एनआरटी, खुमलटार, मच्छिन्द्रले पाँच-पाँच खेलाडी अनुबन्ध गरिसकेका छन्। यसअघि एन्फाले चार विदेशी खेलाडीमा एक दक्षिण एसियाली खेलाडी अनिवार्य गरेको थियो। यसपटक एक एसियन कोटा थप गरिएको छ। तर, खेलअवधिभर मैदानमा चार विदेशी खेलाडी मात्रै खेल्न पाउनेछन्। यसपटक पनि विभागीय टोली आर्मीले विदेशी खेलाडी राख्नेछैन। एपिएफले अघिल्लो सिजन नै विदेशी खेलाडी खेलाएको र सोही खेलाडीलाई यसपटक मैदान उतार्ने तयारी गरेको छ। पुलिससमेत यसपटक विदेशी खेलाडी भित्र्याउन अन्तिम तयारीमा लागेको छ।

खुमलटार र फ्रेन्ड्स भिड्दै

उद्घाटन खेलमा मैदान उत्रनुअघि खुमलटार र फ्रेन्ड्सले जित निकाल्ने दाबी गरेका छन्। पहिलोपटक ए डिभिजन लिग खेल्दै गरेको खुमलटारले डेब्यु च्याम्पियन बन्ने दाबी गरेको छ। खुमलटारका सिइओ विदुर श्रेष्ठले राम्रो तयारी भएको र उपाधि जित्ने लक्ष्य रहेको दाबी गरे। 'हामीले राम्रो तयारी गरेका छौं। युवा खेलाडी र विदेशी खेलाडीको राम्रो तालमेल छ। लिग जित्ने लक्ष्य छ,' उनले भने। क्लब कप्तान रेजिन सुब्बाले राम्रो तयारी भएको बताए। फ्रेन्ड्सका कप्तान उर्जन श्रेष्ठ र कप्तान प्रकाश बुढाथोकीले राम्रो तयारी भएको जनाए। 'हामीले राम्रो तयारी गरेका छौं। केही मैत्रीपूर्ण खेलसमेत भएको छ। अभ्यासमा भएको गल्ती सुधार गर्दै पहिलो खेलमा राम्रो खेल्नेछौं,' प्रशिक्षक श्रेष्ठले भने। कप्तान प्रकाशले अनुभवी खेलाडीबाट राम्रो नतिजा आउने बताए। ०७८ सालमा १२औं स्थानमा रहँदै फ्रेन्ड्स रेलिगेसनबाट जोगिएको थियो। दुई टोलीबीचको उद्घाटन खेल साँझ साढे ५ बजे दशरथ रंगशालामा हुनेछ।

खेल संक्षेप

एलए र लोयल्टी फाइनलमा

काठमाडौं/ साबिक विजेता लिटिल एन्जल्स (एलए) र आयोजक लोयल्टी एकेडेमी ११औं लोयल्टी कप अन्तर्विद्यालय जुनियर छात्र फुटबल प्रतियोगितामा बिहीबार फाइनलमा प्रवेश गरेका छन्। मण्डिखाटारस्थित आयोजक लोयल्टीको मैदानमा एलएले विद्या संस्कारलाई १-० ले पराजित गऱ्यो। एलएका अमृत बानियाँले निर्णायक गोल गरे। लोयल्टीले त्रिज्योतिलाई ३-० गोलले हरायो। लोयल्टीका साहिल राई र रोसिस अधिकारीले समान एक-एक गोल गरे। त्रिज्योतिका कृश्चल यमयम 'म्यान अफ दी म्याच' चुनिए।

शान्ता र कन्या अन्तिम दुईमा

कास्की/ छात्रातर्फ साबिक विजेता शान्ता मावि र कन्या मावि पाँचौं जिल्लास्तरीय सृजना कप भलिबल प्रतियोगिताको फाइनल पुगेका छन्। यसैगरी, छात्रतर्फ राष्ट्रिय मावि र ब्रह्मरूपा माविले उपाधि भिडन्त पक्का गरेका छन्। प्रतियोगिताको बिहीबार छात्रातर्फको पहिलो सेमिफाइनलमा शान्ताले जनप्रियलाई २५-१७, २२-२५ र २५-१७ को सेटमा पराजित गरेको हो। कन्याले इन्द्राज्यलक्ष्मी माविलाई २५-८ र २५-८ को सोझो सेटमा हरायो।

ह्विलचेयर क्रिकेट टोलीको घोषणा

काठमाडौं/ भारतको गुजरातमा हुने ह्विलचेयर क्रिकेट प्रतियोगितामा सहभागी हुने नेपाली टोलीको बिहीबार घोषणा गरिएको छ। नेपाल पारा ओलम्पिक कमिटीले सानोगौचरणमा पत्रकार सम्मेलन गर्दै १२ खेलाडीको नाम सार्वजनिक गरेको हो। छनोट भएका खेलाडीमा हिमालय अर्याल (कप्तान), रामबहादुर तामाङ, राजु गुरुङ, दानबहादुर थिङ, सागर पाण्डे, डिगमसिंह चेम्जोङ, दीपक तिमल्सेना, सोम राई, फणिनारायण पौडेल, रमेश खत्री, बरुण मगर र राजु कटवाल रहेका छन्। प्रशिक्षकमा भरत कार्की छन्।

रोड रेस हुने

काठमाडौं/ रन क्लब नेपालको आयोजनामा चौथो मदन भण्डारी स्मृति ठमेल रोड रेस ४ चैतमा हुने भएको छ। प्रतियोगितामा विभिन्न चार विधामा प्रतिस्पर्धा हुने आयोजक क्लबका अध्यक्ष सन्तोष श्रेष्ठले जनाएका छन्। प्रतियोगितामा पाँच किलोमिटर दूरीमा दौड हुनेछ। खुला दौडका विजेताले २५ हजार, दोस्रोले १२ हजार र तेस्रो स्थानमा रहने खेलाडीले आठ हजार रुपैयाँ पाउनेछन्। स्कुलतर्फ पहिलो हुनेले १० हजार, दोस्रोले पाँच हजार र तेस्रो हुने खेलाडीले तीन हजार रुपैयाँ हात पार्नेछन्।

■ बुढासुब्बा गोल्डकप

एभिनियरले केएफटिसीको सामना गर्दै



देवेन्द्र कार्की/नयाँ पत्रिका
धरान, १८ फागुन

२३औं बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा क्यामरुनी फुटबल टोली एभिनियर र काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टर (केएफटिसी) बीच प्रतिस्पर्धा हुने भएको छ। बिहीबार भएको अन्तिम सेमिफाइनलमा एभिनियरले एन्फा मोरङलाई २-० ले हराउँदै फाइनल स्थान सुरक्षित गरेको छ। जितसँगै केएफटिसी र एभिनियरबीच उपाधि भिडन्त हुने भएको छ। केएफटिसीले भारतीय टोली युकेएफसीलाई हराएको थियो। प्रतियोगिताको फाइनल शनिबार हुनेछ।

एभिनियरको जितमा खेलको ४५औं मिनेटमा डिम्बाले एक गोल गरेका थिए। एभिनियरले थप एक गोल एन्फा मोरङबाट आत्मघाती रूपमा पायो। मोरङका सुजन चौधरीले ८५औं मिनेटमा आत्मघाती गोल गरेका थिए। खेलमा म्यान अफ दी म्याच एभिनियरका जिन जियोन घोषित हुँदै १० हजार रुपैयाँ जितेका छन्। शारीरिक रूपमा बलियो क्यामरुनी टोलीसँग मोरङले राम्रो खेल प्रदर्शन गर्न सकेन।

खेलको २२औं मिनेटमा मोरङले अग्रता लिने राम्रो अवसर चुकाएको थियो। सागर विकले दिएको पासमा सञ्जय धिमालले सहज गोल अवसर चुकाएका थिए। मोरङका गोलरक्षक प्रनिजय गच्छदारले क्यामरुनका दर्जनौं प्रहार विफल पारेका थिए।

नेपालको अपराजित यात्रामा ब्रेक लाग्यो

नयाँ पत्रिका
काठमाडौं, १८ फागुन

आइसिसी पुरुष विश्वकप लिग-२ सिरिज क्रिकेट प्रतियोगितामा नेपालको विजय यात्रा रोकिएको छ। लगातार पाँच खेल जित निकालेको नेपालको अर्को स्पष्ट दुई अंक जोड्ने सपना युएईले तोडेको छ। दुबईमा भएको खेलमा युएईले नेपाललाई ६८ रनको फराकिलो अन्तरले हरायो। हारसँगै शीर्ष तीन र पाँचको दाबी गरिरहेको नेपालको यात्रामा धक्का लागेको छ। युएई र नेपालले समान ३० खेल खेलेका छन्। युएईले नेपालमाथि महत्त्वपूर्ण जित निकाली दुई अंक बटुल्यो।

युएई ३१ अंकका साथ पाँचौं स्थानमा छ। नेपाल ३१ अंकका साथ छैटौं स्थानमा छ। युएईले पाँचौं स्थानमा रहेको नेपाललाई तीन अंकले पछि पारेको छ। नेपालले १३ जित र १५ हारको सामना गरेको छ। युएईले १४ जित र १३ हार व्यहोरेको छ। विश्वकप लिग-२ को शीर्ष तीनमा रहने राष्ट्रहरू सीधै विश्वकप छनोट खेल्नेछन्। पाँचौं स्थानमा रहने टोलीको एकदिवसीय मान्यता जोगिनेछ। छैटौं र सातौं स्थानमा रहने राष्ट्रहरूले एकदिवसीय मान्यता गुमाउनेछ।

नेपाल एक सय ३९ रनमै समेटियो

पहिलो ब्याटिङ गरेको युएईले निर्धारित ५० ओभरमा आठ विकेट गुमाउँदै दुई सय सात रनको मध्यम योगफल बनाएको थियो। नेपालले युएईलाई मध्यम योगफलमा रोक्दा लगातार छैटौं जित निकाल्ने सम्भावना बढेको थियो। तर, म्यान अफ दी म्याच रोहन मुस्तफा र मेयाप्पनले घातक बलिङ गरेपछि नेपाली ब्याट्सम्यान ३१.५ ओभरभन्दा बढी टिकेनन्।

नेपालले सबै विकेट गुमाउँदा स्कोर बोर्डमा केवल एक सय ३९ रन मात्र बनाएको थियो। रोहनले १० ओभरमा दुई मेडन राखी तीन विकेट लिए। उनले आफ्नो इनिङ्समा दुई मेडन ओभर गरेका थिए। यसैगरी, मियाप्पनले ८.५ ओभरमा २६ रन खर्चेर नेपालका महत्त्वपूर्ण विकेट हात पारे। उनले एक मेडन ओभर फ्याँके।

आइसिसी पुरुष विश्वकप लिग-२ को बिहीबार भएको खेलमा युएईसँग नेपाल ६८ रनले पराजित

कुशल मात्र टिके

नेपालको कमजोर ब्याटिङमा मध्यक्रममा कुशल मल्ल मात्र टिके। उनले नेपालका लागि सर्वाधिक ६० रनको योगदान दिए। आक्रामक ब्याटिङ गरेका कुशलले ५३ बलमा नौ चौका र एक छक्का प्रहार गरेका थिए। नेपालका ओपनरद्वय कुशल भुर्तेल र आसिफ शेखले पहिलो विकेटका लागि १.२ ओभरमा १२ रन जोडेका थिए।

यसपटक युएईसँगको प्रतिस्पर्धामा नेपालका कुशलबाहेक अन्य ब्याट्सम्यान लामो समय क्रिजमै बसेनन्। नेपालका पूर्वकप्तान ज्ञानेन्द्र मल्ल, कप्तान रोहितकुमार पौडेल तथा आरिफ शेख डकआउट भए। शेखले १० बल, मल्लले ६ बल तथा पौडेलले दुई बलको सामना गरेका थिए। कुशल आउट हुँदा नेपाल १८.१ ओभरमा ९३-६ को स्थितिमा थियो। नेपालको इनिङ्समा अर्का पूर्वकप्तान सन्दीप लामिछानेले २४ बलमा चार चौकाको सहयोगमा २६ रन बटुले। सन्दीपले आफ्नो उत्कृष्ट फर्मलाई जारी राखेका छन्। उनले १० ओभर बलिङ गर्दै सर्वाधिक तीन विकेट लिए।

नेपाल सरकार
नेपाल ट्रस्टको कार्यालय
कमलादी, काठमाडौं

गोकर्ण राजनिकुञ्जस्थित नाला तथा बाटोमा वर्षाको भेलले बगाएर ल्याएको बालुवा, माटो सफा गरी बिक्रीका लागि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०७९।११।१९ गते

गोकर्ण राजनिकुञ्जस्थित नाला तथा बाटोमा वर्षाको भेलले बगाएर ल्याएको बालुवा, माटो सफा गरी तोकेको दरमा बिक्री गर्ने गरी शिलबन्दी दरभाउपत्र प्रथम पटक मिति २०७९।०९।१५ गते सूचना प्रकाशन गरिएकोमा प्राप्त शिलबन्दी दरभाउपत्र कानुन बमोजिम ग्राह्य नरहेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम ९क को मर्म अनुसारसमेत नहुने देखिएकाले उक्त शिलबन्दी दरभाउपत्र रद्द गरी नयाँ शिलबन्दी दरभाउपत्र बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म वा कम्पनीहरूले आवश्यक कागजात खरिद गरी पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

क्र.सं.	शिलबन्दी दरभाउपत्र नं.	बोलपत्रको नाम	न्यूनतम शिलबन्दी दरभाउपत्र रकम (मु.अ.कर बाहेक)	शिलबन्दी दरभाउपत्र दस्तुर
१.	01/SQ/REVENUE/NTO/079/80	गोकर्ण राजनिकुञ्जस्थित नाला तथा बाटोमा वर्षाको भेलले बगाएर ल्याएको बालुवा, माटो सफा गरी बिक्री गर्ने सम्बन्धमा।	रु. ४,५९,४२७।५२	रू. १,०००।-

● विस्तृत विवरण यस कार्यालयको Website : www.nepaltrust.gov.np मा हेर्न सकिनेछ।

आँबुखैरेनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

प्रकाशित मिति : २०७९/११/१५

यस गाउँपालिकाबाट तपसिल बमोजिम कार्यको लागि बोलपत्र आव्हान सूचना प्रकाशन गरिए अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र दाताले न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिनआएकोले मुल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	सूचना प्रकाशन मिति	फर्मको नाम, ठेगाना	कवोल अंक मु.अ.कर र प्रोभिजनल सम बाहेक रु.
१	AKRM/APCW/NCB/17/2079/080	AainaPark Purbadhar Nirman Yojana	२०७९/०९/२९	श्री शुभ साहिल कन्स्ट्रक्सन, आँबुखैरेनी-२, तनहुँ	९८,९४,६२९।२१

आँबुखैरेनी गाउँपालिका

Tumbewa Rural Municipality
Office Of The Rural Municipal Executive
Mouwa, Panchthar
Koshi Province, Nepal

Invitation for Sealed Quotation

Date of first Publication: 2079/11/19 (03-03-2023)

Sealed Quotation Number: TRM/SQ/GOODS/2079/80-01

Invitation for Sealed Quotation for the procurement of Procurement Of Fabrication Package (Fabricated Steel Parts for Trail Bridge)

1. The Tumbewa Rural Municipality, Panchthar invites sealed quotations from registered Fabricator for the Procurement Of Fabrication Package (Fabricated Steel Parts for Trail Bridge) through Sealed Quotation
2. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
3. Eligible Fabricator may obtain further information and inspect the Sealed quotation Forms at the office of tumbewa. gaunpalika@gmail.com Pachthar, 9852620174/9852620186, tumbewa.gaunpalika@gmail.com. OR [may visit PPMO website www.bolpatra.gov.np.]
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Rs. 1000 in the following account i. Name of the Bank : Prime Bank Ltd., Tumbewa 3, Panchthar ii. Name of Account: Ga 1.1 Antarik Rajaswa Khata, Tumbewa Rural Municipality, Panchthar iii. Office Account No :07400241CA
5. Sealed bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 19-03-2023 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 19-03-2023 13:00 at the office of Tumbewa Rural Municipality, Panchthar tumbewa.gaunpalika@gmail.com Panchthar Province One Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 40000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[07400094 CA], Account Name: Ga 3.1 Dhaurati Khata, Tumbewa Rural Municipality at Prime Bank Ltd., Tumbewa 3, Panchthar and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
9. PPR 2064 clause shall be followed for the missed clause mention above.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com